# मेचीनगर नगरपालिकाको

# आवधिक शैक्षिक योजना

## आ व ०७९/०८०-०८८/०८९

# (*Periodic Educational Plan*)

<u>तयार गर्ने</u>

## मेचीनगर नगरपालिका

झापा जिल्ला, कोशी प्रदेश, नेपाल

# मेचीनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा यूवा तथा खेलकुद शाखा

ईटाभट्टा, झापा
कोशी, प्रदेश नेपाल

प.सं. ०८०/८१
च. नं. १८२१

मिति-२०८०/०८/१९

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर,

**विषय:- आवधिक शैक्षिक योजना तयार गरी पठाइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा मेचीनगर नगरपालिका झापाको आवधिक शैक्षिक योजना (०७९/०८० - ०८८/०८९) योजना तर्जुमा विषयगत समिति मार्फत तयार गरी पेश गरेकोमा मेचीनगर नगरपालिका नगरकार्यपालिकाको मिति २०८०/०६/०६ को बैठकको निर्णयानुसार स्वीकृत भई कार्यान्वयनका लागि पठाइएकोले योजनामा उल्लेखित कार्यक्रम कार्यान्वयनमा सहयोग र सहजीकरणका लागि अनुरोध छ ।

**बोधार्थ:**

श्री सामाजिक विकास मन्त्रालय
शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, विराटनगर- जानकारी तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र सहजीकरणका लागि अनुरोध छ ।

होमनाथ भण्डारी
उपसचिव

होमनाथ भण्डारी
उपसचिव

फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,

Web Site : www.mechinagarmun.gov.np, email :ito.mechinagarmun@gmail.com

# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा,झापा
कोशी, प्रदेश नेपाल


प. सं. ०८०/०८१

च. नं.

मिति- २०८०/०८/१८

विषय : प्रकाशनको शुभकामना

कुनै पनि देशको सम्पन्नताको आधार शिक्षा हो ।देश विकासका सबै ढोका खोली विकासका आयामहरु सञ्चालनका लागि शिक्षित र सीपयुक्त जनशक्तिको आवश्यक्ता पर्दछ ।हाम्रो देशको विकासमा व्यवसायिक र प्रविधिक शिक्षाको बहुआयामिक महत्व रहेको छ । विविध किसिमका कार्य गरी हाम्रो नगरलाई सभ्य र सुसँस्कृत बनाउन शिक्षित नागरिकले मात्र महत्वपूर्ण भुमिका खेल्न सक्दछ।अतः यी सबै पक्षमा उचित सम्बोधन गरी नगरलाई समृद्ध बनाउन सकिन्छ ।यी सबै कार्य पुरा गर्न व्यवस्थित योजनाले मात्र सम्भव हुने महशुस गरी मेचीनगर नगरपालिकाले आवधिक शैक्षिक योजना निर्माणको कार्य शुरु गरेको छ। प्रस्तुत योजनाले हाम्रा नगरवासीका असीमित शैक्षिक चाहानालाई सम्बोधन गर्ने कोशिस गरेको छ ।

प्रस्तुत शैक्षिक योजना निर्माणका क्रममा हामीलाई अमूल्य सुझाव दिनुहुने मेचीनगरका प्रमुख सरोकारवालाहरु नगरका जनप्रतिनिधि, वि.व्य.स. तथा शि.अ.संघका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, आम समुदायको सहयोग र सुझावका लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।योजना तयारीका क्रममा सुझाव सङ्कलन, लेखन, तथ्याङ्क सङ्कलन, विश्लेषण गरी दस्तावेज तयारीमा खटिनु हुने मेचीनगर नगरपालिका सामाजिक विकास समितिका संयोजक हृदय राजबंशी एंवम् योजना तर्जुमा विषयगत समितिका सबै पदाधिकारीहरुमा पनि हार्दिक धन्यवाद दिन चाहन्छु।योजना निर्माणका लागि जनशक्ति तयारी र दस्तावेज अध्ययन गरी सुझाव दिने शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

योजनामा उल्लिखित लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति तथा उक्त कार्यक्रम पुरा गर्न जिम्मेवारीमा रहने सङ्घीय सरकार, कोशी प्रदेश सरकार, पेशागत संघसंस्था, अन्य गैर सरकारी सङ्घसंस्थाहरु तथा आम सरोकारवालाहरुमा विगतभन्दा माथि उठेर मेचीनगरको शैक्षिक उन्नयनमा लाग्न हार्दिक आव्हान गर्दछु ।मेचीनगरवासी आम सरोकारवालाहरु र आम समुदायमा योजना कार्यान्वयनमा सक्रिय सहयोगको समेत अपेक्षा गर्दछु ।

असार, २०८०

गोपालचन्द्र बुढाथोकी

नगर प्रमुख, मेचीनगर नगरपालिका

इटाभट्टा, झापा

गोपाल चन्द्र बुढाथोकी
नगर प्रमुख


फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,

**Web Site : www.mechinagarmun.gov.np, email :ito.mechinagarmun@gmail.com**

# नगर कार्यपालिकाको कार्यालय

प.स.२०८०/०८१
च.न.

## शुभकामना

शिक्षा समाज परिवर्तन र समृद्धिको आधार हो । परिवर्तनका बाहक सबै जनता हुन् । जनताको वर्तमान अवस्थामा परिवर्तन गरी अपेक्षित उपलब्धी हासिल गर्न योजनाबद्ध विकास अनिवार्य शर्त हो । विकासका लागि सचेत, शिक्षित र सीपयुक्त जनशक्तिको आवश्यकता पर्दछ ।देश विकासमा व्यावसायिक र प्राविधिक शिक्षाको बहुआयामिक महत्त्व रहेको छ । नगरका बहुआयामिक आवश्यकता पूरा गर्न रसभ्य एवम् सुसंस्कृत नगरको रूपमा विकास गर्न योजनाबद्ध विकासको आवश्यकता पर्दछ । यस्तो योजनाको निर्माण र कार्यान्वयनमा सम्बद्ध सरोकारवाला निकायको महत्त्वपूर्ण भूमिका हुन जान्छ । हाम्रा सबै लक्ष्यहरु पूरा गर्न व्यवस्थित योजनाले मात्र सम्भव हुने महसुस गरी मेचीनगर नगरपालिकाले आवधिक शैक्षिक योजना निर्माणको कार्य सुरु गरिएको छ । प्रस्तुत योजनाको माध्यमबाट नगरको समग्र शैक्षिक विकास व्यवस्थित ढंगले अगाडि बढ्ने विश्वास लिइएको छ ।

प्रस्तुत शैक्षिक योजनाले विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चतता, बालबालिकाहरुको पठनपाठनमा नियमितता, विद्यालय शिक्षामा टिकाउ र निरन्तरता दिन सक्ने अपेक्षा गरिएको छ । शिक्षाका सरोकारवालाहरुको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्राप्तिको चाहनालाई उचित सम्बोधन गर्न दस्तावेज मूल्यवान रहने विश्वास लिइएको छ ।योजना तयारीका क्रममा सुझाव सङ्कलन, लेखन, तथ्याङ्क सङ्कलन, विश्लेषण गरी दस्तावेज तयारीमा खटिनु हुने मेचीनगर नगरपालिका सामाजिक विकास समितिका संयोजक हृदय राजवंशी साथै योजना तर्जुमा समितिका सबै पदाधिकारीहरुलाई योजना तर्जुमाका क्रममा निर्वाह गर्नुभएको भूमिकाका लागि हार्दिक धन्यवाद दिन्छु ।त्यसैगरी योजना निर्माणमा भूमिका निर्वाह गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सबैको सामूहिक प्रयत्नबाट तयार गरिएको यो दस्तावेज मेचीनगर नगरपालिकाका लागि महत्त्वपूर्ण सम्पति र ऐतिहासिक दस्तावेज बन्ने विश्वास लिएको छु । विश्वास छ सबैको सामूहिक प्रयत्नबाट दस्तावेजको प्रभावकारी कार्यान्वयनमा सफलता प्राप्त हुनेछ जसबाट समग्र मेचीनगरको शिक्षाको गुणस्तर वृद्धिमा सहयोग पुग्नेछ ।

असार, २०८०

मीना पोखरेल उप्रेती
उपप्रमुख, मेचीनगर नगरपालिका
मीना पोखेल उप्रेती
नगर उप-प्रमुख

फोन: ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७ , दमकल: ०२३-५६२५०४
Website: www.mechinagarmun.gov.np, email: mechinagarmun@gmail.com

# कार्यकारी सारांस

बालवालिकाहरुलाई विद्यालय शिक्षाको पहुँचमा पुऱ्याई सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य तथा सुसंस्कृत समाजको विकास गर्नु आजको अपरिहार्य आवश्यकता भएको छ ।नेपालको संविधान, २०७२ ले संघीय गणतन्त्रात्मक व्यवस्था सहित संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना रहने भनि उल्लेख गरेको छ ।साथै सो संविधान २०७२को अनुसूची ८ ले स्थानीय तहलाई आधारभुत र माध्यमिक शिक्षाको अधिकार प्रदान गरेको छ ।तदनुरुप सबै बालबालिकाका लागि विद्यालय शिक्षामा सहज पहुँच, नियमितता अभिवृद्धि, शिक्षा सम्बन्धी सरोकारवालाहरुको क्षमता विकास गरी गुणस्तरीय शिक्षा दिनु यो समयको मुख्य आवश्यकता हो ।

साविकमा काँकरभिट्टा गाविस र धुलाबारी गाविस मिलाएर बनेको मेचीनगर २०७३ पछि बाहुण्डाँगी, धाइजन, दुवागढी र ज्यामिरगढी गाविस समेत मिलाएर वृहद मेचीनगर नगरपालिका बनेको छ ।नेपालको पूर्वीद्वार काँकरभिट्टा सुदूर पूर्वी नेपालको सिमानामा पर्ने भएकोले यो नगरको आफ्नै मौलिक पहिचान बोकेको छ ।२०७८ सालको जनगणनानुसार यस नगरमा बसोबास गर्ने मानिसहरुको जनसङ्ख्या १,३३,०७३ रहेको छ । विविध जातजाति र भाषाभाषीहरुको बसोबास रहेको मेचीनगरका जनताहरुमा अरुलाई सम्मान गर्ने अनुपम परम्परा रहेको छ, जुन यस नगरको सुन्दर पक्ष हो ।

सामुदायिक, सस्थागत र धार्मिक गरी १०५ वटा विद्यालय सञ्चालनमा रहेको यस नगरमा जम्मा ३२,९०१ विद्यार्थी अध्ययन गर्दछन् ।प्राविधिक र व्यवसायिक क्षेत्रमा अध्ययन गर्ने बालबालिकको सङ्ख्या निकै कम देखिन्छ । विद्यालय शिक्षामा सबैको पहुँच वृद्धि गरी निश्चित समयावधिभित्र बालबालिकाहरुको गुणस्तरीय शिक्षाका लागि हामीले तय गरेको शिक्षाक्षेत्रको दृष्टीकोण, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिहरु तय गरिएका कार्यक्रम, सम्भावित स्रोतको पहिचान र त्यसको सफल कार्यान्वयनका लागि परिचालन हुने शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकार पक्षको अहम् भूमिका नकार्न सकिन्न ।

प्रस्तुत दस्तावेजमा विद्यालय शिक्षा क्षेत्र बाहेकका अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, आपत् कालमा शिक्षा, व्यवसायिक शिक्षा, शिक्षक तालिम र क्षमता विकास तथा शिक्षाका अन्य विषयहरुमा यथेष्ट कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।यस योजनमा समावेश गरीएका सबै क्रियाकलाप सञ्चालनका लागि सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य संघ/संस्थाका लागि सरकार पहिलो वर्ष **५२,७८,७२,०००।**, पाँचौ वर्ष **७३,५७,१५,१४५।** र दशौं वर्ष **१,२०,२१,७८,४२४।६५** रकमको प्रक्षेपण गरी प्रस्ताव गरिएको छ ।शिक्षा क्षेत्र राज्यको प्रमुख प्राथमिकतामा पर्ने भएकोले प्रस्तुत योजनमा स्रोत अनुमान गर्दा सङ्घीय सरकारबाट बढी नै अपेक्षा गरिएको छ ।हामी माझ विद्यमान राजनैतिक स्थिरता, विद्यालय क्षेत्र पुर्णतया शान्ति क्षेत्र भएकाले उल्लिखित सबै निकाय तथा संस्थाबाट अपेक्षा गरिएको सहयोग प्राप्त भएमा यस योजनामा उल्लेख गरिएका सबै लक्ष्य तथा उद्देश्यहरु अवश्य पुरा हुने साथै मेचीनगर शिक्षा क्षेत्रको नमूना बन्ने निश्चित देखिन्छ ।अत: यसको सफल कार्यान्वयनमा सबैको सकारात्मक भूमिका र सहयोग महत्वपूर्ण मानिन्छ ।

# विषय सूची


| सि नं | विषय शीर्षक | पेज नं |
|---|---|---|
| **१** | **परिच्छेद १ परिचय** | **१** |
| १.१. | पृष्ठभूमि | १ |
| | क.भौगोलिक अवस्थिति | १ |
| | ख.जनसाङ्खिक संरचना | २ |
| | ग. सामाजिक तथा साँस्कृतिक अवस्था | ३ |
| | घ.आर्थिक अवस्था | ३ |
| | ङ.शैक्षिक अवस्था | ३ |
| १.२. | मुख्य समस्याहरु | ११ |
| १.३. | शिक्षा क्षेत्रका चुनौतीहरु | ११ |
| १.४. | अवसरहरु | ११ |
| **२** | **परिच्छेद २ लक्ष्य निर्धारण** | **१२** |
| २.१ | दूरदृष्टि | १२ |
| २.२ | लक्ष्य | १२ |
| २.३ | उद्देश्यहरु | १२ |
| २.४ | रणनीतिहरु | १३ |
| २.५ | कार्यनीतिहरु | १५ |
| २.६ | अपेक्षित उपलब्धि | २६ |
| २.७ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | २७ |
| **३** | **परिच्छेद ३ विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु** | ३४ |
| ३.१ | प्रारम्भिक बालविकास र शिक्षा | ३४ |
| | ३.१.१ परिचय | ३४ |
| | ३.१.२ वर्तमान अवस्था | ३४ |
| | ३.१.३ उद्देश्यहरु | ३६ |
| | ३.१.४ रणनीतिहरु | ३६ |
| | ३.१.५उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ३७ |
| ३.२ | आधारभूत शिक्षा | ३९ |
| | ३.२.१ परिचय | ३९ |
| | ३.२.२ वर्तमान अवस्था | ३९ |
| | ३.२.३ उद्देश्यहरु | ४२ |
| | ३.२.४ रणनीतिहरु | ४२ |
| | ३.२.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ४४ |
| ३.३ | माध्यमिक शिक्षा | ४६ |
| | ३.३.१ परिचय | ४६ |
| | ३.३.२ वर्तमान अवस्था | ४७ |
| | ३.३.३ उद्देश्यहरु | ४९ |
| | ३.३.४ रणनीतिहरु | ४९ |
| | ३.३.५उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ५१ |
| ३.४ | पाठ्यक्रम र मूल्याङ्कन | ५२ |
| | ३.४.१ परिचय | ५२ |
| | ३.४.२ वर्तमान अवस्था | ५३ |
| | ३.४.३ उद्देश्यहरु | ५५ |
| | ३.४.४ रणनीतिहरु | ५५ |
| | ३.४.५उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ५६ |

| | | |
|---|---|---|
| ३.५ | शिक्षक व्यवस्थापन र विकास | ५७ |
| | ३.५.१ परिचय | ५७ |
| | ३.५.२ वर्तमान अवस्था | ५९ |
| | ३.५.३ उद्देश्यहरु | ६४ |
| | ३.५.४ रणनीतिहरु | ६५ |
| | ३.५.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ६५ |
| ३.६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा | ६७ |
| | ३.६.१ परिचय | ६७ |
| | ३.६.२ वर्तमान अवस्था | ६८ |
| | ३.६.३ उद्देश्यहरु | ६९ |
| | ३.६.४ रणनीतिहरु | ६९ |
| | ३.६.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ६९ |
| ३.७ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ७१ |
| | ३.७.१ परिचय | ७१ |
| | ३.७.२ वर्तमान अवस्था | ७१ |
| | ३.७.३ उद्देश्यहरु | ७२ |
| | ३.७.४ रणनीतिहरु | ७२ |
| | ३.७.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ७३ |
| ४ | **परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु** | ७५ |
| ४.१ | शैक्षिक समता र समावेशीकरण | ७५ |
| | ४.१.१ परिचय | ७५ |
| | ४.१.२ वर्तमान अवस्था | ७५ |
| | ४.१.३ उद्देश्यहरु | ७६ |
| | ४.१.४ रणनीतिहरु | ७६ |
| | ४.१.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ७७ |
| ४.२ | दिवाखाजा सहित स्वास्थ्य तथा पोषण | ७८ |
| | ४.२.१ परिचय | ७८ |
| | ४.२.२ वर्तमान अवस्था र चुनौतीहरु | ७८ |
| | ४.२.३ उद्देश्यहरु | ८० |
| | ४.२.४ रणनीतिहरु | ८१ |
| | ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ८२ |
| ४.३ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | ८४ |
| | ४.३.१ परिचय | ८४ |
| | ४.३.२ वर्तमान अवस्था | ८४ |
| | ४.३.३ उद्देश्यहरु | ८५ |
| | ४.३.४ रणनीतिहरु | ८५ |
| | ४.३.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ८६ |
| ४.४ | विद्यालय भौतिक पूर्वाधार विकास | ८७ |
| | ४.४.१ परिचय | ८७ |
| | ४.४.२ वर्तमान अवस्था | ८८ |
| | ४.४.३ उद्देश्यहरु | ८८ |
| | ४.४.४ रणनीतिहरु | ८८ |
| | ४.४.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ८९ |
| ४.५ | विद्यालयमा सञ्चार तथा सूचना प्रविधि | ९० |
| | ४.५.१ परिचय | ९० |
| | ४.५.२ वर्तमान अवस्था | ९२ |

| | | |
|---|---|---|
| | ४.५.३ उद्देश्यहरु | ९३ |
| | ४.५.४ रणनीतिहरु | ९३ |
| | ४.५.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ९४ |
| **५** | **परिच्छेद ५ सुशासन तथा व्यवस्थापन** | ९६ |
| | ५.१ संस्थागत क्षमता विकास | ९६ |
| | ५.१.१ परिचय | ९६ |
| | ५.१.२ वर्तमान अवस्था | ९७ |
| | ५.१.३ उद्देश्यहरु | ९७ |
| | ५.१.४ रणनीतिहरु | ९८ |
| | ५.१.५उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | ९८ |
| ५.२ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | ९९ |
| | ५.२.१ परिचय | ९९ |
| | ५.२.२ वर्तमान अवस्था | १०० |
| | ५.२.३ उद्देश्यहरु | १०० |
| | ५.२.४ रणनीतिहरु | १०० |
| | ५.२.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | १०१ |
| ५.३ | अनुगमन तथा मूल्याङ्कन | १०२ |
| | ५.३.१ परिचय | १०२ |
| | ५.३.२ वर्तमान अवस्था | १०२ |
| | ५.३.३ उद्देश्यहरु | १०२ |
| | ५.३.४ रणनीतिहरु | १०२ |
| | ५.३.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | १०३ |
| **६** | **परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन** | १०४ |
| ६.१ | परिचय | १०४ |
| ६.२ | वर्तमान अवस्था | १०४ |
| ६.३ | उद्देश्यहरु | १०७ |
| ६.४ | रणनीतिहरु | १०७ |
| ६.५ | उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य | १०८ |
| ६.६ | प्रस्तावित बजेट तथा कार्यक्रम | १०९ |
| **७** | **परिच्छेद ७ मुख्य उपलब्धि सूचकहरु** | ११६ |
| ७.१ | मुख्य कार्य सम्पादन सूचकहरु | ११६ |
| ७.२ | कार्यक्रम तथा नतिजा तालिका | ११८ |
| **१** | **अनुसूचीहरु** | |
| १.१ | शिक्षा योजना निर्माण सम्बन्धी सरोकारवालाहरुबाट आएका सुझावहरु | 1-18 |
| १.२ | योजना निर्माण समितिहरु | पाना २ |
| १.३ | सन्दर्भ ग्रन्थको सूची | पाना १ |
| १.४ | योजना सम्बन्धी विभिन्न निर्णयहरु | पाना |

# मेचीनगर नगरपालिकाको आवधिक शिक्षा योजना

## (२०७९/०८०-२०८८/०८९)

## परिच्छेद १

### परिचय

शिक्षा विकासका पूर्वाधारहरु मध्ये एक महत्वपूर्ण पक्ष हो जसले व्यक्ति र समुदायको विकासमा महत्वपुर्ण भूमिका निर्वाह गरेको हुन्छ । बालवालिकाहरुलाई विद्यालय शिक्षाको पहुँचमा पुऱ्याई सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य तथा सुसंस्कृत समाजको विकास गर्नु आजको अपरिहार्य आवश्यकता भएको छ । नेपालको संविधान, २०७२ ले संघीय गणतन्त्रात्मक व्यवस्था सहित सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना रहने भनि उल्लेख गरेको छ । साथै सो संविधानको अनुसूचि ८ ले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको अधिकार प्रदान गरेको छ । नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित स्थानीय तहलाई प्रदान गरिएका शिक्षा सम्बन्धी अधिकारहरुलाई कार्यान्वयन गरी सम्पूर्ण बालवालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योजनाबद्ध तरिकाबाट अघि बढ्नु वर्तमान समयको आवश्यकता हो, यसै सन्दर्भमा यो १० वर्षीय शैक्षिक योजना निर्माण गरिएको हो ।

### १.१. पृष्ठभूमिः

**क ) भौगोलिक अवस्थिति**

नेपालको प्रदेश न १ को झापा जिल्लामा अवस्थित मेचीनगर नगरपालिका जनसङ्ख्याको आधारमा नेपालको सबभन्दा ठूलो नगरपालिका हो ।यो नेपालको पूर्वीद्वार पनि हो ।यो नगरपालिका २०५३ सालमा नगरपालिका घोषणा हुनु अघि साविकका काँकरभिट्टा र धुलाबारी गाविसहरु मात्र समावेश गरिएका थिए । अहिलेको मेचीनगर नगरपालिका भने २०७३ सालमा साविक बाहुण्डाँगी, धाइजन, दुवागढी र ज्यामिरगढी गाविसहरु समावेश गरी कायम गरिएको हो । हालको मेचीनगर नगरपालिकामा पूर्वपश्चिम लोकमार्गको काँकरभिट्टादेखि देउनियाँ खोलासम्म र मेची लोकमार्गको पुहाँतुबाडी, चारआली र धाइजन खण्ड जोडिनाले सडक सुगमताका हिसावले निकै सुगम मानिन्छ ।नेपालको पूर्वीसिमानामा बग्ने मेची नदीको नामबाट नै यस नगरको नामाकरण मेचीनगर भएको पाइन्छ ।

यस नगरपालिकाको पूर्वमा भारतको पश्चिमबङ्गाल, पश्चिममा बिर्तामोड र अर्जुनधारा नगरपालिका, उत्तरमा बुद्धशान्ति गाउँपालिका र इलाम जिल्लाको रोङ्ग गाउँपालिका रहेको छ भने दक्षिणमा भद्रपुर नगरपालिका रहेको छ ।१९२.८५ वर्ग किमी कूल क्षेत्रफल रहेको यो नगर ८८ डिग्री ०२ मिनेट पूर्वी देशान्तरदेखि

८८ डिग्री ११ मिनेट २६ सेकेन्ड पूर्वी देशान्तरसम्म र २६ डिग्री ३३ मिनेट २३ सेकेन्ड उत्तरी अक्षाशंदेखि २६ डिग्री ४८ मिनेट २० सेकेन्ड उत्तरी अक्षाशंसम्म फैलिएको छ ।

**ख ) जनसाङ्खिक संरचना**

मेचीनगर नगरपालिका साविकको बाहुण्डाँगी, धाइजन,दुहागढी समेटी हालको बृहद मेचीनगर नगरपालिका स्थापना भएको हो । यस नगरपालिकालाई प्रशासनिक सहजताका लागि १५ वडामा विभाजन गरिएको छ । २०७८ सालको जनगणना अनुसार यस नगरको जनसङ्ख्या १,३३,०७३ रहेको छ, जसमध्ये महिला ६९,०७२ र पुरुष ६४,००१ रहेकाछन् ।औषत परिवार ४.०७ रहेकोमा जम्मा परिवार सङ्ख्या ३२६९५ रहेका छन् ।यस नगरको वार्षिक जनसङ्ख्या वृद्धिदर १.६८ र जनघनत्व ६९० रहेको छ ।

२०७८ सालको जनगणना अनुसार मेचीनगर नगरपालिकाको वडागत जनसंख्या यसप्रकार रहेको छ –

**वडागत जनसङ्ख्या २०७८**

| वडा न | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | ३१२० | ३२२१ | ६३४१ | |
| २ | ३२९४ | ३५१० | ६८०४ | |
| ३ | ३४८० | ३७४७ | ७२२७ | |
| ४ | २६१९ | २८२० | ५४३९ | |
| ५ | २४९६ | २८३० | ५३२६ | |
| ६ | ७४७८ | ८२६० | १५७३८ | |
| ७ | ६४२५ | ६७६३ | १३१८८ | |
| ८ | ३९२३ | ४३७३ | ८२९६ | |
| ९ | ५७०७ | ६२८२ | ११९८९ | |
| १० | ७६१२ | ७८८८ | १५५०० | |
| ११ | ३१०४ | ३४४६ | ६५५० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | ३७९९ | ४३४० | ८१३९ | |
| १३ | ३५६१ | ३८४३ | ७४०४ | |
| १४ | ३३५७ | ३५४७ | ६९०४ | |
| १५ | ४०२६ | ४२०२ | ८२२८ | |
| जम्मा | **६४,००१** | **६९,०७२** | **१,३३,०७३** | |

*स्रोतः– census 2078*

**ग ) सामाजिक तथा साँस्कृतिक अवस्था**

यो नगर विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिको सङ्गमस्थलको रुपमा रहेको छ ।विभिन्न धर्मावलम्बीहरुको बसोवास रहेको यस नगरमा मुख्यरुपले हिन्दू, बौद्ध, क्रिश्चियन र मुस्लिमहरुको बसोवास रहेको पाइन्छ ।यहाँका धेरैजसोले बोल्ने भाषा नेपाली हो भने अरु स्थानीय भाषा, अंग्रेजी, सादरी र हिन्दी भाषा बोल्ने मानिसहरुको पनि बसोवास रहेको छ ।मेचीनगरमा बसोबास गर्ने मुण्डा, किसान, खडिया, मालपहाडी, उराउँ, कवार, ग्वाल लगायतका १२ जातजातिका सम्प्रदायले बोल्ने साझा भाषा **सादरी** बोल्ने मानिसहरुको सङ्ख्या पनि उल्लेख्य पाइन्छ । दशैं, तिहार र छठ जस्ता ठूला चाडपर्वका साथै सिरुवा, दधिकादो, माघीजस्ता स्थानीय चाडपर्वका साथै बुद्धपूर्णिमा, जनैपूर्णिमा, कृष्णजन्माष्टमी, तीज, माघेसङ्ग्राती, उभौली र फागुपूर्णिमा आदि जस्ता चाडपर्वहरु पनि मनाउने चलन रहेको छ ।

**घ ) आर्थिक अवस्था**

कृषि उपज अन्नबाली, नगदेबाली, तरकारीबाली, पशुपालनको प्रचुर सम्भावना रहेको यस नगरमा उद्योग, व्यापार, यातायात, पर्यटन र वैदेशिक रोजगारीको पनि राम्रो अवसर रहेको छ । नेपालमै चिया खेतीको लागि मुख्य उत्पादन क्षेत्र रहेको यस नगरमा सुपारी, अम्लिसो र अदुवा जस्ता नगदेबालीको क्षेत्रमा पनि धेरै मानिसहरु रोजगारी भई जीविकोपार्जन गरेका छन् ।कृषि क्षेत्रमा बजारीकरण, यातायात र पर्यटन क्षेत्रको प्रवर्द्धनले मेचीनगरको समृद्धिमा सहयोग पुग्ने देखिन्छ ।

**ङ) शैक्षिक अवस्था**

यस नगरपालिकामा ४२ सामुदायिक, ५९ संस्थागत र ४ धार्मिक गरी जम्मा १०५ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् ।यस मेचीनगर नगरपालिकामा ३ वटा क्याम्पस र CTEVT बाट सम्बन्धन प्राप्त २

प्राविधिक शिक्षालयहरु समेत सञ्चालनमा रहेका छन् ।यस नगरपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरुका स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक सङ्ख्या ४५९, नगरले थप गरेका शिक्षक र शिक्षण सिकाइ अनुदान शिक्षकसहित जम्मा ४७८ जना शिक्षकहरु रहेका छन् भने ५८ जना विद्यालय कर्मचारी र ८६ जना बालविकास सहजकर्ताहरु कार्यरत छन् ।सामुदायिक संस्थागत सबै विद्यालयका प्रारम्भिक बालकक्षादेखि कक्षा १२ सम्म ३२,०४७ विद्यार्थीहरु अध्ययनरत रहेको तथ्याङ्कबाट देखिएको छ।

मेचीनगर नगरपालिकाभित्र ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन् ।त्यसैगरी यसनगरपालिकामा एउटा सामुदायिक विद्यालयमा अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा रहेको छ ।सामुदायिक सिकाइ केन्द्रहरु तर्फ ३ जना परिचालिका र एक अनौपचारिक प्रौढ विद्यालय तर्फ एकजना सहजकर्ता सेवामा रहेका छन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षाको हिसावले यस नगरपालिकामा CTEVT बाट सम्बन्धन लिई एउटा प्रि डिप्लोमा लेवलदेखि डिप्लोमा लेवल र एउटा छुट्टै एउटा प्रि-डिप्लोमा लेवलसम्मको गरी जम्मा दुईवटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन् भने एउटा सामुदायिक विद्यालयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति पाई कक्षा ९-१२ पशुविज्ञान विषयमा प्राविधिक धार सञ्चालन भइरहेको छ ।

- **उमेर, सामाजिक तथा लैङ्गिक समूहगत साक्षरता स्तर र शैक्षिक प्राप्ति**

  यस नगरपालिकाको साक्षरता दर जम्मा ८३.२६ प्रतिसत रहेको छ जसमध्ये पुरुष साक्षरता ८८.५४ र महिला साक्षरता दर ७८.४२ रहेको छ ।यहाँको लैङ्गिक अनुपात १०० महिला बराबर ९२.६६जना पुरुष पर्दछन् भने वार्षिक जनसङ्ख्या वृद्धिदर १.६८ रहेको पाइन्छ ।

- तहगत, कक्षागत खुदभर्नादर, निरन्तरता दर, टिकाउ दर, तह पुरा गर्ने दर, लैङ्गिक तथा सामाजिक पहुँच, निरन्तरता, सहभागिता र प्राप्ति तहगत भर्ना दर

**Annex 1.3: Gross and Net Enrollment Rate, % of G1 students with ECED/PPC experience**

| | Gross Enrolment Rate | | | Net Enrolment Rate | | | % of G1 students with ECED/PPC experience | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| Mechinagar Municipality | 109.2 | 121.6 | 115.4 | 68.6 | 63.4 | 66.0 | 97.7 | 92.7 | 95.2 |

*स्रोत IEMIS 078, CEHRD*

माथिको तथ्याङ्क विश्लेषण गर्दा प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुको सहजैदेखिने भर्नादर उच्च देखिन्छ तर खुदभर्नादर १०० भन्दा कम देखिएकोछ ।यसरी हेर्दा प्रारम्भिक बालविकास तहमा तोकिएको उमेर समूह ४ वर्ष भन्दा कम र बढी उमेर समूहका बालबालिकाहरु भर्ना हुन आउँछन् तर तोकिएको उमेर समूहका केही कम बालबालिकाहरु मात्र भर्ना भएको पाइएको साथै कक्षा १ मा प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरु सबै नै भर्ना गरी तोकिएको उमेर समूहका बालबालिकाहरुलाई सहज पहुँच गराई उपयुक्त सिकाइ वातावरण मिलाउनुपर्ने देखिन्छ । यसका लागि अभिभावक शिक्षा, सचेतना कार्यक्रम, प्रभावकारी भर्ना अभियान, सहजकर्तालाई उपयुक्त तालिम तथा कक्षा १ मा अध्यापन गराउने शिक्षक तालिम आवश्यक पर्ने देखिन्छ ।

यसै गरी प्रारम्भिक बालविकास कक्षामा सो तहको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्यामध्ये ५ प्रतिसत सो अनुभव बिना कक्षा १ मा भर्ना भएको अवस्था देखिन्छ । बालबिकास कक्षाको अनुभव नभएका बालबालिकाको कक्षा १ मा भर्ना हुँदा बालबालिकालाई चौतर्फि विकासमा बाधा पुग्न जाने भएकोले कक्षा १ मा भर्ना हुने सबै बालबिकासको अनुभव सहितको हुनु वाञ्छनीय मानिन्छ । यसका लागि अभिभावक सचेतना कार्यक्रम, प्रभावकारी दिवाखाजा, पर्याप्त खेलसामग्रीको व्यवस्थापन तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन हुन आवश्यक देखिन्छ ।

**Annex 7.2: NIR, GIR in grade 1**

| | GIR in Grade 1 | | | NIR in Grade 1 | | |
|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T |
| Mechinagar Municipality | 135.1 | 141.6 | 138.3 | 99.1 | 99.1 | 99.1 |

स्रोत *IEMIS 078, CEHRD*

माथिको तथ्याङ्क विश्लेषण गर्दा कक्षा १ मा बालबालिकाहरुको सहजैदेखिने भर्नादर बढी र खुद भर्नादर थोरै कम देखिन्छ । यसरी प्रस्तुत तथ्याङ्क विश्लेषण गर्दा खुद भर्नादर थोरै कममात्र समस्या देखिने पाइएको छ तर सहजैदेखिने भर्ना दर १०० भन्दा कम देखिनु भनेको कक्षा १ मा उमेर नपुगी र बढी उमेर भएका बालबालिकाहरुको सङख्या मिलाउन त्यससम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ जस्तै अभिभावक शिक्षा, कक्षाकोठाको उपयुक्त सजावट, बालमैत्री शिक्षण विधिमा पठनपाठन आदि हुनसक्छन् ।

**Annex 7.1: NER, GER in different levels**

| | GER (1-5) | | | NER (1-5) | | | GER (6-8) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Mechinagar Municipality | 114.6 | 123.8 | 119.2 | 96.3 | 97.4 | 96.8 | 88.1 | 96.1 | 92.1 |

*स्रोत IEMIS 078, CEHRD*

माथिको तथ्याङ्क विश्लेषण गर्दा कक्षा १-५ मा बालबालिकाहरुको सहजैदेखिने भर्नादर बढी र खुद भर्नादर १०० भन्दा कम देखिन्छ । यसरी प्रस्तुत तथ्याङ्क विश्लेषण गर्दा खुद भर्नादर थोरै मात्र समस्या देखिने पाइएको छ तर सहजै देखिने भर्ना दर १०० भन्दा निकै बढी देखिनु भनेको कक्षा १-५ मा उमेर नपुगी र बढी उमेर भएका बालबालिकाहरुको सङ्ख्या मिलाउन त्यससम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ जस्तै अभिभावक शिक्षा, पुन:ताजगी शिक्षक तालिम, कक्षाकोठाको उपयुक्त सजावट तथा बालमैत्री शिक्षण विधिमा पठनपाठन आदि हुनसक्छन् ।

- **Annex 7.1: NER, GER in different levels**

| Local Level | NER (6-8) | | | GER (Basic) | | | NER (Basic) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T |
| Mechinagar Municipality | 78.5 | 77.9 | 78.2 | 101.3 | 110.0 | 105.7 | 87.4 | 87.6 | 87.5 |

*स्रोत IEMIS 078, CEHRD*

माथिको तालिका विश्लेषण गर्दा कक्षा ६-८ मा सहजै देखिने भर्नादर नै १०० भन्दा निकै नै कम र खुद भर्नादर ज्यादै कम देखिन्छ यसबाट के अनुमान गर्न सकिन्छ भने मेचीनगरमा कक्षा ६-८ मा अझै पनि विद्यालय जान तेकिएको उमेर समूहका सबै बालबालिकाहरुको विद्यालयमा पहुँच नै हुन नसकेको देखिन्छ ।यसका लागि कक्षागत र विषयगत शिक्षक व्यवस्था, अभिभावक शिक्षा, पुन:ताजगी शिक्षक तालिम, कक्षाकोठाको उपयुक्त सजावट, बालमैत्री शिक्षण विधिमा पठनपाठन आदि कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

त्यसै गरी आधारभूत तह कक्षा १-८ मा पनि सहजैदेखिने भर्नादर नै १०० भन्दा बढी र खुद भर्नादर ज्यादै कम देखिन्छ यसबाट के अनुमान गर्न सकिन्छ भने मेचीनगरमा कक्षा १-८ मा अझै पनि विद्यालय जान तेकिएको उमेर समूहका सबै बालबालिकाहरुको विद्यालयमा पहुँच नपुगेको हुनसक्ने देखिन्छ ।यसका लागि कक्षागत र विषयगत शिक्षक व्यवस्था, अभिभावक शिक्षा, पुन:ताजगी शिक्षक तालिम, कक्षाकोठाको उपयुक्त सजावट, बालमैत्री शिक्षण विधिमा पठनपाठन आदि कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

- **Annex 7.1: NER, GER in different levels**

| Local Level | GER (9-10) | | | NER (9-10) | | | GER (11-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T |
| Mechinagar Municipality | 96.4 | 90.4 | 93.5 | 89.4 | 80.8 | 85.1 | 60.6 | 68.4 | 64.5 |

*स्रोत IEMIS 078, CEHRD*

माथिको तालिका विश्लेषण गर्दा माध्यमिक तह कक्षा ९-१० मा सहजैदेखिने भर्नादर १०० भन्दा कम र खुद भर्नादर निकै कम देखिन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा कक्षा ९-१० मा तोकिएको उमेर समूहका सबै बालबालिकाहरुको सहज पहुँच, नियमितता र गुणस्तरका लागि उपयुक्त कार्यक्रम तय गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ जस्तै बालमैत्री विद्यालय वातावरण, कक्षागत र विषयगत शिक्षक व्यवस्था, अभिभावक शिक्षा, पुन:ताजगी शिक्षक तालिम, कक्षाकोठाको उपयुक्त सजावट, आदि कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

**Annex 7.1: NER, GER in different levels**

| Local Level | NER (11-12) | | |
|---|---|---|---|
| | G | B | T |
| Mechinagar Municipality | 39.4 | 31.2 | 35.3 |

*स्रोत IEMIS 078, CEHRD*

माथिको तालिका विश्लेषण गर्दा माध्यमिक तह कक्षा ११-१२ मा सहजैदेखिने भर्नादर १०० भन्दा कम र खुद भर्नादर निकै कम देखिन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा कक्षा ११-१२ मा तोकिएको उमेर समूहका सबै बालबालिकाहरुको सहज पहुँच, नियमितता र गुणस्तरका लागि उपयुक्त कार्यक्रम तय गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ । ती कार्यक्रमहरुमा बालमैत्री विद्यालय वातावरण, कक्षागत र विषयगत शिक्षक व्यवस्था, अभिभावक शिक्षा, पुन:ताजगी शिक्षक तालिम, कक्षाकोठाको उपयुक्त सजावट आदिलाई लिई कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

- **तहगत विद्यालय, विद्यार्थी, कक्षाकोठा, तहगत विषयगत शिक्षक, शिक्षक विद्यार्थी अनुपात, विषयगत दक्षतायुक्त शिक्षक उपलब्धता**

## तहगत विद्यालय

| सि नं | तह | विद्यालय | | विद्यार्थी | | शिक्षक | |
|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक (स्वीकृतदरबन्दी) | संस्थागत |
| १ | प्राबाबिके/पूर्व प्रावि | ८६ | ५८ | १३९७ | ३९५१ | ८६ | २२३ |
| २ | प्रावि १-५ | ४२ | ५८ | ४४९८ | ७८८२ | २९३ | २६० |
| ३ | आधारभूत ६—८ | २८ | ५५ | ३५२१ | ३६५२ | ८७ | १७१ |
| ४ | माध्यमिक ९—१० | १८ | ४१ | २६२४ | २००० | ८५ | १०२ |
| ५ | माध्यमिक११—१२ | ९ | ४ | २८३९ | २६० | २१ | १२ |

स्रोत :—EMIS

## शिक्षक विद्यार्थी अनुपात

| सि नं | तह | विद्यालय | |
|---|---|---|---|
| | | **सामुदायिक** | **संस्थागत** |
| १ | प्राबाबिके/पूर्व प्रावि | १:१६.२४ | १:१७.७१ |
| २ | प्रावि | १:१५.३५ | १:३०.३१ |
| ३ | आधारभूत ६—८ | १:४०.४७ | १:२१.३५ |
| ४ | माध्यमिक ९—१० | १:३०.८७ | १:१९.६० |
| ५ | माध्यमिक११—१२ | १:१३५. | १:२१.६६ |

स्रोत :—EMIS

माथिको तालिका अनुसार पूर्वप्रावि/बालविकास कक्षामा शिक्षक विद्यार्थी अनुपात कम देखिन्छ भने आधारभूत तहको कक्षा ६ देखिमाथि ६-१० र ९-१२ कक्षामा यो अनुपात बढी देखिन्छ । एकातिर यो तथ्याङकीय स्थिति छ भने अर्कोतिर आधारभूत तहको कक्षा ६ देखिमाथि ६-१० र ९-१२ कक्षामा त्यही तहको मात्र शिक्षक कायम गर्ने होभने यो अनुपात अझ बढी अर्थात शिक्षक सङ्ख्या थप गर्नुपर्ने अवस्था कायम देखिन्छ ।त्यसैगरी प्रावि तहमा शिक्षक सङ्ख्या मिलान गर्न आवश्यक देखिन्छ ।

मेचीनगरनगरपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरुमा दक्षतायुक्त शिक्षक कार्यरत देखिन्छ तर सिकाइ उपलब्धि वृद्धि हुननसक्दा शिक्षकहरुको कार्यसम्पादन र जिम्मेवारी बोधका सम्बन्धमा प्रश्न उठ्न थालेको छ । कानूनको व्यवस्था, पुरस्कार र दण्डको व्यवस्थापनले यसमा यथोचित सम्बोधन गर्न सकिन्छ ।

**तहगत विषयगत शिक्षक, शिक्षक विद्यार्थी अनुपात, विषयगत दक्षतायुक्त शिक्षक उपलब्धता**

२०७९सालको तथ्याङ्क अनुसार मेचीनगर नगरपालिकामा प्रारम्भिक बालविकास कक्षाका बालविकास शिक्षक संख्या ८६जना तथा सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा जम्मा ४७६ जना शिक्षकहरु कार्यरत रहेका छन् ।संस्थागत विद्यालयमा कार्यरत शिक्षक सङ्ख्या करीव ३८५ रहेको छ । न्यूनतम् योग्यता र तालिम प्राप्त शिक्षकहरुको सङ्ख्या आधारभूत तहमा सतप्रतिसत र माध्यमिक तहमा ९६ प्रतिसत रहेको पाइन्छ ।

**कक्षागत शिक्षण सिकाइका लागि उपयुक्त पूर्वाधार र सुविधा सहितका कक्षा कोठा उपलब्धता**

सामुदायिक विद्यालयहरुबाट प्राप्त विवरण अनुसार मेचीनगर नगरपालिकामा जम्मा भवन सङ्ख्या २५२ रहेकोमा प्रयोगमा रहेका भवन सङख्या २३४, प्रयोगमा नरहेका भवन सङ्ख्या १७, मर्मत हुनसक्ने ८२ र हुननसक्ने सङ्ख्या नरहेको र अहिलेको विद्यालयको तथ्याङक अनुसार २३ विद्यालयमा भवन पर्याप्त नै देखिन्छ भने १९ वटा विद्यालयमा अपर्याप्त देखिन्छ ।अबको अवश्यकता बालमैत्री र अपाङ्गमैत्री बनाउन पनि अवश्यक देखिन्छ ।

त्यसैगरी यस नगरका सामुदायिक विद्यालयहरुमा जम्मा ६०६ कक्षाकोठा रहेकोमा प्रयोगमा रहेका कक्षाकोठा ५३९ र प्रयोगमा नरहेका कोठा सङ्ख्या ६७ र मर्मत हुनसक्ने १५८ रहेका छनभने मर्मत नहुने सङ्ख्या रहेको छैन । अहिलेको विद्यालयको तथ्याङ्क अनुसार २१ विद्यालयमा कक्षाकोठा पर्याप्त नै देखिन्छ भने २१ वटा विद्यालयमा अपर्याप्त देखिन्छ ।अबको अवश्यकता बालमैत्री र अपाङ्गमैत्री कक्षाकोठा बनाउन पनि अवश्यक देखिन्छ ।

त्यसैगरी यस नगरका सामुदायिक विद्यालयहरुमा जम्मा १७३ शौचालय रहेका छन् ।प्रयोगमा रहेको सङख्या १५९ र प्रयोगमा नरहेको सङख्या १४ रहेको देखिन्छ ।मर्मत हुनसक्ने शौचालयको सङ्ख्या ४० रहेको छ । अहिलेको विद्यालयको तथ्याङ्क अनुसार १५ विद्यालयमा शौचालय पर्याप्त नै देखिन्छ भने २७ वटा

विद्यालयमा अपर्याप्त देखिन्छ ।अबको अवश्यकता बालमैत्री र अपाङ्गमैत्री शौचालय बनाउन पनि अवश्यक देखिन्छ ।

खानेपानी तर्फ १३६ वटा खानेपानीका धारा/ट्यूववेल रहेका छन् । अहिलेको विद्यालयको तथ्याङक अनुसार १५ विद्यालयमा खानेपानीका धारा/ट्यूववेल पर्याप्त नै देखिन्छ भने २७ वटा विद्यालयमा अपर्याप्त देखिन्छ । अहिलेको विद्यालयको तथ्याङ्क अनुसार १५ विद्यालयमा शौचालय खानेपानीका धारा/ट्यूववेल पर्याप्त नै देखिन्छ भने २७ वटा विद्यालयमा अपर्याप्त देखिन्छ ।अबको अवश्यकता बालमैत्री र अपाङ्गमैत्री खानेपानीका धारा/ट्यूववेल बनाउन निकै अवश्यक देखिन्छ ।

**विद्यालयगत सिकाइ सामग्री उपलब्धता र विद्यालयगत प्रविधियुक्त कक्षाकोठा उपलब्धता**

शिक्षा तथा मानवस्रोत विकासकेन्द्रबाट उपलब्ध तथ्याङ्क अनुसार यस मेचीनगर नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा निम्नानुसारका सिकाइ सामग्रीहरु भएको देखिन्छ :—

| तह | शिक्षक निर्देशिका | बालबालिकाका लागि शैक्षिक सामग्री | बुक कर्नर | पाठ्यक्रम | पाठ्यसामग्री |
|---|---|---|---|---|---|
| प्रावि | १२ | ७ | ६ | ९ | ४ |
| निमावि | १५ | १५ | १२ | ७ | ८ |
| मावि १—१० | १४ | १३ | १० | - | १७ |
| मावि १-१२ | २५ | २५ | ३४ | - | २८ |

उपरोक्त तथ्याङ्क अनुसार हाम्रा सामुदायिक विद्यालयहरुमा शिक्षक निर्देशिका पर्याप्त देखिन्छ भने अन्य बालबालिका लागि शैक्षिक सामग्री, बुक कर्नर, पाठ्यक्रम र अन्य पाठ्य सामग्री कम मात्र उपलब्ध देखिन्छ । यसरी के भन्न सकिन्छ भने माथि उल्लेखित सामग्रीको उचित व्यवस्थापन गरी बालमैत्री सिकाइक्रियाकलापबाट हाम्रो नगरको सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ ।

### १.२ मुख्य समस्याहरुः

मेचीनगर नगरपालिकामा शिक्षा क्षेत्रका विविध समस्याहरु रहेका छन् । विद्यालय शिक्षामा अहिले पनि विद्यालय जाने उमेरका सबै बालबालिकाको पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेका बमेजिमका सिकाइ उपलब्धिहरु हाँसिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार गर्न नसक्नु, स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक व्यवस्था गर्न नसक्नु, सबै विद्यालयमा विषयगत र तहगत शिक्षक दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी कार्यान्वयन गर्न नसक्नु, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु, भौतिक पूर्वाधारको विकास गर्न र भएका पूर्वाधारको उचित मर्मत गरी संरक्षण गर्न नसक्नु आदि रहेका छन्।

### १.३ शिक्षा क्षेत्रका चुनौतीहरुः

मेचीनगर नगरपालिकामा देखिएका शिक्षाक्षेत्रका मुख्य चुनौतीहरुलाई यसरी उल्लेख गर्न सकिन्छ :–

गुणस्तरीय शिक्षाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, विद्यालय नक्शाङ्कन तथा समायोजन गर्नु, विद्यालय शिक्षक दरवन्दी व्यवस्थापन, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु, पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्याङ्कन प्रणालीमा सुधार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु, जीवनपर्यन्त सिकाइका अवसरहरु सुनिश्चित गर्नु, उपयुक्त भौतिक पुर्वाधारको निर्माण गर्नु, माध्यमिक तहको अध्ययन पुरा गरेका विद्यार्थीहरुमा न्यूनतम सिप प्राप्त नहुनु तथा विद्यालयमा सुशासन कायम गर्नु आदि चुनौती रहेका छन् ।

### १.४ अवसरहरुः

शिक्षा क्षेत्रका मुख्यमुख्य अवसरहरुलाई यसप्रकार उल्लेख गरिएको छ :

संवैधानिक तथा कानूनी आधारहरु प्राप्त हुनु, तीनै तहका सरकारबीच समन्वय, सहकार्य र जिम्मेवारी पुरा गर्न सकिने अधिकार हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर गर्न सकिनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चतता हुनु, प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसर हुनु साथै निर्वाचित प्रतिनिधिहरु शिक्षामा सुधार गर्न प्रतिबद्ध रहनु आदि ।यो मेचीनगरपालिकाको आवधिक शैक्षिक योजना भएकोले यस सम्बन्धी विस्तृत चर्चा यसपछिका अध्यायहरुमा गरिन्छ ।

## परिच्छेद २ : लक्ष्य निर्धारण

मेचीनगर नगरपालिकालाई आगामी १० वर्षभित्र शिक्षा क्षेत्रको दूरदृष्टि, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति र के कस्ता उपलब्धिहरु हाँसिल गर्ने भनेर तय गरिएका सूचकसँग सम्बन्धित कामहरुको प्रतिबिम्बन यस परिच्छेदमा उल्लेख गरिएको छ ।

### २.१ दूरदृष्टि (Clear Vision)

**" गुणस्तरीय, सिपयुक्त र प्रविधिमैत्री शिक्षा,**

**मेचीनगर बासीको साझा प्रतिबद्धता "**

### २.२ लक्ष्य ( Goal )

विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री र गुणस्तरीय बनाई दक्ष एवम् सिपमूलक जनशक्ति उत्पादन गर्ने ।

### २.३ उद्देश्यहरु ( Objectives)

माथि उल्लेखित दूरदृष्टि र लक्ष्य प्राप्तिका लागि तपिसल बमेजिमका उद्देश्यहरु तय गरिएको छ :

१. विद्यालय जाने उमेरका सबै बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चत गर्नु,

२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु,

३. विद्यालय शिक्षाको पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरु हाँसिल गर्नु,

४. बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु,

५. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु,

६. विद्यार्थी सङ्ख्याका आधारमा विषयगत र कक्षागत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,

७. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु,

८. आधारभूत साक्षरता, साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु सुनिश्चित गर्नु,

९. आपतकालीन अवस्थामा विद्यार्थीको सिकाइ निरन्तरताको लागि वैकल्पिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,

१०. प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गर्नु ।

## २.४ रणनीतिहरु ( Strategies)

### उद्देश्य नं. १ सँग सम्बन्धित रणनीतिहरु

१.१. सबै बालबालिकाहरुलाई पहुँच सुनिश्चित गर्नकालागि विद्यालयहरुको नक्शाङ्कन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरुको पहुँच विस्तार गर्ने,

१.२अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डबमेजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

१.३. विद्यालय बाहिररहेका सबै बालबालिकाको तथ्याङ्क सङ्कलन गरी विद्यालय शिक्षामा ल्याउने ।

### उद्देश्य नं. २ सँग सम्बन्धित रणनीतिहरु

२.१ आधारभूत र माध्यमिक तहमा बालबालिकाको नियमितता सुधारका लागि कार्यक्रम सञ्चालन गर्ने,

२.२.पाठ्यक्रममा उल्लेखित सिकाइउपलब्धि हाँसिल भएको सुनिश्चितता गर्ने,

२.३ प्रत्येक तहको अन्तिममा स्तरीकृत परीक्षा सञ्चालन गर्ने,

### उद्देश्य नं. ३ सँग सम्बन्धित रणनीतिहरु

३.१ सबै कक्षा र तहका पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने,

३.२ शिक्षक अनुपस्थित भएको समयमा कक्षा नियमित हुने वैकल्पिक व्यवस्था मिलाउने,

३.३ पाठगत, एकाइगत, मासिक परीक्षा सञ्चालन गरी तत्काल सुधारका लागि शिक्षक, विद्यार्थी र अभिभावक बीच सहकार्य गरी सिकाइउपलब्धि सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

### उद्देश्य नं. ४ सँग सम्बन्धित रणनीतिहरु

४.१ विद्यालयका संरचना निर्माण गर्दा प्रदेश र सङ्घीय सरकारले तयार गरेको भवन संहिता र मापदण्ड अनुरुप बालमैत्री र अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माण गर्ने,

४.२ अब निर्माण हुने नयाँ भवन र कक्षा सञ्चालन भइरहेका भवनमा बालमैत्री, अपाङ्गतामैत्री सन्देशमूलक फ्लेक्सपैन्टिङ्ग र सिकाइका लागि आवश्यक सबै सामग्रीको सुलभ व्यवस्थापन गर्ने,

४.३ आकर्षक कक्षाकोठाका साथै भवनमा ड्रेस वा प्याड चेन्जरुम र वास सुविधा सहितको व्यवस्थित शौचालय र खानेपानीको उचित प्रवन्ध गर्ने ।

**उद्देश्य नं. ५ सँग सम्बन्धित रणनीतिहरु**

५.१. स्थानीय पाठ्यक्रम, पाठ्पुस्तक प्रबोधीकरण र मुल्याङ्कन सम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने,

५.२ स्थानीय पाठ्यक्रममा आधारित नमूना प्रश्न निर्माण, डमी परीक्षा सञ्चालन र नतिजा विश्लेषण गर्ने ।

**उद्देश्य नं. ६ सँग सम्बन्धित रणनीतिहरु**

६.१ इमिस अपडेट गरी प्राप्त तथ्याङ्कको विद्यालयगत, तहगत र विषयगत विवरण तयार गर्ने,

६.२ रिक्त भएको कम्तीमा एक महिनाभित्र अर्को शिक्षक व्यवस्थापन हुने व्यवस्था मिलाउने;

६.३ विद्यालयगत तथ्याङ्क विश्लेषण गरी प्राप्त विवरणमा प्रचलित नीति बमोजिम विषयगत र कक्षागत दरबन्दी व्यवस्थापन गर्ने ।

**उद्देश्य नं. ७ सँग सम्बन्धित रणनीतिहरु**

७.१ शिक्षामा सूचना तथा प्रविधि सम्बन्धी यस विषयका विज्ञहरुबाट तालिम सञ्चालन गर्ने,

७.२ हालसम्म सूचना तथा प्रविधि सम्बन्धी कार्यक्रम प्राप्त गर्न नसकेका विद्यालयलाई आधारभूत तालिम सहित कार्यक्रम उपलब्ध गराउने,

७.३ शिक्षामा सूचना तथा प्रविधिसम्बन्धी प्रभावकारी अनुगमन गरी अवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

**उद्देश्य नं. ८ सँग सम्बन्धित रणनीतिहरु**

८.१ साक्षरता सम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण गरी यस सम्बन्धी नीति तर्जुमा गर्ने,

८.२ आधारभूत, साक्षरोत्तर र जीवनपर्यन्त शिक्षा सम्बन्धी सहजकर्ता र सुपरीवेक्षकको छनौट र तालिमको व्यवस्था मिलाउने,

८.३ सामुदायिक सिकाइ केन्द्र मार्फत आधारभूत, साक्षरोत्तर, आयआर्जन र जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

८.४ विद्यालय स्वागत, भर्ना अभियान र खानेपानी र सरसफाइका क्षेत्रमा टोल विकास संस्थाहरुलाई परिचालन गर्ने,

८.५ आधारभूत र साक्षरोत्तर कार्यक्रमको प्रभावकारी अनुगमन गर्ने।

**उद्देश्य नं. ९ सँग सम्बन्धित रणनीतिहरु**

९.१ आपतकालमा शिक्षा सम्बन्धी योजना निर्माण गर्ने,

९.२ सूचना प्रविधि सम्बन्धी सूचना सङ्कलन र प्रसारणका लागि विधुतीय, छापा र अनलाइन प्रविधिबाट कार्यक्रम सञ्चालन गर्ने,

९.३ आपतकालबाट सामान्य अवस्थामा जानकालागि आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**उद्देश्य नं. १० सँग सम्बन्धित रणनीतिहरु**

१०.१ प्राविधिक र व्यावसायिक शिक्षाको सम्भाव्यता भएका स्थानमा शिक्षालय स्थापना, जनशक्ति प्रक्षेपण गर्ने र व्यवस्थापन गरी सञ्चालन गर्ने ,

१०.२ उत्पादित जनशक्तिको रोजगारीका लागि छोटो अवधिको सिपमुलक तालिमको अवसर र बजार प्रवर्द्धन गर्ने ।

**२.५ कार्यनीति**

**रणनीति नं१.१.सबै बालबालिकाहरुलाई पहुँच सुनिश्चत गर्नका लागि विद्यालयहरुको नक्शाङ्कन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरुको पहुँच विस्तार गर्ने,**

**कार्यनीतिहरु**

१.१.१ जनसङ्ख्याका आधारमा विद्यालय नक्शाङ्कन गरिनेछ ।

१.१.२ नक्शांकनको सूचकका आधारमा नयाँ विद्यालय स्थापना हुने स्थान निर्धारणा गरिनेछ ।

१.१.३ नयाँ स्थापना भएका सामुदायिक विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनेछ ।

१.१.४ विद्यार्थी कम भएका विद्यालयहरुलाई अर्को विद्यालयसँग आवश्यक व्यवस्थापन सहित समायोजन गरिनेछ ।

**रणनीति नं १.२. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चत गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सन्चालन गर्ने,**

**कार्यनीतिहरु**

१.२.१ सामुदायिक विद्यालयमा अनिवार्य तथा निःशुल्क शिक्षाका न्यूनतम् मापदण्ड पुरा गरिनेछ ।

१.२.२ समावेशीकरणको अवधारणा अनुसार सामुदायिक विद्यालयमा अनिवार्य तथा निःशुल्क शिक्षाको अवसर उपलब्ध गराइनेछ ।

१.२.३ विद्यालयमा हुने सबै क्रियाकलापहरु बालमैत्री र समावेशी अवधारणाअनुसार सञ्चालन गर्न विद्यालयका सबै शिक्षक तथा अन्य सरोकारवालालाई आवश्यक तालिम र प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति नं१.३ विद्यालय बाहिर रहेका सबै बालबालिकाको तथ्याङ्क सङ्कलन गरी विद्यालय शिक्षामा ल्याउने ।**

**कार्यनीतिहरु**

१.३.१ सबै सामुदायिक विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रहरुलाई विद्यालयहरुको सेवाक्षेत्र छुट्याई तथ्याङ्क संकलन गर्ने जिम्मेवारी तोकिनेछ,

१.३.२ सङ्कलित तथ्याङ्क विश्लेषण गरी विद्यालय जाने उमेरका विद्यालय जान नसकेका बालबालिकाहरुको पहिचान सहितको विवरण सङ्कलन गरी संरक्षक अभिभावक हुन सार्वजनिक सूचना आव्हान गरी र विद्यार्थी भर्ना गरिनेछ,

१.३.३ विद्यालयमा भर्ना भएका बालबालिकाहरुको निरन्तरता भएनभएको सम्बन्धित विद्यालयबाट जानकारी लिई सिकाइ निरन्तरताका लागि आवश्यक फलोअप र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति नं२.१. आधारभूत र माध्यमिक तहमा बालबालिकाको नियमितता सुधारका लागि कार्यक्रम सञ्चालन गर्ने,**

**कार्यनीतिहरु**

२.१.१ विद्यालयका भौतिक संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री , वातावरणमैत्री र बालबालिकाको लागि आकर्षक हुनेखालका निर्माण गरिनेछ ।

२.१.२ सबै तहका बालबालिकाहरुलाई समेट्ने गरी प्रतिभा पहिचानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२.१.३ कर्मठ शिक्षक र प्रतिभाशाली बालबालिकाहरुलाई प्रोत्साहन गरिनुका साथै अभिभावक शिक्षालाई जोड दिइनेछ ।

**रणनीति नं २.२. पाठ्यक्रममा उल्लेखित सिकाइउपलब्धि हाँसिल भएको सुनिश्चतता गर्ने,**

**कार्यनीतिहरु**

२.२.१ दक्ष विषयगत सहजकर्ताहरुबाट सबै शिक्षकहरुलाई परिवर्तित पाठ्यक्रमको प्रवोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२.२ विद्यार्थी नियमितता अभिवृद्धिका लागि अभिभावक शिक्षा, आमा समूहलाई प्रवोधीकरण र विद्यार्थी क्षमता पहिचान गरी उपचारात्मक शिक्षण क्रियाकलाप सञ्चालन गरिनेछ ।

२.२.३ मासिक, त्रैमासिक र अर्धवार्षिक परीक्षाफल विश्लेषण गरी कमजोर सिकाइउपलब्धि भएका विद्यार्थीका अभिभावक, सम्बिन्धत शिक्षक र विद्यार्थीको नियमितता र सिकाइउपलब्धि बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति नं २.३ प्रत्येक तहको अन्तिममा स्तरीकृत परीक्षा सञ्चालन गर्ने,**

**कार्यनीतिहरु**

२.३.१ कक्षा ५, ८ र १० को स्तरीकृत परीक्षा सञ्चालनका लागि विषय शिक्षकहरुको सञ्जाल निर्माण गरी नमूना प्रश्नपत्र संकलन, प्रश्नपत्रको बैङ्क निर्माण र विषय विज्ञहरुद्वारा मोडोरेशन गराई डमी परीक्षा सञ्चालन गरी नतिजा विश्लेषण गरिनेछ ।

२.३.२ डमी परीक्षा सञ्चालन गरी नतिजा विश्लेषणबाट प्राप्त निश्कर्षका आधारमा स्तरीय प्रश्नद्वारा डमी परीक्षा सञ्चालन गरी नतिजा विश्लेषणका आधारमा विद्यालयहरुको सिकाइ उपलब्धिको क्रमबद्ध विवरण प्रकाशन गरिनेछ ।

२.३.३ उच्चतम् सिकाइ उपलब्धि हाँसिल गर्ने विद्यालयलाई प्रोत्साहन र कमजोर विद्यालयहरुलाई सुधारका लागि सुधार खाका पेश गर्न लगाई नतिजा सुधारका कार्यक्रम निरन्तर फ्लोअप सहित सञ्चालन गरिनेछ, ।

**रणनीति नं ३.१ सबै कक्षा र तहका पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने,**

**कार्यनीतिहरु**

३.१.१सबै कक्षा र तहका पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक तालिम सञ्चालनका लागि विज्ञहरुको रोष्टर तयार गरी रोष्टर मार्फत शिक्षक तालिम सञ्चालन गरिनेछ ।

३.१.२ तालिम लिएका शिक्षकहरुबाट सिकाइ उपलब्धि सुधार खाका लिई तदनुरुप उपलब्धि हुन सके नसकेको पहिचान गरी उपलब्धि हाँसिल हुन नसके त्यसको कारण खोजी गरी थप तालिम र सुधारात्मक शिक्षणका लागि थप कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१.३ विद्यार्थीको उपलब्धिका आधारमा शिक्षकलाई प्रोत्साहन गरी शिक्षाकहरुलाई नवीन प्रविधिका माध्यमबाट कक्षा शिक्षण हुने व्यवस्था मिलाइनेछ।

**रणनीति नं ३.२ शिक्षक अनुपस्थित भएको समयमा कक्षा नियमित हुने वैकल्पिक व्यवस्था मिलाउने,**

**कार्यनीतिहरु**

३.२.१ विद्यालयमा मौजुदा शिक्षक सङ्ख्या र कक्षा सङ्ख्याका आधारमा साप्ताहिक कार्यतालिका निर्माण गरी नियमित कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

३.२.२ उचित कारणसहित कुनै शिक्षकको कक्षा सञ्चालन हुन नसकेमा त्यसदिन हाँजिर भएका मध्ये कक्षा खाली भएका शिक्षकबाट कक्षा सञ्चालन हुने व्यवस्था मिलाई विद्यार्थीको कक्षा नछुट्ने गरी विद्यालय सञ्चालनको व्यवस्था मिलाई त्यस्तो नियमितामा सहयोग गर्ने शिक्षकलाई अभिलेखका आधारमा विशेष प्रोत्साहन गरिनेछ ।

३.२.३ मौजुदा शिक्षकबाट कक्षा सञ्चालन हुन नसकेमा त्यसदिन प्रविधिमा योग्य शिक्षक, सम्बन्धित स्रोतव्यक्ति आमन्त्रण, अतिरिक्त क्रियाकलाप सञ्चालन, पुस्तकालयमा गएर अध्ययन गर्ने तथा लघुभ्रमण गरेर कक्षा सञ्चालन गर्ने वैकल्पिक व्यवस्था मिलाइनेछ ।

**रणनीति नं ३.३ पाठगत, एकाइगत, मासिक परीक्षा सञ्चालन गरी तत्काल सुधारका लागि शिक्षक, विद्यार्थी र अभिभावक बीच सहकार्य गरी सिकाइ उपलब्धि सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।**

**कार्यनीतिहरु**

३.३.१ सबै शिक्षकहरुलाई वार्षिक शिक्षण सुधार योजना बनाई तदनुरुप कक्षा सञ्चालन गर्न लगाउने साथै प्रअबाट नियमित अनुगमन गराइनेछ ।

३.३.२शिक्षण सुधार योजना कार्यान्यवनका लागि पाठगत, एकाइगत र मासिक परीक्षा सञ्चालन गरी प्राप्त उपलब्धिको सम्बन्धमा विद्यार्थी, शिक्षक र अभिभावकवीच सुधारका सम्बन्धमा साझा कार्ययोजना कार्यान्वयन गरी सिकाइ उपलब्धिमा सुधार ल्याइनेछ ।

३.३.३ शिक्षण सुधार योजना कार्यान्वयनका लागि विज्ञहरुबाट कक्षा अवलोकन,कार्य सञ्चयिका तथा परियोजना कार्य मूल्याङ्कन र आवश्यक पृष्ठपोषण प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति नं४.१ विद्यालयका संरचना निर्माण गर्दा प्रदेश र सङ्घीय सरकारले तयार गरेको भवनसंहिता र मापदण्ड अनुरुप बालमैत्री र अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माण गर्ने,**

**कार्यनीतिहरु**

४.१.१ अब निर्माण हुने विद्यालयका संरचनाहरु प्रदेश सरकार र सङ्घीय सरकारले तयार गरेको भवन संहिता र मापदण्ड अनुरुप गर्न यस सम्बन्धी मुख्यरुपले संलग्न हुने विव्यस अध्यक्ष, प्रअ र सम्बन्धित प्राविधिकलाई अभिमुखीकरण सञ्चालन गरिनेछ ।

४.१.२ विद्यालयका संरचनाहरु बालमैत्री र अपाङ्गमैत्री बनाउन सो सम्बन्धी प्रचलित नीति अवलम्बन गरी लक्षित वर्गका बालबालिकाहरुको शिक्षाको पहुँच सुनिश्चतता गरिनेछ ।

४.१.३ विद्यालयका संरचनाहरु बालमैत्री र अपाङ्गमैत्री निर्माण गरिनुका साथै तिनलाई आकर्षक रङ्गरोकन, उज्यालो र हावा छिर्ने किसिमको निर्माण गरी विद्यालय सञ्चालन गरिनेछ ।

**रणनीति नं ४.२.अब निर्माण हुने नयाँ भवन र कक्षा सञ्चालन भइरहेका भवनमा बालमैत्री, अपाङ्गतामैत्री सन्देशमूलक वालपैन्टिङ्ग र सिकाइका लागि आवश्यक सबै सामग्रीको सुलभ व्यवस्थापन गर्ने,**

**कार्यनीतिहरु**

४.२.१ घरको वातावरणभन्दा विद्यालयको वातावरण आकर्षक भएमा मात्र बालबालिकाहरु रमाएर सिक्छन् भन्ने मान्यता अनुरुप बालमैत्री, अपाङ्गतामैत्री बनाउन आवश्यक सन्देशमूलक फ्लेक्स पैन्टिङ्ग गरिनुका साथै कक्षा कोठाभित्र चाहिने न्यूनतम् शैक्षिक सामग्री तथा अन्य विधुतीय सिकाइ उपकरणहरुको सहज पहुँचको प्रवन्ध मिलाइनेछ ।

४.२.२ बालमैत्री, अपाङ्गतामैत्रीविद्यालय भवन निर्माण गरी कक्षा सञ्चालन गरेका सफल अभ्यास भएका विद्यालयहरुको अनुभव अदानप्रदान र सिकाइका लागि अन्तरविद्यालय भ्रमणको कार्यक्रम सञ्चालन गरिनेछ ।

४.२.३ बालमैत्री, अपाङ्गतामैत्री विद्यालयमा नवीनतम् सूचना तथा प्रविधिको सर्वसुलभ व्यवस्था र आवश्यक तालिमको प्रवन्ध गरिनेछ ।

**रणनीति नं ४.३ कक्षाकोठा वा भवनमा खानेपानी र व्यवस्थित शौचालयको उचित प्रवन्ध गर्ने**

**कार्यनीतिहरु**

४.३.१ विद्यालय स्वच्छता र सरसफाइको मापदण्ड अनुरुप सबै विद्यालयमा खानेपानी र शौचालयको प्रवन्ध गर्न तीनतारा पद्दतिअनुरुप स्वमूल्याङ्कन गर्न लगाई निश्चित अवधिभित्र सबै विद्यालय तीन तारामा पुग्ने गरी अवश्यक समन्वयकासाथ कार्यक्रम सञ्चालन गरिनेछ ।

४.३.२ कक्षाकोठा र शौचालयको सरसफाई र उचित प्रवन्धका लागि अभिभावक, शिक्षक र विद्यार्थी सबै सहभागी हुने गरी आवश्यक समन्वय र सहभागितामा कार्यक्रमको अनुगमनको व्यवस्था मिलाइनेछ ।

४.३.३ विद्यालयका कक्षाकोठा र शौचालय सरसफाइलाई विद्यालय मूल्याङ्कनको आधार बनाई विद्यालयहरुलाई प्रोत्साहन र सहयोग गर्ने नीति कार्यान्वयन गरिनेछ ।

**रणनीति नं ५.१. स्थानीय पाठ्यक्रम, पाठ्पुस्तक प्रबोधीकरण र मुल्याङ्कन सम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने,**

**कार्यनीतिहरु**

५.१.१ नगरपालिकाभर सञ्चालित सबै विद्यालयका स्थानीय विषय अध्यापन गर्ने शिक्षकलाई सम्बन्धित विषयका विज्ञहरुबाट स्थानीय पाठ्यक्रम, पाठ्पुस्तक प्रबोधीकरण र मुल्याङ्कन सम्बन्धी शिक्षक तालिम सञ्चालन गरिनेछ ।

५.१.२ स्थानीय पाठ्यक्रम, पाठ्पुस्तक प्रबोधीकरण र मुल्याङ्कन सम्बन्धी शिक्षक तालिम प्रभावकारिताका लागि नगर शिक्षा शाखा र विज्ञहरुबाट अनुगमन गरी देखिएका समस्याहरु छलफल गरी समाधान गरिनेछ ।

**रणनीति नं५.२ स्थानीय पाठ्यक्रममा आधारित नमूना प्रश्न निर्माण, डमी परीक्षा सञ्चालन र नतिजा विश्लेषण गर्ने**

**कार्यनीतिहरु**

५.२.१ सबै पाठ्यक्रम कार्यान्वयनमा लैजाँदा परीक्षण गर्ने मान्यतानुरुप सम्बन्धित विद्यालयका शिक्षकहरुबाट स्थानीय पाठ्यक्रममा आधारित नमूना प्रश्न निर्माण, डमी परीक्षा सञ्चालन र नतिजा विश्लेषण गरिनेछ ।

५.२.२ स्थानीय पाठ्यक्रममा आधारित नमूना प्रश्न निर्माण, डमी परीक्षा सञ्चालन र नतिजा विश्लेषणबाट प्राप्त नतिजा/निश्कर्षका आधारमा आवश्यक सुधार गरी पाठ्यक्रम कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

**रणनीति नं६.१ इमिस अपडेट गरी प्राप्त तथ्याङ्कको विद्यालयगत, तहगत र विषयगत विवरण तयार गर्ने,**

**कार्यनीतिहरु**

६.१.१ बैशाख महिनाभर भर्ना भएका सबै बालबालिकाहरुको विवरण शिक्षा तथा मानवस्रोत विकास केन्द्रले उपलब्ध गराएको सफ्टवेरमा प्रविष्ट गरी विद्यालयगत, तहगत र विषयगत विवरण तयार गर्न सबै सामुदायिक/संस्थागत/ धार्मिक विद्यालयहरुको क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

६.१.२ सबै विद्यालयगत, तहगत र विषयगत विवरण समावेश भएको स्कूल रिपोर्टकार्ड तयार गर्न लगाइनुका साथै विद्यालय मुल्याङ्कन, बजेट/कार्यक्रम वितरण र कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६.१.३ IEMIS कै आधारमा विद्यार्थी ट्र्याकिङ्ग, विद्यालयको स्तरवृद्धि र अन्य निकायमा कार्यक्रमका लागि सिफारिस गर्दा यसलाई मुख्य आधार बनाइनेछ ।

**रणनीति नं६.२ रिक्त भएको कम्तीमा एक महिनाभित्र अर्को शिक्षक व्यवस्थापन हुने व्यवस्था मिलाउने;**

**कार्यनीतिहरु**

६.२.१ शिक्षक व्यवस्थापन विद्यार्थीको सिकाइ उपलब्धिका लागि भएकोले सङ्घीय सरकार/प्रदेश सरकारसँग समेत आवश्यक समन्वय गरी रिक्त दरबन्दीमा तत्काल शिक्षक पदपूर्ति हुने व्यवस्था मिलाइनेछ ।

६.२.२ एकै समयमा रिक्त भएका सशर्त अनुदान र नगर अनुदान तर्फका दुई वा सोभन्दा बढी विद्यालयहरुको परीक्षा एकैसमयमा गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

**रणनीति नं ६.३ विद्यालयगत तथ्याङ्क विश्लेषण गरी प्राप्त विवरणमा प्रचलित नीति बमोजिम विषयगत र कक्षागत दरबन्दी व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरु**

६.३.१ स्वीकृतप्राप्त र अनुमतिप्राप्त विद्यालयहरुको विवरण तयार गरी न्यूनतम् शिक्षक दरबन्दी उपलब्ध गराउन सम्भावित स्रोतको व्यवस्थापन गरी सबै सामुदायिक विद्यालयहरुमा विषयगत र सङ्ख्यात्मक दरबन्दी मिलान गरिनेछ ।

६.३.२ दरबन्दी मिलान वस्तुनिष्ठ र प्रभावकारी बनाउन नगरपालिकाका शिक्षाका सरोकारपक्षहरु शिक्षा समिति, सामाजिक समिति, नगर कार्यपालिका र नगर सभाबाट आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

६.३.३ विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुबर्ग शिक्षण पद्दतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।

**रणनीति नं७.१ शिक्षामा सूचना तथा प्रविधि सम्बन्धित विषयका विज्ञहरुबाट तालिम सञ्चालन गर्ने,**

**कार्यनीतिहरु**

७.१.१ शिक्षामा नवीन प्रविधिको प्रयोग गरी कक्षा सञ्चालनमा सहयोग पुर्‍याई यस विषयका स्थानीय विज्ञहरुको रोष्टर तयार पारी शिक्षक तालिमको सञ्चालन गरिनेछ ।

७.१.२ सबै सामुदायिक विद्यालयहरुमा सूचना प्रविधि सम्बन्धी न्यूनतम् सामग्रीको व्यवस्थापन गरी शिक्षण सिकाइमा प्रयोग गरिनेछ ।

७.१.३ सूचना प्रविधि र सामग्री मर्मतको उचित प्रबन्ध र पुनःताजगी तालिम सञ्चालन गरी शिक्षकलाई प्रविधिमा अध्यावधिक गराइनेछ ।

**रणनीति नं ७.२ हालसम्म सूचना तथा प्रविधि सम्बन्धी कार्यक्रम प्राप्त गर्न नसकेका विद्यालयलाई आधारभूत तालिम सहित कार्यक्रम उपलब्ध गराउने,**

**कार्यनीतिहरु**

७.२.१ सूचना प्रविधि सम्बन्धी कार्यक्रम प्राप्त गर्न बाँकी विद्यालयलाई कार्यक्रम उपलब्ध गराइनेछ ।

७.२.२ सूचना प्रविधि सम्बन्धी कार्यक्रम प्राप्त गर्न बाँकी विद्यालयका शिक्षकलाई प्रविधिको प्रयोग र सञ्चालनसम्बन्धी आधारभूत तालिम सञ्चालनको व्यवस्था मिलाइनेछ ।

**रणनीति नं७.३ शिक्षामा सूचना तथा प्रविधिसम्बन्धी प्रभावकारी अनुगमन गरी अवश्यक पृष्ठपोषण प्रदान गर्ने**

**कार्यनीतिहरु**

७.३.१ कार्यक्रम प्राप्त गर्ने सबै विद्यालयहरुको विवरण तयार गरी आवश्यकतानुसार स्थलगत र नगरपालिकाबाटै अनुगमन हुने व्यवस्थापन गरिनेछ ।

७.३.२ अनुगमनका क्रममा देखिएका राम्रा र सुधारगर्नुपर्ने पक्षमा सम्बन्धित शिक्षकसँग छलफल र अन्तरक्रिया गरी समस्या समाधान गरिनेछ ।

७.३.३ सूचना प्रविधि सम्बन्धी असल अभ्यास गर्ने विद्यालयको लघु भ्रमण र उत्कृष्ठ शिक्षकलाई उचित प्रोत्साहन गरिनेछ ।

**रणनीति नं ८.१ साक्षरता सम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण गरी यस सम्बन्धी नीति तर्जुमा गर्ने,**

**कार्यनीतिहरु**

८.१.१ नगरपालिकाकामा बसोबास गर्नेहरुमध्ये १५ वर्षभन्दा माथिको निरक्षर जनसङ्ख्याको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी सबैलाई साक्षरता तह, साक्षरोत्तर तह र निरन्तर सिकाइका लागि नीति तर्जुमा गरी लागु गरिनेछ ।

८.१.२ साक्षरोत्तर तह पुरा गरेका जनसङ्ख्याका लागि आयआर्जन र निरन्तर सिकाइका लागि नीति तर्जुमा गरी लागु गरिनेछ ।

**रणनीति नं ८.२ आधारभूत साक्षरता, साक्षरोत्तर र जीवनपर्यन्त शिक्षा सम्बन्धी सहजकर्ता र सुपरीवेक्षकको छनौट र तालिमको व्यवस्था मिलाउने,**

**कार्यनीति**

८.२.१ शिक्षा तथा मानव स्रोतविकास केन्द्रसँग समन्वय गरी निरक्षर जनसङ्ख्यालाई साक्षरता, साक्षरोत्तर र निरन्तर सिकाइका लागि सहजकर्ता र सुपरीवेक्षक छनौट र तालिम सञ्चालन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति नं ८.३ सामुदायिक सिकाइ केन्द्र मार्फत आधारभूत, साक्षरोत्तर, आयआर्जन र जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,**

**कार्यनीतिहरु**

८.३.१ अनौपचारिक शिक्षा सम्बन्धी सबै कार्यक्रमहरु सामुदायिक सिकाइकेन्द्र मार्फत सञ्चालन गरिनेछ ।

८.३.२ सामुदायिक सिकाइ केन्द्र मार्फत आधारभूत, साक्षरोत्तर, आयआर्जन र जीवनपर्यन्त शिक्षा सम्बन्धीकार्यक्रम सञ्चालनको प्रभावकारिताको अनुगमन नगरपालिकाले मिलाउनेछ ।

**रणनीति नं ८.४ विद्यालय स्वागत, भर्ना अभियान र खानेपानी र सरसफाइका क्षेत्रमा टोल विकास संस्थाहरुलाई परिचालन गर्ने**

**कार्यनीतिहरु**

८.४.१ विद्यालयको नजिकै रहेर अनुगमन गरिरहेका टोलविकास संस्थाका प्रतिनिधिहरुलाई विद्यालय स्वागत, भर्ना अभियान र खानेपानी र सरसफाईका क्षेत्रमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

**रणनीति नं ८.५ आधारभूत र साक्षरोत्तर कार्यक्रमको प्रभावकारी अनुगमन गर्ने**

**कार्यनीतिहरु**

८.५.१ आधारभूत र साक्षरोत्तर कार्यक्रमको प्रभावकारी अनुगमनका लागि सामुदायिक सिकाइकेन्द्रहरुलाई परिचालन गरिनेछ ।

८.५.२ कार्यक्रम सञ्चालनमा देखिएका असल अभ्यासहरुलाई आगामी वर्षका नीति निर्माण र योजना तर्जुमा गर्दा सिकाइको रुपमा अनुसरण गरिनेछ ।

**रणनीति नं ९.१ आपतकालमा शिक्षा सम्बन्धी योजना निर्माण गर्ने,**

**कार्यनीतिहरु**

९.१.१ सबै विद्यालयहरुलाई आपतकालमा शिक्षा योजना तयारी र आपतकालीन पूर्वतयारी सम्बन्धी विद्यार्थीहरुलाई अभ्यास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

९.१.२ आपतकालमा शिक्षा र विद्यालय समयमा विपद् भए त्यसको पूर्वतयारी सम्बन्धी कार्यक्रम विद्यालयका मुख्य सरोकारवालाहरुको सहभागितामा विद्यालय सुधार योजनामा समावेश गर्ने र योजनामा समावेश गर्ने कार्यक्रममा मात्र सहयोग हुने व्यवस्था मिलाइनेछ ।

**रणनीति नं ९.२ सूचना प्रविधि सम्बन्धी सूचना सङ्कलन र प्रसारणका लागि विधुतीय, छापा र अनलाइन प्रविधिबाट कार्यक्रम सञ्चालन गर्ने,**

**कार्यनीतिहरु**

९.२.१ आपतकालमा शिक्षा सम्बन्धी सूचना प्रविधि सम्बन्धी सूचना सङ्कलन र प्रशारणका लागि नगरपालिका भित्ररहेका विधुतीय, छापा र अनलाइन माध्यम र विद्यालयहरुलाई परिचालन गरिनेछ ।

९.२.२ आपतकालमा बालबालिकाको सिकाइ निरन्तरता र वैकल्पिक माध्यमबाट कार्यक्रम सञ्चालनका लागि नवीन सूचना र प्रविधिलाई उपयोगमा ल्याइनेछ ।

**रणनीति नं ९.३ आपतकालबाट सामान्य अवस्थामा जानकालागि आवश्यक नीति तर्जुमागरी कार्यान्वयन गर्ने,**

**कार्यनीतिहरु**

९.३.१ आपतकालबाट सामान्यतया दुईदेखि तीनहप्ताभित्र सामान्य अवस्थामा पुर्याउन विभिन्न संस्थाहरुवीच समन्वय गरिनेछ ।

९.३.२ आपतकालमा बालबालिकाहरुलाई मनोसामाजिक परामर्शदाताहरुबाट परामर्श सेवा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति नं १०.१ प्राविधिक र व्यावसायिक शिक्षाको सम्भाव्यता भएका स्थानमा शिक्षालय स्थापना, जनशक्ती प्रक्षेपण गर्ने र व्यवस्थापन गरी सञ्चालन गर्ने,**

**कार्यनीतिहरु**

१०.१.१ प्राविधिक र व्यावसायिक शिक्षाको सम्भाव्यता भएको बाहुण्डाँगी क्षेत्रमा अहिले सञ्चालनमा भए बाहेकका विषयमा व्यवसायिक शिक्षाका विषयको पठनपाठन हुने शिक्षालय स्थापनाका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

१०.१.२ प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१०.१.३माध्यमिक शिक्षाको परीक्षामा सामेल भैसकेका विद्यार्थीहरुलाई सिपयुक्त तथा पढ्दै कमाउदै कार्यक्रम मार्फत प्राविधिकधार सञ्चालन नभएका विद्यालयहरुमा पनि विस्तार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**रणनीति नं १०.२ उत्पादित जनशक्तिको रोजगारीका लागि बजार प्रवर्धन गर्ने,**

**कार्यनीतिहरु**

१०.२.१ प्राविधिक र व्यावसायिक शिक्षा प्राप्त गर्ने जनशक्ति र बजारमा खपत हुने जनशक्तिको प्रक्षेपण योजना अनुसार स्थापना भएका शिक्षालयहरुलाई आफ्नो आवधिक योजना पेश गर्न लगाई सो कार्ययोजना अनुसारका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.२.२ प्राविधिक र व्यावसायिक शिक्षालयबाट उत्पादित जनशक्ति मध्ये स्वरोजगार भएका र माथिल्लो योग्यता प्राप्त गर्न जाने जनशक्तिको विवरण लिई भावी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०.२.३ मेचीनगरको बाहुण्डाँगी क्षेत्रमा बालीविज्ञान विषयको थप प्राविधिक धार ( कक्षा ९-१२) सञ्चालनका लागि नीतिगत व्यवस्था र कार्यक्रम प्राप्तिका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनुका साथै माध्यमिक शिक्षाको परीक्षामा सहभागी भैसकेका विद्यार्थीलाई लक्षित गरी छोटो अवधिको सिपमूलक तालिममा सहभागी गराउने व्यवस्था मिलाइनेछ ।

## २.६ अपेक्षित उपलब्धिः

१. विद्यालय जाने उमेरका सबै बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ ।

२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित भएको हुनेछ ।

३. विद्यालय शिक्षाको पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरु हाँसिल भएको हुनेछ ।

४. बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार भएको हुनेछ ।

५. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

६. विद्यार्थी सङ्ख्याका आधारमा विषयगत र कक्षागत शिक्षक दरबन्दीको व्यवस्थापन भएको हुनेछ ।

७.शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

८.आधारभूत साक्षरता, साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु सुनिश्चित भएको हुनेछ ।

९.आपतकालीन अवस्थामा विद्यार्थीको सिकाइ निरन्तरताको लागि वैकल्पिक शिक्षाको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

१०. प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार भएको हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

यस तालिकामा स्थानीय तहले विद्यालय शिक्षा क्षेत्र योजनाले निर्दिष्ट गरेका मुख्य मुख्य कार्यसम्पादन सूचकहरुको आधारमा आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षको लक्ष्य निर्धारण गर्नुपर्दछ ।

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७७ | २०७९ | २०८२ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| | | स्थानीय | ११५.४ | ११५.४ | १०५.० | १०० | IEMIS | विद्यालय |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| | | स्थानीय | ९५.२ | ९५.२ | ९६.० | १०० | | |
| | | प्रदेश | ९५.२ | ९६.० | ९८.० | १०० | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| | | स्थानीय | ६६ | ६८ | ७५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| | | स्थानीय | १३८.३ | १३८.३ | ११५ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| | | स्थानीय | ९६.८ | ९७.० | ९८ | १००.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| | | स्थानीय | ११९.२ | ११५.० | १०५.० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| | | स्थानीय | ९८.३ | ९९.० | ९९.० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| | | स्थानीय | ११३ | ११३ | १०७ | १०२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९४.१ | ९४.१ | ९६.५ | ९८.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| | | स्थानीय | ९६.० | ९७.० | ९८.० | ९९.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| | | स्थानीय | १८.० | १५.० | १०.० | १०.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| | | स्थानीय | ०.९ | ०.९ | १.० | १.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| | | स्थानीय | ८७.५ | ८७.५ | ९०.० | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| | | स्थानीय | १०५.७ | १०५.७ | १०२.० | १००.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| | | स्थानीय | ८४.१ | ८६.० | ९०.० | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| | | स्थानीय | ८६.० | ८७.० | ८८.० | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| | | स्थानीय | १.० | १.० | १.० | १.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| | | स्थानीय | ५५.० | ५९.० | ६५.० | ७५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | स्थानीय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या (%) | | प्रदेश | सोही बमोजिम पछि राखिने | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | | स्थानीय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | | स्थानीय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | | स्थानीय | ४८.३ | ५०.० | ६०.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | | स्थानीय | ६८.५ | ७० | ७५ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | | स्थानीय | ५५.५ | ६२.० | ६८.० | ७५.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | | स्थानीय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| | | | स्थानीय | ३.१ | ३.० | २.५ | 00 | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | | स्थानीय | ६.० | २.५ | १.० | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| | | | स्थानीय | ३९.० | ३९.० | ४५.० | ५०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| | | | स्थानीय | ३९.४ | ५०.० | ६०.० | ६५.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना दर* (%) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५.० | | | |
| | | स्थानीय | | ६४.५ | ७०.० | ७५.० | ८०.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| | | स्थानीय | | १.१ | १.० | १.० | १.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.० | १.० | १.० | | |
| | | स्थानीय | | ९८.० | ९८.० | ९९.० | १००.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| | | स्थानीय | | ६०.० | ६५.० | ७०.० | ८०.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| | | स्थानीय | | २४.० | ३०.० | ३५.० | ४०.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | | |
| | | स्थानीय | | २१.४ | २१.४ | ३० | ३५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| | | | विज्ञान | ५५ | ५५ | ५५ | ५५ | | |
| | | | प्रा. व्या. | ४५ | ४५ | ४५ | ४५ | | |
| | | | विज्ञान | | | | | | |
| | | | प्रा. व्या. | | | | | | |
| | | | विज्ञान | | | १५.० | | | |
| | | | प्रा. व्या. | १०.० | १७.० | ३०.० | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइउपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ९० | ९३ | ९६ | **९८** | १०० | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | | स्थानीय | ८० | ८४ | **८८** | **९२** | ९४ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | | स्थानीय | ८० | ८४ | **८८** | **९२** | ९४ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | | स्थानीय | ८० | ८२ | **८४** | **८८** | ९६ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| | | स्थानीय | | ९५. | ९६.८ | ९८.० | १००.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **५८.०** | | **९५.०** | | | |
| | | स्थानीय | | ८३.३ | ८३.३ | ८८.० | ९५.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **८२.०** | **८९.०** | **९५.०** | **१००** | | |
| | | स्थानीय | | ७५.३ | ७५.३ | ९५.० | ९५.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **९२.०** | | **९९.०** | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | .७८ | .७८ | .८८ | १.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **०.६५** | | | **०.८०** | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| | | स्थानीय | | **२२.०** | **३०.०** | **५०.०** | **७५.०** | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **३१.०** | ४०.० | **५०.०** | **७५.०** | | |
| | | | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| | | स्थानीय | | १५:१ | १५.५८:१ | २०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| | | स्थानीय | | ४० :१ | ४० :१ | ३५:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| | | स्थानीय | | २१.५:१ | २१.५:१ | २३.०:१ | २५.०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| | | स्थानीय | | ३२:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| | | स्थानीय | | १३५:१ | १३५:१ | ३५:१ | ३०:१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी:शिक्षक अनुपात | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **७.** | **उच्च शिक्षा** | | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२.० | १७.० | २२.० | २५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.९० | ०.९४ | ०.९६ | १.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २५.० | | ३३.० | | | |
| **८.** | **शिक्षामा लगानी** | | | | | | | |
| | | स्थानीय | .९५ | १.९४ | ५.० | २० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| | | स्थानीय | २० | २२ | २४ | २५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| | | स्थानीय | १५ | १६ | १८ | २० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३ :विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

यस परिच्छेदमा विद्यालय शिक्षाक्षेत्रका मुख्यमुख्य उपक्षेत्रहरु जस्तै प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, साक्षरोत्तर जीवनपर्यन्त शिक्षा, शिक्षक व्यवस्थापन र विकासको वर्तमान अवस्थाको समीक्षा गरी थप व्यवस्थित गरी कार्यक्रम सञ्चालन गर्न यी विषयहरुको परिचय, उद्देश्यहरु, रणनीतिहरु, अपेक्षित उपलब्धिहरु तथा मुख्य मुख्य क्रियाकलापहरु जस्ता उपशीर्षकमा विभाजनका साथै विश्लेषण गरी प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

## ३.१ प्रारम्भिक बालबविकास र शिक्षा

### ३.१.१ परिचय

यो कार्यक्रम वर्तमान विद्यालय शिक्षाको संरचनामा आधारभूत र माध्यमिक शिक्षाको शिक्षा भन्दा अघि विद्यालय जानलाई पूर्वतयारी गर्ने समूहका बालवालिकाहरुका लागि सञ्चालित कार्यक्रमको रुपमा लिइएको पाइन्छ । विद्यालय जाने उमेरभन्दा ठीक पूर्वका बालवालिकाहरुको सर्वाङ्गीण विकास अन्तर्गत बालवालिकाहरुको शारीरिक , वौद्धिक, सामाजिक तथा संवेगात्मक विकासलाई समान किसिमले विकास गराइ विद्यालय शिक्षाप्रति आकर्षण र तयारी गर्न यो क्षेत्रसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ ।प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमले बालवालिकाहरुलाई लेखपढ गराउने वा अङ्क र अक्षर चिनाउने कार्यमा जोडदिने भन्दा पनि उनीहरुको चौतर्फी विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाका लागि तयारी गराउन स्वावलम्बी सीप सिकाउने, स्वास्थ्य र सरसफाइप्रति सकारात्मक परिवर्तन गराउन यो क्षेत्रका कार्यक्रमले बल पुर्याउनेछ ।हाम्रा विद्यालयहरुमा ५ वर्षको उमेरमा कक्षा १ मा भर्ना हुनेभएकोले प्रारम्भिक बालविकास रणनीति अनुसार ४ वर्षका बालबालिकाका लागि एक वर्षको यो कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था देखिन्छ ।

### ३.१.२ वर्तमान अवस्था

यस कार्यसँग सम्बन्धित मेचीनगर नगरपालिकाको तथ्याङ्कीय अवस्था निम्नानुसारको रहेको छ :

- प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या : ८६
- प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक शिक्षामा बालवालिकाको सङ्ख्या : ५४१९
- प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक शिक्षामा ४ वर्ष उमेर समूहको बालवालिकाको सङ्ख्या : ४२१५

- खुद भर्ना दर : ६६%
- कुल भर्ना दर : ११५.४ %
- कक्षा १ मा प्रारम्भिकबालविकास उमेर समूहको अनुभवसहितको भर्ना दर : ९५.२ %
- लैङ्गिक समता सूचक : .८४ (छात्रा २०२९ र छात्र २३९९)

**स्थानीय तहमा प्रारम्भिक बालविकास र शिक्षा कार्यान्वयनको अवस्था** :

यस नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा यो कार्यक्रम सञ्चालनमा रहेको छ । सामुदायिक विद्यालयमध्ये १ विद्यालयमा यो कार्यक्रम सञ्चालन भएको छैन भने संस्थागत विद्यालयमा पूर्वप्राथमिक कक्षा सञ्चालनमा रहेको छन् ।पहिलेदेखि कार्यरत सहजकर्ताहरु अहिले तोकिएको भन्दा कम योग्यता प्राप्त गरेका छन् भने अहिलेको अवस्थामा न्यूनतम् शिक्षा विषय/समूहबाट कक्षा १२ उत्तीर्ण योग्यता भएका कार्यरत रहेका छन् ।संस्थागत विद्यालयमा पुर्वप्राथमिक कक्षामा कार्यरत शिक्षकहरु न्यूनतम् योग्यताका अतिरिक्त मन्टेश्वरी र किन्डरगार्टेन तालिम लिएका शिक्षकहरु कार्यरत भएको पाइन्छ ।मेचीनगर नगरपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरुमा कार्यरत ८६ जना सहजकर्ताहरु महिला रहेका छन् भने संस्थागत विद्यालयहरुमा अधिकांश महिला रहेका छन् ।

सेतो गुराँस बालविकास केन्द्रको प्राविधिक सहयोगमा भएको अभिभावक शिक्षाको कार्यक्रम प्रभावकारी रहेको छ, तर सबै विद्यालयहरुलाई समेट्न सकिएको छैन ।सबै बालविकास केन्द्रहरुलाई सहभागी गराई कार्यक्रम सञ्चालन गर्नसक्दा बालविकास तथा शिक्षा कार्यक्रममा पहुँच अभिवृद्धि, नियमितता सुधार र गुणस्तरमा सुधार हुनसक्ने देखिन्छ ।समुदाय परिचालनका क्षेत्रमा अभिभावक शिक्षा, आमासमूह परिचालन, विव्यस र शिअसंघलाई कार्यक्रममा सहभागी गराउन आवश्यक देखिन्छ ।

प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा नेपाल सरकारबाट सहजकर्ताको पारिश्रमिक मासिक १० हजार, चाडवाड खर्च वार्षिक १० हजार र शैक्षिक सामग्री व्यवस्थापन वापत वार्षिक प्रति बालवालिका वार्षिक पाँच सय रकम प्राप्त हुन्छ भने बालविकास कक्षामा रहेका सामुदायिक विद्यालयका सबै बालवालिकाहरुलाई दिवा खाजा वापत दैनिक रु १५।- उपलब्ध गराएकोछ भने मेचीनगर नगरपालिकाले सहजकर्ताको पारिश्रमिक मासिक ७ हजार थप उपलब्ध गराएको छ ।उल्लेखित बाहेक प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा हालसम्म अन्य लगानी भएको छैन ।

**समस्या र चुनौतीहरु**

- प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सबै बालबालिकाको पहुँच सुनिश्चित नहुनु,
- प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित नहुनु,
- नगरभित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरु नमुना बन्न नसक्नु ।

**३.१.३उद्देश्य**

१. प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सबै बालवालिकाको पहुँच सुनिश्चित गर्नु,

२.प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु,

३.सबै बालवालिकाहरुलाई प्रारम्भिक बाल शिक्षा तथा पूर्वप्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु।

४. बालविकास केन्द्रहरुलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड अनुरुप विकास गर्नु।

**३.१.४ रणनीतिहरु**

**उद्देश्य नं १ सँग सम्बन्धित**

१.१.१ विद्यालयमा बालबालिकाका लागि अनुकूल वातावरण र सिकाइ क्षेत्र भएको आकर्षक कक्षा व्यवस्थापन गर्ने,

१.१.२ अभिभावक सचेतना कार्यक्रम सहित बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई भर्ना तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्ने,

१.१.३ बालबालिकाको नियमितता र चौतर्फी विकासका लागि साप्ताहिक रुपमा अभिभावकसँग छलफल र कक्षा सञ्चालन र सिकाइ क्रियाकलापवारे एकअर्काले गर्ने जिम्मेवारी वारे छलफल र अन्तर्क्रिया गर्ने ।

**उद्देश्य नं २ सँग सम्बन्धित**

१.२.१ प्रत्येक शैक्षिक वर्षको सुरुमा अभिभावकहरुको सहभागितामा बालविकास कक्षाका लागि चाहिने शैक्षिक सामग्रीको निर्माण, सङ्कलन र व्यवस्थापन गर्ने,

१.२.२ प्रत्येक शैक्षिक वर्षको सुरुदेखि नै बालबालिकाको पोषण र सरसफाइका सम्बन्धमा विद्यालय नर्स, स्वास्थ्य स्वयंसेविका, अभिभावक, सहजकर्ता र विद्यालयका प्राथमिक तहका शिक्षकहरु वीच बालबालिकाको चौतर्फी विकासका लागि सहकार्य र समन्वयका गर्ने,

१.२.३ सम्बन्धित वार्डको अगुवाइमा बालविकास केन्द्रको सञ्चालन अवस्थाको अनुगमन गरी सफल अभ्यासहरुलाई अर्को बालविकास केन्द्रसम्म पुऱ्याउने,

१.२.४ प्रत्येक बालवालिकाको मुल्याङ्कन अभिलेख र कार्यसञ्चयिका अध्यावधिक गरी बालवालिकाको सिकाइ र प्रगतिका सम्बन्धमा अभिभावकसँग नियमित छलफल गर्नुका साथै कक्षा १ मा अभियानकासाथ सबै बालवालिकाहरुको भर्ना गर्ने।

**उद्देश्य नं ३ सँग सम्बन्धित**

१.३.१ नगरका सबै बालविकास केन्द्रहरुको विस्तृत विवरण र सञ्चालन अवस्थाको तथ्याङ्क सङ्कलन गर्ने,

१.३.२ प्राप्त तथ्याङ्कका आधारमा प्रत्येक वडामा सबै मापदण्डहरु अनुरुपको एक/एक वडा नमूना बालविकास केन्द्रहरु सञ्चालन गर्ने,

१.३.३ बालविकासका सबै मापदण्डहरु अनुरुपको नमुना बालविकास केन्द्रहरुमा आवश्यक सहयोग र व्यवस्थापन जुटाई त्यहाँका सफल अभ्यास र सिकाइहरु अन्य बालविकास केन्द्रहरुमा उपयोग गर्ने ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१ प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको विद्यालयमा पहुँच भएको हुनेछ ।

२ सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

**प्रमुख नतिजा**

१ प्रारम्भिक बालविकास तथा शिक्षाको सहजैदेखिने भर्ना दर १०५ % पुगेको हुनेछ ।

२ प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका बालबालिकाहरुको प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर ९८ % पुगेको हुनेछ ।

३ सबै प्रारम्भिक बालविकास केन्द्रहरुले न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन् ।

४ सतप्रतिसत सहजकर्ताहरुले तालिम लिएका हुनेछन् ।

५ प्रत्येक वडामा एक/एक वटा नमुना प्रारम्भिक बालविकास शिक्षाका केन्द्रहरु सञ्चालन भएका हुनेछन ।

६ प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्गसंस्था र विद्यालयहरु जिम्मेवार भएका हुनेछन् ।

## प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १०वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम् मापदण्ड प्रवोधीकरण | जना | १८ | १८ | १८ | १८ | १८ | ९० | ९० | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रको नक्शाङ्कन तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षाका कार्यक्रम सञ्चालन | केन्द्र | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | परिवार, समुदाय, गैसस तथा निजी क्षेत्रसँगको सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | बालबालिकाको अभिलेखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक परिवार सेवा योजना | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | पोषणयुक्त दिवाखाजाको व्यवस्था | केन्द्र | ३६ | ३६ | १८ | ० | ० | ९० | ९० | |
| ९ | बालबिकासको पाठ्यक्रम प्रवोधीकरण | जना | ४५ | ४५ | ० | ० | ० | ९० | ९० | |
| १० | बालविकास केन्द्रको पूर्वाधार, सिकाइक्षेत्र, तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र | ३६ | ३६ | १८ | ० | ० | ९० | ९० | |
| ११ | सहजकर्ताको योग्यता र क्षमताविकास | जना | ९० | ० | ० | ० | ० | ९० | ९० | |
| १२ | बालबालिकाको स्वास्थ्यजाँच,खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रवन्ध | जना | ९० | ० | ० | ० | ० | ९० | ९० | |
| १३ | स्थानीय भाषालाई प्राथमिकता दिइ आवश्यक | केन्द्र | ३६ | ३६ | १८ | ० | ० | ९० | ९० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुसार स्थानीय भाषाको प्रयोग | | | | | | | | | |
| १४ | अभिभावक शिक्षा | केन्द्र | ३६ | ३६ | १८ | ० | ० | ९० | ९० | |
| १५ | अभिभावक तथा स्थानीय समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सीपहरु सिकाउने व्यवस्था | केन्द्र | ३६ | ३६ | १८ | ० | ० | ९० | ९० | |
| १६ | बालबालिकालाई मनोसामाजिक परामर्श | केन्द्र | ० | ३६ | ३६ | १८ | ० | ९० | ९० | |
| १७ | परिवार, समुदाय,नीजीक्षेत्र तथा गैरसरकारी संस्थाहरुको सहभागिता अभिवृद्धि कार्यक्रम | केन्द्र | ० | ३६ | ३६ | १८ | ० | ९० | ९० | |
| १८ | IEMIS व्यवस्थापन | केन्द्र | ९० | ९० | ९० | ९० | ९० | ९० | ९० | |
| १९ | आयाको व्यवस्था | केन्द्र | ० | १२ | १२ | १२ | ६ | ४२ | ४२ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालमा प्रचलित कानून बमोजिम कक्षा १ देखि ८ सम्म दिइने शिक्षालाई आधारभूत शिक्षा भनिन्छ ।यस तहको शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ ।यसले सिकारुलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ ।हाम्रो संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रुपमा लिई यो तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेको छ ।यसरी आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ र निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था रहेको छ ।आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य उल्लेख भएको छ ।यसैले आधारभूत तहसम्मको शिक्षालाई सबैको पहुँचमा पुऱ्याउन यस सम्बन्धी आवश्यक कार्यक्रम र कार्यान्वयनको खाका बनाइ व्यवस्थित गर्नु आवश्यक भएको छ ।

### ३.२.२ वर्तमान अवस्था

**आधारभूत शिक्षामा पहुँचको अवस्था :**

मेचीनगर नगरपालिकामा सामुदायिक, संस्थागत र धार्मिक गरी जम्मा १०५ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् ।सामुदायिकतर्फ कक्षा ( १–५) चलेका १५, कक्षा ( १–८ )चलेका १०, कक्षा ( १–१० )चलेका ८ र कक्षा ( १–१२ )चलेका ९ वटा गरी जम्मा ४२ वटा रहेका छन् ।त्यस्तै संस्थागत तर्फ कक्षा ( १–५) चलेका ४ वटा, कक्षा ( १–८ )चलेका ११, कक्षा ( १–१० )चलेका ४० वटा र कक्षा ( १–१२ )चलेका ४

वटा गरी जम्मा ५९ वटा रहेका छन् । धार्मिक तर्फ ४ वटा विद्यालयहरु सञ्चालनमा रहेकोमा गुरुकूल/आश्रम ३ वटा र मदरसा १ सञ्चालनमा रहेका छन् ।

IEMIS २०७८ का अनुसार आधारभूत तहमा ५०.७९ प्रतिशत छात्रा र ४९.२० प्रतिशत छात्र सामुदायिक विद्यालयमा रहेका छन भने संस्थागत तर्फ ४६.२८ प्रतिशत छात्रा र ५३.७१ प्रतिशत छात्र रहेका छन्। समग्रमा ४८ प्रतिशत बालबालिका आधारभूत तहमा रहेका छन्।

त्यसै गरी नगरपालिकामा कार्यरत कुल शिक्षकहरु मध्ये ८१ प्रतिशत शिक्षक आधारभूत तहमा रहेका छन्। जस मध्ये ८२ प्रतिशत स्थायी, ६.७७ प्रतिशत अस्थायी तथा १० प्रतिशत शिक्षक राहात दरबन्दीमा कार्यरत छन भने नगरपालिकाले आफ्नै स्रोतबाट तलब भत्ता दिने गरी १.३५ प्रतिशत शिक्षक आधारभूत तहमा नियुक्ति गरेको छ।

त्यसै गरी यस नगरभित्र हरेक शैक्षिक सत्रमा आधारभूत तहका विद्यार्थीहरुको सङ्ख्या सामान्य वृद्धि भएको छ। यसै गरी विद्यार्थी भर्नादरमा सामान्य सुधार भएको देखिन्छ। आधारभूत तहको सिकाइ उपलब्धि ५६ प्रतिशत औषत मात्र हुनु र कक्षा ८ को सिकाइ उपलब्धिमा खासै सुधार नहुनुले शिक्षण सिकाइको क्षेत्रमा सुधारको आवश्यकता देखिन्छ।

आधारभूत तहको विस्तृत स्थिति तल प्रस्तुत गरिएको छ ।

| क.स | क्षेत्रहरु | आ.व २०७५/०७६ | आ.व २०७६/०७७ | आ.व २०७७/०७८ | आ.व २०७८/०७९ |
|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयको संख्या | ४१ | ४१ | ४२ | ४२ |
| २ | संस्थागत विद्यालयको संख्या | ५८ | ५८ | ५८ | ५८ |
| ३ | धार्मिक विद्यालयको संख्या | ३ | ३ | ४ | ४ |
| ४ | कक्षा १-८ को सामुदायिक विद्यालयको विद्यार्थी संख्या | ८७८५ | ८७९२ | ८८०२ | ८०२९ |
| ५ | कक्षा १-८ को संस्थागत विद्यालयको विद्यार्थी संख्या | ११५०९ | ११५१४ | ११५३४ | ११७१६ |
| ६ | कक्षा १-८ को धार्मिक विद्यालयको विद्यार्थी संख्या | १५७ | १५९ | १९५ | २७७ |
| ७ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका प्रतिशत | ९४.७६ | ९४.७८ | ९५.0 | ९५.२ |
| ८ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद भर्नादर % | ९८.६ | ९८.७ | ९८.९ | ९९.१ |
| ९ | आधारभूत तह कक्षा ( १-५) मा खुद प्रवेश दर (%) | ९५.८ | ९५.९ | ९६.0 | ९६.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | आधारभूत तह कक्षा (६-८) मा खुद प्रवेश दर(%) | ७७.८ | ७८.0 | ७८.१ | ७८.२ |
| ११ | आधारभूत तह कक्षा ( १-८) मा खुद भर्ना दर (%) | ८६.९ | ८७.१ | ८७.३ | ८७.५ |
| १२ | कक्षा ५ सम्मको टिकाउदर | ९२.६ | ९२.७ | ९२.८ | ९३.० |
| १३ | कक्षा ८ सम्मको टिकाउदर | ८९.६ | ८९.७ | ८९.८ | ९०.0 |
| १४ | आधारभूत तहमा महिला शिक्षक अनुपात | ४०.७ | ४०.८ | ४१.० | ४१.३ |
| १५ | आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात | २०.०० | २०.०० | २०.७३ | २०.७३ |
| १६ | २०७८ मा कक्षा ८ को वार्षिक परीक्षामा २.८ बाट ३.२ ग्रेड ल्याउने | ५३७ | ५६५ | ५५१ | ५२४ |
| १७ | २०७८ मा कक्षा ८ को वार्षिक परीक्षामा ३.२ बाट ३.६ ग्रेड ल्याउने | ४२६ | ४३७ | ४२८ | ३५३ |
| १८ | २०७८ मा कक्षा ८ को वार्षिक परीक्षामा ३.६ बाट ४ ग्रेड ल्याउने | २४८ | २६३ | २७१ | २३४ |
| १९ | २०७८ मा कक्षा ८ को वार्षिक परीक्षामा २.८ भन्दा कम ग्रेड ल्याउने | ६७९ | ७०३ | ७१६ | ८४८ |

*स्रोत: IEMIS 2079*

IEMIS 2079 अनुसारका अधारभूत तह कक्षा १–८ मा रहेका विद्यार्थीहरुको विवरण यसप्रकार रहेको छ :

| **किसिम** | **कक्षा १–५** | | | **कक्षा ६–८** | | | **जम्मा** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| सामुदायिक | २२२२ | २२७६ | ४४९८ | १८५६ | १६७५ | ३५२१ | ४०७८ | ३९५१ | ८०२९ |
| संस्थागत | ३६४९ | ४२७३ | ७९२२ | १७७४ | २०२० | ३७९४ | ५४२३ | ६२९३ | ११७१६ |
| धार्मिक | ९९ | १७८ | २७७ | ० | ० | ० | ९९ | १७८ | २७७ |
| जम्मा | ५९७० | ६७२७ | १२६९७ | ३६३० | ३६९५ | ७३२५ | ९६०० | १०४२२ | २००२२ |

*स्रोत: IEMIS 2079*

माथिको तालिकाको आधारमा आधारभूत शिक्षाको पहुँचमा भएको हालसम्मको उपलब्धिलाई निरन्तरता दिदै वर्तमान अवस्थाको समीक्षाको आधारमा देखिएका चुनौतीहरु पहिचान गरी गुणस्तरीय आधारभूत शिक्षाका लागि विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधि मैत्री र गुणस्तरीय बनाई दक्ष एवम् सिपमूलक जनशक्ति उत्पादन गर्ने गरी सुखी नागरिक बसोबास गर्ने नगरपालिका बनाउने सुन्दर लक्ष्यका साथ आगामी १० वर्षका लागि यस मेचीनगर नगरपालिकाको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा साथै प्रमुख क्रियाकलाप समेत उल्लेख गरी शिक्षाको १० वर्षे गुरुयोजना निर्माण गरिएको छ।यस योजनाको सफल कार्यान्यनबाट बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुग्ने विश्वासका साथ मेचीनगर नगरपालिकाको शिक्षा क्षेत्र अन्तर्गत आधारभूत तहको मार्गदर्शक १० वर्षे नगर शिक्षा योजना हो।

### ३.२.२ उद्देश्यहरु

विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री र गुणस्तरीय बनाई आधारभूत शिक्षाको सुनिश्चितता गर्न मेचीनगर नगरपालिकाको १० वर्षे शिक्षा योजनाको आधारभूत तहको लक्ष्यहरु यसप्रकार छन् :-

१. ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा समतामुलक पहँच सुनिश्चित गर्ने,

२. आधारभूत तहका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्ने,

३. सिकाइ सुधारको लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउने,

४. आधारभूत तह पूरा गर्ने बालबालिकाहरुको सङ्ख्यामा उल्लेखनीय सुधार ल्याउने,

### ३.२.४ रणनीतिहरु

१. विद्यालय बाहिर रहेका विद्यालय उमेरसमूहका बालबालिकाहरुको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।

२.जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थी तथा सीमान्तकृत समूहका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी शिक्षामा पहुँच अभिवृद्धि गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

३. विद्यार्थीलाई टिकाइ राख्न स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वास्थ्यकर दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिभावक र स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्ने।

४. उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोहोर्‍याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमश न्यूनीकरण गर्दै लैजाने।

५. बालबालिकाहरुलाई आधारभूत तहको न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन निरन्तर मूल्याङ्कन गर्दै विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गर्ने।

६. प्राथमिकताको आधारमा विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित आवश्यक न्यूनतम भौतिक सुविधाको प्रबन्ध गर्ने।

७. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी बिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्दति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरुको अवलम्वन गर्ने।

८. कक्षा ३ सम्म कक्षा शिक्षण पद्धतिलाई कार्यान्वयन गर्ने।

९. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने।

११. भौतिक निर्माणको कार्यलाई "आफ्नो विद्यालय आफैं बनाऔं" भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिने ।

१२. विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई प्राथमिकता दिई शिक्षण सिकाइ कार्य अगाडि बढाउने।

१३. विद्यार्थीको सिकाइ उपलब्धिलाई विद्यालयस्तर तथा पालिका स्तरमा विश्लेषण गरी समीक्षा सहित सुधार योजना तयार गरी लागु गर्ने।

१४. प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापनका लागि प्रत्येक आधारभूत विद्यालयमा इन्टरनेट, कम्प्यूटर, लगायतका सुविधा विस्तार तथा अभिवृद्धिका लागि बजेटको व्यवस्था गर्ने।

१५. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरुलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने।

१६. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत सम्पूर्ण पदाधिकारीहरुको क्षमता विकास एंव अभिभावक अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने।

१७. संघीय मापदण्ड अनुसार यस नगरपालिकाले आवश्यक समन्वय गरी विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने।

१८. अति विपन्न बालबालिकालाई अभिभावकत्व प्रदान गर्ने।

### ३.२.५.उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

१. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।

२. प्रत्येक विद्यालयमा इन्टरनेट जडान गरी आधारभूत शिक्षालाई प्रविधिमैत्री बनाउदै लगिनेछ।

**प्रमुख नतिजाहरु**

१. सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहुँचमा हुनेछन।

२. आधारभूत तह पूरा गर्ने बालबालिकहरुले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्।

३. आवश्यक संख्यामा योग्य तालिम प्राप्त शिक्षकको व्यवस्था भएको हुनेछ।

४. विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री र समावेशी वातावरणमा सिकाइ क्रियाकलाप सञ्चालन भएको हुनेछ।

५. विद्यालयमा स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवा खाजाको प्रबन्ध भएको हुनेछ।

६. सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुनेछ।

**प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण**

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | २ | नगरपालिका |
| २ | शिक्षकको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका तथा विद्यालय |
| ४ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४२ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वास्थ्यकर दिवा खाजाको व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका तथा विद्यालय |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका तथा विद्यालय |
| ७ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका तथा विद्यालय |
| ८ | पाठ्यपुस्तकको व्यवस्था | प्रति विद्यार्थी १ पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका तथा विद्यालय |
| ९ | सन्दर्भ सामाग्रीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| १० | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्यिन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| ११ | वि.व्य.स,शि.अ.संघका पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| १२. | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| १३ | आधारभूत तहको स्थानीय पाठ्यक्रमको परिमार्जन, विकास र प्रयोग | सबै विद्यालय | | | | १ | | १ | २ | न.पा तथा विद्यालय |
| १४ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइस्तर परीक्षण तथा जवाफदेहिता सुनिश्चित गरी सुधारका क्षेत्रहरु पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| १५ | कक्षा १-५ सम्मका बालबालिकाहरुको सिकाइ सहजीकरणका लागि आवश्यकताका आधारमा शैक्षिक सामाग्री व्यवस्थापनका लागि अनुदान व्यवस्थापन | विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४२ | न. पा तथा विद्यालय |
| १६ | प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापनका लागि प्रत्येक आधारभूत विद्यालयमा इन्टरनेट, कम्प्यूटर, लगायतको सुविधा अभिवृद्धिका लागि बजेट व्यवस्थापन गरिने | विद्यालय संख्या | ८ | ८ | ७ | ७ | १२ | ४२ | ४२ | नगरपालिका |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कातिर शिक्षालाई संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। यसरी गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि संविधानले तिनै तहका सरकारलाई जिम्मेबार बनाउने स्पष्ट मार्गनिर्देश गरेको छ। शिक्षा ऐन २०२८(संशोधन सहितले) ले कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तिन प्रकारमा वर्गीकरण गरिएको छ। गुरुकुल, गोन्पा, विहार, मदरसा लगायतका परम्परागत पद्दतिलाई माध्यामिक शिक्षामा समेटिएको छ। माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुने व्यवस्था छ। यस तहको मुख्य उद्देश्य राष्ट्रको आवश्यकता अनुरुप प्रारम्भिक स्तरको दक्ष जनशक्ति उत्पादन गर्नु रहेको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार माध्यमिक शिक्षा कक्षा ९-१२ का १५ वटा तहगत सिकाइ सक्षमताहरुमा मानवीय मूल्य मान्यता र लोकतान्त्रिक संस्कार अवलम्वन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्दन गर्नका लागि सचेत नागरिकको जिम्मेवारी बहन, राष्ट्र र अन्तराष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसाथ गर्दै सभ्य, सुसँस्कृत र समतामूलक समाज निर्माणमा भूमिका निर्वाह गर्दै दैनिक क्रियालापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रुपमा भाषिक सिपको प्रयोग, प्रभावकारी सिकाइ, रचनात्मक तथा विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरुको आदान प्रदान, व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास गर्दै वैज्ञानिक सोचका साथ स्वास्थप्रति सचेत रहदै श्रमप्रति सम्मानका साथ प्राविधिक ज्ञान सिप सहित पेशागत र व्यवस्थापकीय क्षमता विकास गर्ने रहेका छन्।

१५औं योजनाले माध्यमिक शिक्षामा निशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने कुरामा जोड दिएको छ भने शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एंव उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

मेचीनगर नगरपालिकाले माध्यमिक शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री र गुणस्तरीय बनाइ दक्ष एवम् सिपमुलक जनशक्ति उत्पादन गर्ने लक्ष्यलाई आत्मसाथ गरेको छ।

## चुनौती र अवसरहरु

विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ। माध्यमिक तहमा कक्षा छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ। शिक्षण सिकाइ विधि सुधारका लागि सम्पर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। संविधानले माध्यमिक शिक्षा निशुल्क भनेको भए तापनि हाल माध्यमिक तहको शिक्षा पूर्ण रुपमा निशुल्क गर्न सकिएको छैन। शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र.अ.को लागि नेतृत्व सम्बन्धी तालिमहरु सञ्चालन गरेको पाईदैन। उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन :-

१. सबै किसिमका बालबालिकाहरुलाई माध्यामिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,

२. माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवस्थित गर्नु,

३. विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा दक्ष जनशक्तिको व्यवस्था गर्नु,

४. विद्यालय शिक्षालाई विविधता अनुकुल, समावेशी र समतामुलक बनाउनु,

५. माध्यामिक तहसम्मको शिक्षा पूर्णरुपमा निशुल्क गर्नु,

६. भौगोलिक तथा आर्थिकरुपले विद्यालय छोड्ने बालबालिकाको लागि छात्रवासमा बसेर पढ्ने वातावरण बनाई शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिनु,

७. शिक्षकहरुको पेशागत वृत्तिविकासलाई व्यवस्थित गर्नु,

८. कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीको कक्षा ११ मा भर्नादर बढाउन;

९. सामुदायिक विद्यालयहरुको जग्गा व्यवस्थापन मिलाउनु,

१०. माध्यमिक शिक्षा पुरा गरेका विद्यार्थीलाई कामको संसारमा जोड्नु ।

### ३.२.२ वर्तमान अवस्था

मेचीनगर नगरपालिका भित्र रहेका १०५ वटा विद्यालयहरु रहेका छन, जसमध्ये ४२ वटा सामुदायिक ५९ वटा संस्थागत र ४ वटा धार्मिक विद्यालयहरु रहेका छन। कक्षा १-१० सञ्चालित सामुदायिक विद्यालय - ८

वटा,  कक्षा १-१२ सञ्चालित सामुदायिक विद्यालय ९ वटा रहेका छन भने कक्षा १-१० सञ्चालित संस्थागत विद्यालय ४० वटा र १ -१२ चलेका संस्थागत विद्यालय ४ वटा रहेका छन्।

यस नगरपालिकामा रहेका १७ वटा  सामुदायिक माध्यमिक विद्यालयमा माध्यमिक तहमा १६ जना महिला र ७९ जना पुरुष शिक्षक गरी जम्मा ९५ जना शिक्षक कार्यरत छन, जसमध्ये ४९ जना स्थायी, २६ जना अस्थायी, ६ न.पा आन्तरिक स्रोत, ४ वटा शिक्षण सिकाइ अनुदान कोटा र १० जना राहत दरबन्दीमा कार्यरत छन्।समग्रमा हेर्दा ७३.६० प्रतिशत बालबालिका सामुदायिक माध्यमिक विद्यालयमा र २६.४० प्रतिशत बालबालिका संस्थागत विद्यालयमा अध्ययनरत छन् ।यस मेचीनगर नगरपालिकाको माध्यमिक तहको शैक्षिक अवस्थालाई तलको तालिकामा सङक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

| क्र.स | क्षेत्रहरु | आ.व ०७६/०७७ | आ.व ०७७/०७८ | आ.व ०७८/०७९ | आ.व ०७९/०८० |
|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयको सङ्ख्या सामुदायिक | १४ | १६ | १७ | १७ |
| २ | माध्यमिक विद्यालयको सङ्ख्या संस्थागत | ४४ | ४४ | ४४ | ४४ |
| ३ | कक्षा ९-१२ को सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या | ५३२३ | ५३८७ | ५४६३ | ५३३२ |
| ४ | कक्षा ९-१२ को संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या | २०५८ | २१५६ | २२६० | १८२९ |
| ५ | माध्यमिक तह कक्षा (९-१० ) मा खुद भर्नादर(%) | ८४.२ | ८४.४ | ८४.६ | ८५.१ |
| ६ | माध्यमिक तह कक्षा (९-१० ) मा कुल भर्नादर(%) | ९३.२ | ९३.४ | ९३.५ | ९३.५ |
| ७ | माध्यमिक तह कक्षा (११ -१२) मा खुद भर्नादर(%) | ३४.२ | ३४.४ | ३४.८ | ३५.३ |
| ८ | माध्यमिक तह कक्षा (११ -१२) मा कुल भर्नादर(%) | ६३.४ | ६३.६ | ६४.० | ६४.४ |
| ९ | माध्यमिक तह ९-१२ मा खुद भर्नादर (%) | ५८.५ | ५९.२ | ५९.५ | ६०.१ |
| १० | माध्यमिक तह ९-१२ मा कुल भर्नादर (%) | ७७.० | ७७.५ | ७८.० | ७८.९५ |
| ११ | माध्यमिक तहको समग्रमा सिकाइ उपलब्धिस्तर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | कक्षा १० सम्मको टिकाउदर | | | | |
| १३ | माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात | ३४:१ | ३३:१ | ३२:१ | ३१:१ |
| १४ | माध्यमिक तहमा महिला शिक्षक अनुपात | १६:१ | १६:१ | १६:१ | १६:१ |
| १५ | २०७८ को SEE परिक्षामा २.८ बाट ३.२ ग्रेड ल्याउने विद्यार्थी सङ्ख्या (%) | २०.० | २०.५ | २०.० | २०.५ |
| १६ | २०७८ को SEE परीक्षामा ३.२ बाट ३.६ ग्रेड ल्याउने विद्यार्थी सङ्ख्या (%) | १०.० | १०.३० | १०.० | २०.३ |
| १७ | २०७८ को SEE परीक्षामा ३.६ बाट ४.० ग्रेड ल्याउने विद्यार्थी सङख्या (%) | २.० | १.२३ | २.० | १.२३ |
| १८ | २०७८ को SEE परीक्षामा २.८ भन्दा कम ग्रेड ल्याउने विद्यार्थी सङ्ख्या (%) | ३५.० | ३४.४३ | ३५.० | ३४.४३ |

### ३.३.३ उद्देश्यहरु

१. माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

२. माध्यमिकतहका विद्यार्थीहरुमा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नु,

३ .माध्यमिक तहको शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु,

४. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा उल्लेख्य सुधार गर्नु ।

### ३.३.४ रणनीतिहरु

माध्यमिक शिक्षाका उद्देश्यहरु पूरा गर्न निम्नलिखित रणनीतिहरु अवलम्वन गर्ने:-

१. जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरुको पुनर्वितरण, समायोजन तथा स्थापना हुने,

२. जोखिममा परेका अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरु तथा सीमान्तकृत समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ सामग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गर्ने,

३. विद्यार्थीहरुलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

४. उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोहोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमश न्यूनीकरण गर्ने,

५. विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने,

६. सबै माध्यमिक विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित हुने,

७. माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने,

८. शिक्षकको पेशागत विकास तथा सहयोगको लागि विभिन्न प्रोत्साहनमूलक तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

९. प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,

१०. अङ्ग्रेजी, गणित र विज्ञान जस्ता विषय अध्ययनका लागि विद्यार्थीहरुलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,

११. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने,

१२. विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई शिक्षणमा प्राथमिकता दिने,

१३. निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग मार्फत विद्यार्थीको शिक्षण सिकाइमा जवाफदेही हुने प्रणालीको विकास गर्ने,

१४. माध्यमिक तहमा साधारणधारको अतिरिक्त प्राविधिक/व्यवसायिक धारलाई समेत सञ्चालन र व्यवस्थापन गर्ने ।

१५. सामुदायिक विद्यालयहरुको जग्गा व्यवस्थित गरी नियमित आयआर्जन हुने व्यवस्था मिलाउने ।

१६. माध्यमिक शिक्षा पुरा गरेका विद्यार्थीलाई व्यवहारिक सीप र क्षमताको विकास गराउने ।

### ३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धि -**

**(क)** माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

**प्रमुख नतिजा-**

**(क)** सबै बालबालिकाहरुलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई खुदभर्ना तथा टिकाउमा दरमा वृद्धि हुनेछ।

**(ख)** सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुनेछ।

**(ग)** माध्यमिक तह पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्।

(घ) माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ।

(ङ) सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग भएको हुनेछ।

(च) माध्यमिक तहको शिक्षामा सुशासन कायम भई गुणस्तरीय शिक्षा प्रवाह हुनेछ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य निर्धारण**

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिकाको प्रबोधिकरण | पटक | | १ | | | | १ | १ | न.पा |
| २ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | २ | न.पा |
| ३ | मापदण्ड अनुसार विषयगत शिक्षक व्यवस्थापन | पटक | | १ | | | | १ | २ | संघ,प्रदेश न.पा |
| ४ | अङ्ग्रेजी, गणित, विज्ञान विषय अध्ययनका लागि अवसर | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| ५ | माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिचितताका लागि भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| ६ | आवश्यकता अनुसार खुला तथा दुर शिक्षा | सङ्ख्या | | १ | | | | १ | २ | संघ, |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगायतका वैकल्पिक प्रबन्ध | | | | | | | | | प्रदेश र न.पा |
| ७ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | संख्या | २ | २ | ५ | ५ | ३ | १७ | १७ | न.पा |
| ८ | शिक्षकको क्षमता विकास तथा शिक्षक सहायता कार्यक्रम सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| ९ | निशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक,विद्यालय पोसाक तथा स्टेशनरी, दिवाखाजा, छात्रवृत्ति र सिकाइ सामाग्रीको व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | न.पा |
| १० | वि.व्य.स, शि.अ.संघका पदाधिकारीहरुको क्षमता विकास तथा अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा |
| ११ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| १२ | लक्षित बालबालिकाका लागि आवासीय प्रबन्ध | आवश्यकता अनुसार | | | | | | | | न.पा |
| १३ | विद्यालयहरुको जग्गा व्यवस्थित गर्ने | निरन्तर | ० | १ | ० | १ | १ | ३ | ५ | न.पा तथा विद्यालय |
| १४ | माध्यमिक शिक्षा परीक्षा दिएका विद्यार्थीका लागि छोटो अवधिको सिपमूलक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गदर्शन नै पाठ्यक्रम हो ।पाठ्यक्रम विकास एक निरन्तर प्रकृया भएकोले व्यक्ति, समाज र राष्ट्रको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ ।निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि बालबालिकाहरुलाई निभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक, समावेशी, समय सापेक्ष कक्षाकोठाको वातावरण अनुकुल हुनुपर्दछ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहकै आर्थिक र प्राविधिक सहयोग परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान सीप र प्रविधिमा आधारित विषयवस्तुहरु चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो।औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्धारा निर्देशित ज्ञान, सिप तथा अभिवृद्धि प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनु पर्दछ।पाठ्यक्रमले कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग

मात्र सम्बन्ध नराखी विद्यार्थीमा के-कस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र बालबालिकाहरुले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो ।शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम भएकाले वर्तमान परिवेश सुहाउदो पाठ्यक्रम निर्माण गर्नु आवश्यक हुन्छ।

पाठ्यक्रम विकास तथा सुधारका लागि विभिन्न नीतिगत व्यवस्थाहरु रहेका छन, जसमध्ये एक राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ विद्यालय शिक्षाको पाठ्यक्रम सम्बन्धी नीतिको मूल दस्तावेज हो।यस प्रारुपले कक्षा १-३ को पाठ्यक्रमलाई एकीकृत गरिएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, ज्ञान तथा सिपमा आधारित स्थानीय पाठ्यक्रम, अनिवार्य र ऐच्छिक विषयहरु समावेश भएको माध्यमिक शिक्षा, प्राविधिक धारको शिक्षा जस्ता विशेषता राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा समेटिएको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ प्रभावकारी कार्यान्वयनका चुनौति तथा जोड दिनुपर्ने क्षेत्रहरुमा शिक्षक तयारी, क्षमता विकासका अवसर, उत्प्रेरणा र जवाफदेहिता, स्थानीय तहमा पाठ्यक्रम विकास गर्ने र कार्यान्वयन गर्ने, विद्यालयहरुको क्षमता विकास, शिक्षक सहायता प्रणालीको विकास इत्यादि रहेका छन्।

त्यस्तै स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन पनि एक महत्वपूर्ण क्षेत्र रहेको छ ।जसमा पाठ्यक्रम स्थानीयकरणको नीतिगत व्यवस्थामा मातृभाषा तथा स्थानीय भाषा, मौलिक एंव स्थानीय ज्ञान, सिप तथा प्रविधिको उच्चतम प्रयोग हुने अपेक्षा गरिएको छ ।त्यसै गरी मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित मूल्याङ्कन, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन रहेका छन् भने सिकाइका लागि मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ।साथै  सन्दर्भ सामाग्रीहरुमा विद्यार्थीहरुको पहुँच वृद्धिका लागि गरिएको व्यवस्था जस्तै विद्युतीयप्रति CEHRD को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागू भएका जिल्लामा कक्षा १-३ का लागि दिएका सामग्री आदि रहेका छन।

## ३.४.२. वर्तमान अवस्था

मेचीनगर नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आरहेको छ।शैक्षिक सत्र २०७६ मा स्थानीय पाठ्यक्रम **"हाम्रो मेचीनगर"** निर्माण गरी शैक्षिक सत्र २०७७ मा कक्षा १,२,३,र ६ साथै शैक्षिक सत्र २०७८ मा कक्षा ४,५,७ र ८ कक्षामा २ चरणमा लागु गरी पठनपाठन भएरहेको छ।नेपाल सरकारले कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रुपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ। अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरुले भने नीजि क्षेत्रका प्रकाशकहरुद्धारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गर्ने प्रयोजनका लागि

सूचिकृत पुस्तक मध्येबाट छनोटगरी अंग्रेजी माध्यमका पाठ्यपुस्तकका रुपमा प्रयोग गरिरहेका छन । विद्यालय तहमा बहुपाठ्यपुस्तक लागू गरिने नीतिगत व्यवस्था भएपनि हालसम्म यसको कार्यान्वयन भएको छैन। पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यक्रम पाठ्यपुस्तक लगायतका केही बाल सन्दर्भ सामग्रीहरु विकास गरी त्यसको विद्युतीयप्रति वेवसाइटमा राख्ने व्यवस्था गरेको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.स २०७७ देखि कक्षा १ र ११ मा शुरु गरी वि.स २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरु अर्थात कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना रहेको छ। विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकरी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणाबमोजिम अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरु समावेश हुनेगरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

विद्यार्थी मूल्याङ्कनमा प्रत्येक विषयमा विषयवस्तुको स्वरुपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ। त्यसैगरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्नेगरी आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवोपयोगी तथा व्यवहारकुशल सिपका रुपमा एकीकृत गर्नुका साथै सिकाइका माध्यमका रुपमा विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नेगरी प्रयोग गर्ने नीति लिएको छ।

आधारभूत तह कक्षा १- ३ मा निरन्तर मूल्याङ्कन प्रणालि मार्फत उदार कक्षोन्नति नीति, आधारभूत तह कक्षा ४-५मा ५० प्रतिशत निर्माणात्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ। आधारभूत तह कक्षा ६- ८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरीय हुने गरेको छ भने कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा सिकाइमा निरन्तर पृष्ठपपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रुपमा प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन तथा विधिहरुलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ। कक्षा ९-१० र कक्षा ११-१२ को अन्त्यमा सञ्चालन हुने सार्वजनिक परीक्षालाई थप विकेन्द्रित गर्दै व्यवस्थित, वस्तुनिष्ठ, वैद्य र विश्वासनीय बनाउनुपर्ने छ। मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउनु आवश्यक भएको छ ।

## ३.४.३ उद्देश्यहरु

यस योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धमा देहायबमोजिमका उद्देश्यहरु राखिएको छ :-

१. नेपाल सरकारबाट स्वीकृत गरिएको पाठ्यक्रमलाई विद्यालय तहमा पूर्ण रुपमा कार्यान्वयन गर्नु,

२. पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोगको कार्यान्वयनमा एकरुपता कायम गर्नु,

३. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्धारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,

४. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गरी विद्यालय तहको मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउनु,

५. स्थानीय पाठ्यक्रमको सुधार र परिमार्जन गरी पाठ्य/सिकाइ सामाग्रीहरुको विकास तथा व्यवस्थापन गर्नु आदि ।

### ३.४.४ रणनीतिहरु

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने,

२. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्ने,

३. स्थानीय पाठ्यक्रम "हाम्रो मेचीनगर" लाई समय सापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई अनुसन्धानमूलक तथा आवधिक मूल्याङ्कनमा आधारित बनाउने,

४. विपद, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना प्रविधिको अधिकतम उपयोगमा जोड दिइनुका साथै वैकल्पिक सिकाइका माध्यमबाट सिकाइलाई निरन्तरता दिने,

५. विद्यालयमा आधारित सहयोग पद्दति विकास गर्ने,

६. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,

७. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आवद्धगरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग हुने परिपाटीको विकास गर्ने ।

## ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

१. विद्यालय तहमा रहेको आधारभूत एवम् माध्यमिक तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

२. शिक्षण सिकाइको प्रमुख अङ्गको रुपमा मूल्याङ्कनलाई लिई निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिमार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधारआएको हुनेछ ।

३. स्थानीय पाठ्यक्रम "हाम्रो मेचीनगर" को परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुनेछ ।

४. प्रत्येक विद्यालयमा प्रत्येक बालबालिकाको मूल्याङ्कनका लागि अनिवार्य रुपमा कार्यसञ्चयिका फायल राख्ने व्यवस्था गरिनेछ ।

### प्रमुख नतिजा

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधारआएको हुनेछ।

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क स | प्रमुख क्रियाकपलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न/पा तथा विद्यालय |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ३ | डिजिटल सामग्री तथा सूचना प्रविधिको प्रयोग | विद्यालय सङख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४२ | नपा तथा विद्यालय |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | न पा |
| ५ | सुपरीवेक्षण तथा अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | १० | न पा |
| ६ | स्थानीय विषयको निशुल्क पाठ्यपुस्तक | सबै विद्यालय | १ | | | १ | | २ | ५ | न पा |
| ७ | आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा |
| ८ | पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन | पटक | १ | | | | | १ | २ | न पा |
| ९ | स्थानीय विषयको वितरण र कार्यान्वयनको अनुसन्धान | पटक | १ | | | | | १ | २ | न पा |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

शिक्षकलाई शिक्षाका लक्ष्य एवम् उद्देश्य हासिलगर्न तथा शिक्षा योजनालाई कार्य रुपमा बदल्ने अनिवार्य मानवीय स्रोतका रुपमा लिनु पर्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रुपमा दक्ष पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र दक्षता जस्ता कुराले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरुरी हुन्छ। शिक्षक व्यवस्थापन र विकासले शिक्षकको प्राप्ति, शिक्षक विकास, शिक्षकको समुचित उपयोग र शिक्षक सम्भार लगायतका विस्तुत पक्षहरु समेटेको हुन्छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना परियोजना तथा कार्यक्रमहरुले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक सेवामा प्रवेश गर्नका लागि उपयुक्त जनशक्ति तयार पार्ने काम विश्वविद्यालय तथा विद्यालयहरुले गरिरहेका छन् ।शिक्षक सेवामा प्रवेश गर्नका लागि आवश्यक पर्ने अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने, नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगलले गर्दै आएको छ।आयोगबाट सिफारिस भई आएका शिक्षकहरुलाई पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । अस्थायी तथा करार शिक्षक नियुक्ति भने सम्बन्धित विद्यालयबाट हुने गरेको छ ।विद्यालयको निजी स्रोतका शिक्षक नियुक्ति गर्ने तथा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य सम्बन्धित विद्यालयहरुले गर्दै आएका छन्।यसका अलावा शिक्षक दरबन्दी कम भई पठनपाठनमा प्रतिकुल प्रभाव परेका विद्यालयको हकमा स्थानीय तहहरुले आफैले स्रोत व्यहोर्ने गरी शिक्षक नियुक्ति गरेका छन।राष्ट्रिय रुपमा शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा तालिमका पाठ्यक्रम निर्माण गर्ने, प्रशिक्षक तयार पार्ने कार्य, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन् ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन।शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरु बीच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकिरहेको छैन।त्यसैगरी देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरु जस्तै शिक्षक सेवा आयोगबाट छनौट भइ नियुक्ति पाएका स्थायी शिक्षक, करारमा नियुक्ति पाएका शिक्षक, राहत अनुदानमा कार्यरत शिक्षक, स्वयमसेवक शिक्षक तथा विद्यालयको नीजि स्रोतबाट तलब सुविधा पाउने शिक्षक र नगरपालिकाले आफ्नै स्रोतबाट तलब भत्ता दिनेगरी नियुक्ति गरेका शिक्षकहरु रहेकाछन्।यस प्रकारका शिक्षकहरु मेचीनगर नगरपालिकाभित्र सञ्चालित विद्यालयमा समेत कार्यरत छन्।विभिन्न किसिमका शिक्षकका सेवा सर्त र सुविधा पनि फरकफरक छन्।शिक्षकको कार्यसम्पादन मूल्याङ्कन केवल बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा उनीहरुको क्षमताको उपयोग गर्नसकिएको छैन् ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरुको पहिचान गरिएको छ।वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरुको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी

बनाउने सन्दर्भमा यस कार्यक्रमका उद्देश्य, उद्देश्य प्राप्तिका लागि अपनाउने रणनीतिहरु, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा, मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ।

## ३. ५.२ वर्तमान अवस्था

### स्थानीय तहमा शिक्षक व्यवस्थापन र विकासको अवस्था

मेचीनगर नगरपालिकामा रहेका ४२ वटा सामुदायिक विद्यालयमा सशर्त अनुदानबाट तलवभत्ता व्यहोर्ने शिक्षक ४७६ जना शिक्षकहरु कार्यरत रहेका छन्।स्थायी, अस्थायी, राहत र नगरपालिका अनुदानमा विभिन्न तह र श्रेणीमा शिक्षकहरु कार्यरत रहेका छन्।नगरपालिकाले आफ्नै स्रोतबाट तलबभत्ता बेहोर्ने गरी ११ शिक्षक व्यवस्थापन गरेको छ।नगरपालिकामा रहेका १५ वटा वडामा १ वडा १ माध्यमिक विद्यालय भन्ने नगरपालिकाको नीति अनुरुप प्रस्तावित मा वि ३ वटा विद्यालयमा माध्यमिक तहका विज्ञान/ गणित र अंग्रजी विषयका २/२ जना शिक्षक र १/१ जना माध्यमिक तहका कर्मचारी नियुक्ति गरेको छ।त्यसै गरी दरबन्दी मिलान गरी विद्यार्थी सङ्ख्या कम र शिक्षक सङख्या बढी भएका विद्यालयको दरबन्दी विद्यार्थी सङ्ख्या बढी र शिक्षक सङ्ख्या कम भएका विद्यालयमा थप गरी दरबन्दी मिलान गरिएको छ।

### शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

राष्ट्रिय रुपमा शिक्षण पेसालाई रोजाइको पेशाको रुपमा विकास गर्नकालागि नेपालको पन्ध्रौ योजना ( २०७६/०७७ - २०८०/०८१)ले शिक्षक पेशामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेशगर्न पाउने कानुनी व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ।शिक्षक सेवा आयोग नियमावली, २०५९ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमतिपत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिएको परीक्षामा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिइने अवस्था सुधार हुदै गएको छ।नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । शिक्षक सेवा आयोगद्धारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरुको उल्लेख्य उपस्थितिले यसैबाट ती शिक्षित युवाहरुको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ।आगामी दिनहरुमा निरन्तर शिक्षक पेशागत विकास र सहयोग, अनुमान योग्य सरुवा र बढुवा प्रणाली,

कार्यसमम्पादनमा आधारित दण्ड, पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली अबलम्बन गर्नु बाञ्छनीय देखिन्छ।

### शिक्षक तयारी

नेपालमा विश्वविद्यालयले सञ्चालन गर्दै आएका शिक्षाशास्त्र सङ्काय अन्तर्गतका स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमलाई नै शिक्षक तयारी कार्यक्रम (प्राज्ञिक योग्यता र व्यवसायिक योग्यता दुवै) मानिने गरिएको छ। यस प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रमुख विश्वविद्यालयको रुपमा त्रिभुवन विश्वविद्यालय रहेको कुरा विभिन्न शैक्षिक तथ्याङ्कले देखाएका छन्। यसका अलावा कक्षा ११ र १२ सञ्चालन रहेका विद्यालयहरुले समेत शिक्षक तयारीको कार्य गर्दै आइरहेकोमा परिवर्तित पाठ्यक्रम संरचना अनुसार भविष्यमा कक्षा १२ उत्तीर्ण गरे पश्चात थप शैक्षिक तालिम प्राप्त गरेपछि मात्र शिक्षक बन्ने योग्यता पुरा हुने अवस्था आउनेछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वि एड वा एम एड गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मनिन्छ।शिक्षा ऐन २०२८( संशोधन समेत) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा नियमावली २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षा शास्त्रकामा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्य बाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वि.एड. गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छन्।त्यस्तै गरी माध्यमिक तह कक्षा ११ र १२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ।शिक्षक अध्यापन अनुमतिपत्रको परीक्षा सञ्चालन तथा व्यवस्थापन शिक्षक सेवा आयोगले गर्दै आएको छ।

पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन गरी आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने भएता पनि यो कार्य हालसम्म हुन सकेको छैन।राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेशागत विकासका कार्यक्रमहरु सञ्चालन गरिने उल्लेख गरिएको छ।यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरुबीचको सहकार्यबाट विश्वविद्यालयहरुले शिक्षक तयारी कोर्ष विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ।विश्वविद्यालयका शिक्षक तथा शिक्षा कार्यक्रम एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नुले शिक्षण सम्बन्धी व्यवहारिक कुशलताको कमी रहेको छ भने अर्कोतिर

सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्नुपर्ने भएकाले दुवै पक्षमा पर्याप्त सिकाइ हुन सक्ने अवस्था छ।

### शिक्षण सिकाइ प्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मुलतःकक्षाकोठामा सञ्चालन गरिने सिकाइ क्रियाकलापमा भर पर्दछ।विद्यालय तहको पाठ्यक्रम २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री परियोजनामा आधारित, समुह कार्यमा आधारित तथा सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिइएको छ।राष्ट्रिय शिक्षा नीति २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकीकृत गर्दै प्रविधिमैत्री व्यवहारिक र नतिजामुलक बनाउने उल्लेख गरेको अवस्था छ।नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना र परियोजना तथा कार्यक्रमले कक्षाकोठाको शिक्षण सिकाइमा सुधारलाई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्।यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधि प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयासहरु भएका छन्।यसै गरी चालु पन्ध्रौं योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था तथा कक्षा शिक्षण पद्दति मार्फत पढाइ सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री प्रयोगात्मक सामग्री उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिइएको छ।

### शिक्षक पेशागत सहयोग पद्धति

विश्वमा शिक्षक पेसागत सहयोगका लागि विभिन्न तरिकाहरु प्रचलनमा रहेका छन्।कक्षा अवलोकन र छलफल. मनिटरिङ्ग, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरुको सञ्जाल निर्माण, शिक्षक सम्मेलन, सहकर्मीहरुबिचमा अन्तरक्रिया जस्ता विधिहरु प्रचलनमा रहेका छन्।नेपालको सन्दर्भमा विगतमा सञ्चालित विभिन्न योजना तथा परियोजनाहरु मार्फत शिक्षक पेसागत सहयोगका लागि विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रहरु जस्ता संस्थागत प्रबन्धहरु गरिएका थिए।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोतकेन्द्रहरु स्थापना भएर क्रमश तिनको संख्या विस्तार गरी १०५१ वटा स्रोतकेन्द्र मार्फत शिक्षक पेसागत सहयोग हुदै आएको थियो।स्रोतकेन्द्रहरुले आफ्नो सेवा क्षेत्रका विद्यालयमा कार्यरत शिक्षकहरुलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरुसंग नियमित बैठक गर्ने, शैक्षिक सामाग्री निर्माण तथा प्रयोग सम्बन्धी

कार्यसञ्चालन गर्ने, कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, शैक्षिक योजनाहरु निर्माणमा सहयोग तथा समन्वय गर्ने जस्ता कार्यक्रमहरु गर्दै आएको थियो।

वर्तमान समयमा शिक्षकको पेसागत सहयोगका लागि स्थानीय तह नै सबै भन्दा जिम्मेवार र तालुक निकायको रुपमा रहनेगरी नीतिगत परिवर्तन भई सकेको छ।विगतमा भएका संयन्त्रको खारेजी गरिए पश्चात संङक्रमणकालीन वर्तमान अवस्थामा स्थानीय तहले नीतिगत परिपक्वता समेत हासिल गरिसकेका छैनन्।यस परिप्रेक्ष्यमा स्थानीय तहले शिक्षकको पेसागत सहयोगका लागि थप नीतिगत र कार्यक्रमगत क्रियाशिलता देखाउनु जरुरी हुन्छ।विद्यालयहरुमा कतिपय शिक्षकहरु प्रविधिमैत्री छन् भने कतिपय प्रविधिमैत्री हुनसकेका छैनन् । अवको आवश्यकता भनेको प्रविधिको पहुँच सबैमा पुर्‍याउन सहपाठी प्रविधि सिकाइ सबभन्दा प्रभावकारी उपाय हुनसक्छ ।

**शिक्षक पेशागत तथा क्षमता विकास कार्यक्रम**

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक अनिवार्य सर्तका रुपमा रहेको हुन्छ।पेसागत रुपमा सक्षम दक्ष र अभिप्रेरित शिक्षक बाट नै कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउन सकिन्छ। नेपालमा शिक्षकको क्षमता विकासका लागि विगतमा विभिन्न परियोजना र कार्यक्रमहरु सञ्चालन भए।शिक्षकको क्षमता वृद्धि गरी कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि स २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापनासँगै सो अन्तर्गत ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना भए। ती तालिम केन्द्रहरुबाट सेवाकालिन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरु सञ्चालनमा थिए ।शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत शिक्षक तालिम दिने केन्द्रहरु र स्रोतकेन्द्र मार्फत लामो छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरु सञ्चालन हुदै आएका थिए।

राष्ट्रिय शिक्षा नीति २०७६ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेशागत विकास कार्यक्रमहरु जस्तै अवलोकन भ्रमण, कार्यशाला, सेमिनार, शिक्षक नेटवर्क, सहकार्यात्मक रुपमा गरिने अनुसन्धान, मनिटरिङ्ग कोचिङ्ग कक्षा जस्ता कार्यक्रम सञ्चालन सूचना तथा सञ्चार प्रविधिको विकास सँगै मिश्रित अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम साथै आमने सामने तथा विद्यालयमा आधारित तालिम सञ्चालन गर्ने व्यवस्था गरेको छ।

मुलुक सङ्घीयतामा गए सँगै शिक्षा तालिम केन्द्रहरु प्रदेश सरकारको मातहतमा सञ्चालित रहेका छन । यस परिवेशमा सातवटा शिक्षा तालिम केन्द्रबाट मात्रै ठूलो संख्याका शिक्षकलाई तालिम प्रदान गर्न कठिन हुने

भएकोले शिक्षकको क्षमता विकासका लागि स्थानीय तहहरुले आफ्नो पालिका भित्र रहेका शिक्षकहरुको क्षमता विकासका लागि आवश्यक नीतिगत र कार्यक्रमगत कदम चाल्न अपरिहार्य रहेको छ।

**शिक्षक उत्तरदायित्व**

आफ्नो कार्यसम्पादनप्रति आफू स्वयम जवाफदेही हुनु भनेको उत्तरदायी हुनु हो । यस प्रकारको उत्तरदायित्व कानुनी र नैतिक दुवै हुन सक्छ। शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/ प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्दछ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले अध्यापन गराउने विद्यार्थीहरुको शिक्षण सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफ दिनु भन्ने बुझिन्छ। यसै गरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्दछ। विद्यालयको आचारसंहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने, त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेश गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्दछ।

पन्ध्रौ योजनाले शिक्षकले कक्षाकोठमा बिताउने समयलाई नियमित पठनपाठन सँग आवद्ध गर्दै शिक्षकलाई पेशाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ। विद्यार्थीहरुले परीक्षामा हासिल गरेका परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षाका जिम्मेवार र जवाफदेही  जनाउने व्यवस्था उक्त नीतिले गरेको छ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा व्यवस्था भए बमोजिम पूर्व प्राथमिक विद्यालयमा एकजना, प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सो भन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीनजना कक्षा ६-८ का लागि कम्तिमा चार जना माध्यमिक तह ९ – १२का लागि ८ जना शिक्षक रहने व्यवस्था छ। शिक्षा नियमावली २०५९ का अतिरिक्त शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन ) कायविधि, २०७६ ले हिमाल, पहाड तथा तराईका लागि शिक्षक विद्यार्थी अनुपात क्रमश चालिस, पैतालिस र

पचासलाई आधार मानी शिक्षक दरबन्दी पुनर्वितरण गर्ने प्रावधान भए बमोजिम हाल मुलुकभर शिक्षक दरबन्दी मिलानको प्रकृया अन्तिम चरणमा पुगि सकेको छ।

मेचीनगर नगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा भएको शिक्षक वितरण र आपूर्तिलाई हेर्दा ४२ वटा सामुदायिक विद्यालयमा बालविकास सहयोगी कार्यकर्ता सहित गरी जम्मा ५६२ जना शिक्षक दरबन्दी कायम रहेका छन्। यसका अतिरिक्त सामुदायिक विद्यालयमा १७ जना विद्यालय कर्मचारीहरु, ६ जना शिक्षण सिकाइ अनुदान, ११ जना नगरपालिका अनुदान र ४२ जना विद्यालय सहयोगी कर्मचारी कार्यरत छन् ।

तहगत रुपमा हेर्दा IEMIS २०७९ अनुसार मेचीनगर नगरपालिका क्षेत्र भित्र १३९७ जना बालबालिका बालविकास कक्षामा अध्ययनरत रहेका छन भने ८६ जना बालविकास सहयोगी कार्यकर्ता कार्यरत छन्, जसअनुसार बालविकास तहमा शिक्षक विद्यार्थी अनुपात १:१६.२४ रहेकोछ। त्यस्तै गरी आधारभूत तह (कक्षा१-५) मा जम्मा ४४९८ जना विद्यार्थी अध्ययनरत रहेका छन भने सोहि तहमा कार्यरत शिक्षक २९३ जना रहेका छन्। यस अनुसार शिक्षक विद्यार्थी अनुपात १:१५.३५ रहेको छ। त्यस्तै आधारभूत तह कक्षा (६- ८ ) मा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या ३५२१ रहेको छ भने सोही तहमा कार्यरत शिक्षकको संख्या ८७ रहेको छ । यस तथ्याङ्क अनुसार आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात १:४०.४७ रहेको छ। माध्यमिक तह ( कक्षा ९-१०) मा जम्मा विद्यार्थी सङ्ख्या २६२४ जना र सोही तहमा कार्यरत शिक्षकहरुको सङ्ख्या ८५ रहेको छ । यस तथ्याङ्क अनुसार माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:३०.८७ रहेको छ। माध्यमिक तह कक्षा (११-१२ )मा जम्मा विद्यार्थी सङ्ख्या २८३९ रहेको छ भने सोही तहमा कार्यरत शिक्षक २१ जना जस अनुसार कक्षा ११ र १२ मा शिक्षक विद्यार्थी अनुपात १:१३५ रहेको छ।

माथिको तथ्याङ्कमा विद्यालयबाट नियुक्ति गरिएका नीजि शिक्षकको विवरण समावेश भएको छैन। नीजि स्रोतका शिक्षक समेत तथ्याङ्कमा समावेश गर्ने हो भने शिक्षक विद्यार्थी अनुपातमा केही फरक पर्न जान्छ। माथि प्रस्तुत गरिएको शिक्षक विद्यार्थी अनुपातलाई मनन गर्ने होभने माध्यमिक तह कक्षा ११ र १२ मा विद्यार्थीको अनुपातमा शिक्षकको सङ्ख्या ज्यादै न्यून देखिन्छ। यसको पछाडिको कारण भनेको विद्यालय सञ्चालनको अनुमति प्रदान गरिएका विद्यालयहरुमा अनुमति प्रदान गरे अनुसारको शिक्षक दरबन्दी वितरण नगर्नु हो। आगामी दिनमा कक्षा सञ्चालनको अनुमति प्रदान गरे पश्चात शिक्षक दरबन्दी पनि प्रदान गर्नु वान्छनीय देखिन्छ।

### ३.५.३ उद्देश्यहरु

१. सक्षम जनशक्तिलाई शिक्षण पेशामा आकर्षित गर्नु,

२. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु,

३. सुपरीवेक्षण, शिक्षक तालिम तथा शिक्षक सक्षमता प्रारुपको प्रभावकारी रुपमा कार्यान्वयन गरी शिक्षकलाई पेशाप्रति थप जवाफदेही बनाउनु,

४ .शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरुको सुनिश्चितता गर्नु,

५. शिक्षकको छनोट नियुक्ति र पुनर्वितरण कार्यलाई सुदृढ गर्नु ।

### ३.५.४ रणनीतिहरु

१. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने,

२. रिक्त रहेका शिक्षक दरबन्दीमा शिक्षक व्यवस्थापन गर्न शिक्षकहरुको छनौट तथा नियुक्ति प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउने साथै यसरी नियुक्ति गरिने शिक्षक पदमा उच्च शैक्षिक योग्यता भएका जनशक्तिलाई प्राथमिकता दिने गरी नीतिगत व्यवस्था गर्ने,

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था गर्ने साथै सबै प्रकारका शिक्षकलाई सूचना प्रविधि सम्बन्धी तालिम प्रदान गरी शिक्षक तालिमलाई सञ्जालीकरण गर्ने,

४. शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराउने।यसका लागि पालिका स्तरमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा पथप्रदर्शन पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने।

५. शिक्षकलाई नगरपालिका स्तरमा पुरस्कारको व्यवस्था गर्ने साथै शिक्षकलाई क्रियात्मक अनुसन्धान प्रक्रियाबाट विद्यार्थीको सिकाइ उपलब्धि बृद्धि गर्न प्रेरित गर्ने।

६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरु**

१. यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ।

२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ।

**प्रमुख नतिजाहरु**

१. स्थानीयस्तर बाट हुने शिक्षक नियुक्ति प्रक्रिया स्वच्छ र पारदर्शी हुनेछ।

२. स्थानीय तहबाट शिक्षकको पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुनेछ।

३. विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको दरबन्दी मिलान तथा पुनर्वितरण हुनेछ।

४. शिक्षण पेशालाई जिम्मेबार र मर्यादित पेसाका रुपमा रुपान्तरण गरिनेछ।

५. शिक्षकको वृत्ति विकासका लागि मापनयोग्य, पारदर्शी र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित हुनेछ।

६. शिक्षक सहायता प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ।

**प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण**

| क स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अस्थायी, नगरपालिका तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरुको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका निर्माण | पटक | १ | | | | | १ | १ | न/पा |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरुलाई शिक्षण पेशामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | | १ | | १ | | २ | ५ | न पा तथा विद्यालय |
| ३ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास | पटक | १ | | | | | १ | १ | न /पा |
| ४ | नगरपालिका क्षेत्रभित्र सञ्चालित माध्यामिक विद्यालय तथा क्याम्पसलाई स्थानीय स्तरमा अभाव हुने विषय शिक्षक जस्तै अंग्रेजी गणित तथा विज्ञान विषयमा शिक्षक तयारी गर्न विद्यालय तथा क्याम्पसमा आवश्यक विषय थपको व्यवस्था गर्ने | आवश्यक तानुसार | | १ | | | | १ | २ | न पा र विद्यालयहरु |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन साथै निदानात्मक र उपचारात्मक शिक्षण पद्धति लागू गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नपा तथा विद्यालयहरु |
| ६ | नगरपालिका क्षेत्र भित्र सञ्चालित माध्यमिक विद्यालय तथा क्याम्पसलाई शिक्षाशास्त्र संकाय वा शिक्षा समूह अध्ययन गर्ने विद्यार्थीहरुलाई अनिवार्य रुपमा सूचना प्रविधि सम्बन्धी सिप सिकाउनका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने | ५ | | | | | | ५ | ५ | न पा तथा विद्यालयहरु |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि आवश्यकता अनुकूलको पाठ्यसामग्री विकास र व्यवस्था गरिने छ। | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | न पा / विद्यालय |
| ८ | सबै विद्यालयमा कम्प्यूटर र ईन्टेरनेट पहुँच नभएका विद्यालयमा ईन्टरनेट जडान साथै इ-पुस्तकालयको व्यवस्था | संख्या | ३ | ३ | ५ | ५ | ५ | २१ | ४२ | न पा |
| ९ | निरन्तर विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित रुपमा कार्यान्वियन गर्ने | सबै विद्यालय | ३ | ३ | ५ | ५ | ५ | २१ | ४२ | विद्यालय |
| १० | विद्यालयमा स्थापना भएका पुस्तकालयमा गरिने अध्ययनलाई शिक्षण सिकाइको पुरक क्रियाकलापको रुपमा विकास गर्ने | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ११ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी सिप विकास तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा |
| १२ | विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास र शिक्षक सहयोग कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा / विद्यालय |
| १३ | विज्ञ समूहको गठन गरी सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जाल निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा / विद्यालय |
| १४ | माग र आवश्यकतामा आधारित छोटो अवधिका पेशागत विकास तालिम तथा कार्यशाला सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | न पा |
| १५ | शिक्षक दरबन्दी मिलान तथा पनर्वितरण | पटक | १ | | १ | | | २ | ३ | न पा |

## ३.६ अनौचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा

### ३.६.१ परिचय

शिक्षा जीवनपर्यन्त चलिरहने प्रक्रिया हो। कुनै पनि मानिस जन्मिएपछि नमरुन्जेलसम्म अनौपचारिक/अनियमित हुदै औपचारिक प्रक्रियाबाट जीवन, जगत र वातावरण सँग समयानुकुल विभिन्न अनुभवहरु हासिल गरी नयाँ नयाँ ज्ञान सिप सिकिरहेको हुन्छ । निश्चित उमेर समुहले समयको परिधिभित्र रही निश्चित विषयवस्तु र निश्चित स्थानमा लिइएको औपचारिक ज्ञान सिपलाई मात्र सिकाइ मान्ने हाम्रो चलन रहेको छ। तर मानिसले हर समय केही न केही कुरा सिकिरहेको हुन्छ र मानिस जीवन भर नयाँ नयाँ ज्ञानसिपको खोजीमा रहन्छ। यसरी जीवन भरको सक्रियतापूर्ण सिकाइलाई व्यवहारिक बनाउनको लागि समृद्ध र सभ्य समाजको निर्माणका लागि अनौपचारिक तथा निरन्तर सिकाइ आवश्यक छ। अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो तसर्थ जीवनोपयोगी ज्ञान र सीप हासिल गर्नका लागि औपचारिक र अनौपचारिक शिक्षाको आवश्यकता पर्दछ। निश्चित समय सीमाभित्र सिकेका ज्ञानले मानिसको जीवनलाई सार्थक बनाउन सक्दैन। समुदायमा बसोबास गरेका विभिन्न उमेर, योग्यता क्षमता भएका हरेक अन्तर्निहित प्रतिभाहरुको माध्यमबाट समेत अनौपचारिक शिक्षा हासिल गर्न सकिन्छ र उक्त शिक्षा हासिलका लागि राज्यले नै लगानी गरेको हुन्छ।

### ३.६.२ वर्तमान अवस्था

मेचीनगर नगरपालिका भित्र रहेका १५ वटै वडामा विगतका समयमा नै प्रौढ शिक्षा सञ्चालन भएको साथै यस पालिका भित्र ३ वटा सामुदायिक सिकाइ केन्द्र छन् जसले अनौपचारिक शिक्षा निरन्तर सिकाइका बारेमा कार्य गर्दै आएका छन् । यस मेचीनगर नगरपालिकाको १ वटा सामुदायिक विद्यालयमा अनौपचारिक प्रौढ शिक्षा १-५ सञ्चालनमा रहेको छ, जसमा २२ जना १५ देखि ५९ वर्षका विद्यार्थी अध्ययनरत रहेका छन्। यस नगरपालिकाको साक्षरता दर जम्मा ८३.२६ प्रतिसत रहेको छ जसमध्ये पुरुष साक्षरता ८८.५४ र महिला साक्षरता दर ७८.४२ रहेको छ । यहाँको लैङ्गिक अनुपात १०० महिला बराबर ९२.६६जना पुरुष पर्दछन् भने वार्षिक जनसङ्ख्या वृद्धिदर १.६८ रहेको पाइन्छ ।

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

### अवसर र चुनौतीहरु

१. सम्पूर्ण औपचारिक शिक्षाबाट बञ्चित नागरिकलाई शिक्षित बनाउनु ।

२. अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई आयआर्जन तथा सिपमूलक र जीवनोपयोगी शिक्षा प्रदान गर्नु।

३. अनौपचारिक शिक्षाबाट बञ्चितत व्यक्तिहरुलाई सिकाइको सहज र सर्वसुलभ पहुँच निश्चित गरी खुल्ला शिक्षाको पहुँच वृद्धि गरी व्यवहारिक तथा सिपयुक्त बनाउनु।

४. सिकारुको आवश्यकता अनुसारको साक्षरतामा आधारित कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नु।

५. अनौपचारिक शिक्षा पाठ्यसामग्री विकास गर्नु।

६. सहजकर्ताहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु।

७. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, सामुदायिक अध्ययन केन्द्र, घुम्ती पुस्तकालय स्थापना गरी अध्ययनलाई सहजता बनाउनु।

**३.६.३ उद्देश्यहरु**

१. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

२. निरन्तर सिकाइका अवसरको पहुँचमा सबै नागरिकको समतामूलक सहभागितामा वृद्धि गर्नु।

**३.६.४ रणनीतिहरु**

१. सामुदायिक सिकाइ केन्द्रहरुको समायोजन तथा पुनर्वितरण गर्ने।

२. सामुदायिक सिकाइकेन्द्र, विद्यालय नागरिक समाज, सञ्चार माध्यम, अभिभावक लगायत अन्य साझेदारहरु परिचालन गरी पुनर्ताजकी कक्षा सञ्चालन गर्ने साथै स्वयमसेवक परिचालन गर्ने।

३. पठन सँस्कृतिको विकासका लागि सामुदायिक अध्ययनकेन्द्र, विद्यतीय पुस्तकालय सामुदायिक बाचनालयको स्थापना तथा स्तरीकरण गरी सिकाइ स्रोतकेन्द्रको रुपमा विकास तथा पुनर्वितरण गर्ने।

४. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, डिजिटल सामग्री र भाषिक विविधता अनुरुपका सामग्रीहरुको विकास गर्ने।

५. सामुदायिक सिकाइकेन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

**३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**उपलब्धि**

१.सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछ।

**प्रमुख नतिजा**

१. नागरिकका लागि  साक्षरता, निरन्तर शिक्षा जीवनपर्यन्त सिकाइका अवसरहरु प्राप्त भएको हुनेछ।

२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनात्मक व्यवस्था तयार भई सञ्चालन हुनेछ।

३. पूर्ण साक्षर मेचीनगर नगरपालिकाका रुपमा विकास हुनेछ।

४. जीवनोपयोगी र सिपमूलक सिकाइका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री तयार हुने।

५. सिकारुको आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरु कार्यान्वयन हुने।

६. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान गर्ने।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य निर्धारण**

| क स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भैतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्ण साक्षर नगरपालिका घोषणाका लागि तथ्याङ्क सङ्कलन | पटक | १ | | | | | १ | २ | न पा |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | न पा |
| ३ | पूर्ण साक्षर नगरपालिका घोषणा कार्यक्रम | वडागत | | २ | ३ | ५ | ५ | १५ | १५ | न पा |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सञ्चालन र व्यवस्थापन | वडागत | | २ | २ | २ | २ | ८ | १५ | न पा |
| ५ | सामुदायिक सिकाइ केन्द्रलाई सूचना प्रविधियुक्त बनाउने | संख्या | | | १ | | २ | ३ | ३ | न पा |
| ६ | विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग सहकार्य गरी साक्षरता र आयआर्जन कार्यक्रम सञ्चालन | निरन्तर | | १ | | | १ | २ | ३ | |
| ७ | सिप परीक्षणको आधारमा साक्षरता तह निर्धारण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा |
| ८ | सहजकर्ताहरुको क्षमता विकास कार्यक्रम | पटक | | १ | | | १ | २ | ३ | |
| ९ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरुलाई अनुदान | आवश्यकतानुसार | १ | १ | १ | १ | १ | ५ | १० | न पा |
| १० | प्रौढहरुको निरन्तर सिकाइका लागि सामुदायिक पुस्तकालय/सूचना केन्द्रको स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा |

## ३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.७.१ परिचय

कुनै प्रविधिसँग सम्बन्धित भएर हासिल गरिने व्यवसायिक ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ। सामान्यतया शिक्षाको अर्थ ज्ञान आर्जन गर्नु वा केही सिक्नु भन्ने बुझिन्छ। विद्यार्थीहरुलाई आधुनिक उपकरणहरुको प्रयोगबाट रचनात्मक र प्रयोगात्मक कार्यहरु गराई प्रदान गरिने सिपमूलक, उत्पादनमूलक र अनुसन्धानमूलक शिक्षालाई व्यावसायिक शिक्षा भनिन्छ। नयाँनयाँ प्रविधिको विकास गर्न लगाई खोज तथा अनुसन्धान गरी राष्ट्रलाई विकासको गतितर्फ अग्रसर बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता पर्दछ। अहिलेको सन्दर्भमा प्राविधिक शिक्षालाई श्रमसँग गाँसेर हेर्नु आवश्यक भइसकेको छ। जुन विषय अध्ययन गरिन्छ, त्यो सिर्जनात्मक श्रमशक्तिको उत्पादन बन्न सक्नुपर्छ।

नेपालको संविधान २०७२ धारा ५१ राज्यका नीतिहरु अन्तर्गत नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक, एवम् जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एंव राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार पार्ने कुरा उल्लेख गरिएको छ। यसरी संविधानले प्राविधिक तथा व्यावसायिक शिक्षालाई जोड दिएको अवस्थामा हाल एक स्थानीय तह एक प्राविधिक विद्यालयको अवधारणा अगाडि आइरहेको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्व बढी रहेको छ।

### ३.७.२ वर्तमान अवस्था

नेपालमा वि.स २०३७ सालदेखि प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात भएको हो। देशमा विद्यमान प्राविधिक जनशक्तिको विकास गर्ने उद्देश्यले प्राविधिक तथा व्यावसायिक शिक्षाको नीति निर्माण तथा समन्वय गर्ने एक मात्र सरकारी निकायको रुपमा वि.स २०४५ मा प्राविधिक तथा व्यावसायिक तालिम परिषदको स्थापना भएसँगै यस संस्थाले देश भित्र स्तरीय प्राविधिक जनशक्ति निर्माण, पाठ्यक्रम विकास, सिप प्रमाणिकरण ढाँचा निर्माण साथै अध्ययन र अनुसन्धानका कार्यहरु गर्दै आइरहेको छ।

प्राविधिक तथा व्यावसायिक तालिम परिषद अन्तर्गत आङ्गिक संस्थाको रुपमा १ प्राविधिक प्रशिक्षण प्रतिष्ठान, २२ वटा शिक्षालय एंव पोलिटेक्निकहरु, २ वटा ग्रामीण तालिम केन्द्रहरु, ६ वटा साझेदारीमा सञ्चालित संस्थाहरु र १० वटा निर्माणाधीन बहुप्राविधिक शिक्षालयहरु, ३ वटा क्षेत्रीय कार्यालयहरु गरी जम्मा ४४ वटा संस्थाहरु, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित ७३ वटा विद्यालयहरु, विभिन्न शिक्षालयमा गरी प्राविधिक एस.एल.सी तर्फ ६२० कार्यक्रमहरु, डिप्लोमा तर्फ ४३४ कार्यक्रमहरु एंव छोटो

अवधिको व्यावसायिक तालिम सञ्चालन गर्ने ४४२ वटा संस्थाहरु परिषदबाट सम्बन्धन प्राप्त गरी सञ्चालन भइरहेका छन्।

मेचीनगर नगरपालिकामा डिप्लोमा लेवलको एक पोलिटेक्निक इन्स्टिच्यूट, टि एसएलसी लेवलका २ शिक्षालय सञ्चालनमा रहेका छन भने पशु प्राविधिक धार सचालन भएको एक सामुदायिक विद्यालय सञ्चालनमा रहेको छ।यी शिक्षालयहरुमा प्राविधिक धार पशुप्राविधिक तर्फ १४२ र डिप्लोमा लेवल र टि एसएलसी लेवल गरी २२२ गरी जम्मा ३६४ विद्यार्थीहरु अध्ययनरत रहेकाछन् ।यो सङ्ख्या मेचीनगर नगरपालिकाको विद्यालय शिक्षामा रहेको कूल सङ्ख्याको १.०७ प्रतिसत र कक्षा ११ र १२ को विज्ञान समूह पढ्ने सङ्ख्या थप गर्ने होभने यो प्रतिसत १.६ हुनजान्छ ।यो सङ्ख्यालाई वृद्धि गरी बढी भन्दा बढी विद्यार्थीलाई प्राविधिक शिक्षाका साथै व्यवहारिक र गरीखान सक्ने शिक्षामा जोड्नु अति आवश्यक भएको छ ।

### ३.७.३ उद्देश्यहरु

१. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु,

२. प्रविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु,

३. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका अवसरहरुलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु।

### ३.७.४ रणनीतिहरु

१. स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिपको अवसर सृजना गर्ने।

२. प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरुसँग समन्वय गर्ने।

३. प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने।

४. आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने।

५. प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने।

६. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपप्रदायक संस्थाहरुको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने।

७. प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रहरु कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरुमा केन्द्रित गर्न पहल गर्ने।

८ प्राविधिक तथा व्यवसायिक शिक्षाको ज्ञानलाई सिपमा, सिपलाई श्रममा र श्रमलाई रोजगारीमा परिणत गरिने छ।

## ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

1. उत्पादनशील जनशक्तिले आवश्यकतानुसारका प्रविधिक तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रहरुमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिकस्तर सुधार भएको हुनेछ।

### प्रमुख नतिजाहरु

१. यस मेचीनगर नगरपालिकामा रहेको मेची पोलिटेक्निक इन्ष्टिच्यूटबाट सञ्चालन हुने कार्यक्रमहरुको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुनेछ ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरुलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिनेछ ।
३. पालिका भित्र रहेका सिपहरुको पहिचान गरी त्यस्ता सिपहरुलाई प्रमाणीकरण तथा प्रवर्द्धन गर्दै लगिनेछ ।
४. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सिर्जना हुनेछ ।
५. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, नीजि तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि भएको हुनेछ।
६. उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि भएको हुनेछ ।

### प्रमुख क्रियाकलाप र लक्ष्य -

| क स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन | सङ्ख्या | | १ | | | १ | २ | ५ | न पा |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको भौतिक पुर्वाधार विकास | आवश्यकतानुसार | १ | | १ | | १ | ३ | ५ | नपा तथा नेपाल सरकार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | छोटो अवधिका तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा तथा विद्यालय |
| ४ | प्राविधिक धार सञ्चालन भएका विद्यालयमा शिक्षक व्यवस्थापन | आवश्यक तानुसार | १ | | १ | | १ | ३ | ५ | न पा तथा विद्यालय |
| ५ | पालिकास्तरमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | | १ | | | | १ | १ | न पा |
| ६ | पालिका भित्र रहेका परम्परागत सिपहरुको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन कार्यक्रम | पटक | | १ | | | १ | २ | ५ | न पा |
| ७ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी प्रमाणीकरण तथा उपयोगसम्बन्धी कार्यक्रम | पटक | १ | | १ | | १ | ३ | ५ | न पा |
| ८ | आर्थिक रुपमा पिछडिएका प्रतिभा तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका तथा महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था | आवश्यक तानुसार | १ | | १ | | १ | ३ | ५ | न पा |
| ९ | व्यवसायिक शिक्षाको ज्ञानलाई सिपमा, सिपलाई श्रममा र श्रमलाई रोजगारी कार्यक्रम कार्यान्वयन | पटक | १ | | १ | | १ | ३ | ५ | न पा |
| १० | सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा दिएका विद्यार्थीका लागि छोटो अवधिको सिपमूलक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा र विद्यालय |

# परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ शैक्षिक समता र समावेशीकरण

### ४.१.१ परिचय

सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपले विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ। प्रत्येक बालबालिकाको शैक्षिक अधिकार प्राप्तिका लागि समातामुलक पहुँच भएको शिक्षा प्रणाली नै समावेशी शिक्षा हो।

बालबालिकाहरुमा भएका विविधताको आधारमा सबैका लागि अनुकूल हुने सिकाइ पद्धति विकास गर्नु र सबै बालबालिकालाई सम्मानपूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको मूल मर्म हो। सामाजिक आर्थिक स्थिति, लैङ्गिकता, भाषा, जातजाति,तथा विभिन्न भौगोलिक अवस्थिति तथा विभिन्न प्रकारका अपाङ्गताका आधारमा गुणस्तरीय शिक्षाको अवसर, पहुँच र उपलब्धिमा रहेको असमानतालाई निराकरण गरी पूर्ण समानताको स्थितिमा ल्याउनका लागि अवलम्वन गरिने उपाय वा थप अवसर नै समता हो। कतिपय बालबालिकाहरु भौगोलिक, आर्थिक, सामाजिक, भाषिक तथा अपाङ्गताको कारणले विद्यालयको पहुँचमा आउन सकेका छैनन्। यस्तो अवस्थालाई सम्बोधन गर्न विशेष व्यवस्था गरी शिक्षा प्रणालीको मूलधारमा समावेश गर्नुपर्ने देखिन्छ। अपाङ्गता भएका बालबालिकाहरुले पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा सबैभन्दा बढी चुनौतीको सामना गर्नु छ।

### ४.१.२ वर्तमान अवस्था

मेचीनगर नगरपालिका एक बहुजातीय,बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक नगरपालिका हो। यहाँ लिङ्गको आधारमा महिलाको जनसङ्ख्या पुरुषको भन्दा बढी छ। बाम्हण, क्षेत्रीको तुलनामा जनजाति, दलित, सिमान्तकृत वा अन्य जातीको शैक्षिक अवस्था तुलनात्मक रुपमा कम देखिन्छ। विद्यालयमा छात्राहरुको सहभागिता उत्साहजनक रहेको छ। भाषिक रुपमा नेपाली भाषा बाहेकका अन्य मातृभाषा भएका बालबालिकाहरुमा भाषिक असक्षमता हुने र सिकाइ ढिलो हुने समस्या हुन्छ। साथै अपाङ्गता भएका बालबालिकाहरुका निम्ति शैक्षिक पहुँच र गुणस्तरमा झन जटिल समस्या देखिएको छ। विद्यमान अवस्थामा शिक्षामा समतामूलक पहुँच पुर्‍याउन यस नगरपालिकाबाट केही प्रयासहरु भएतापनि पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन। विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छोडी तह पूरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ।

विविधताको सम्मान गर्दै शिक्षामा सबैको पहुँच पुर्‍याई सहभागितामूलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरुलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरुलाई सम्बोधन गर्नका लागि यो योजना केन्द्रित रहेको छ।

### ४.१.३ उद्देश्यहरु

१. लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,

२. विद्यालयमा कुनैपनि प्रकारका विभेद, भय, दुर्व्यवहार तथा त्रास मुक्त सिकाइ वातावरणको सुनिश्चितता गर्नु,

३. लक्षित समूहका बालबालिकाहरुको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु।

### ४.१.४ रणनीतिहरु

मेचीनगर नगरपालिकाले तय गरेको समावेशी शिक्षाको उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्वन गरिनेछ :-

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरु पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउने।

२. अपाङ्गता भएका बालबालिकाहरुका लागि छात्रावास सहितको विशेष विद्यालय सञ्चालन गर्ने

३. शिक्षकहरुका लागि समावेशी शिक्षा सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने।

४. छात्रवृत्तिलाई विपन्न लक्षित गरी आर्थिक रुपले विपन्न, सुविधा विहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरु सहभागी हुने व्यवस्था गर्ने।

५. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने.

६. दलित, महिला, जातजाति तथा अपाङ्गताको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरुसँग सहकार्य तथा समन्वय गर्ने।

७. पाठ्यक्रममा स्थानीय भाषा, सँस्कृति, भूगोल इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषय गर्ने।

### ४.१.५ उपलब्धिहरु, मुख्य मुख्य नतिजाहरु, प्रमुख क्रियाकलापहरु र लक्ष्य

**उपलब्धिहरु**

१.विद्यालय तहको शिक्षामा समतामूलक र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ।

**मुख्य नतिजाहरु**

१. महिला, दलित, जनजाति अपाङ्गता भएका तथा आर्थिक रुपले विपन्न सबै बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन्।

२. सबै बालवालिकाहरुको सिकाइमा सहभागिता वृद्धि गरी शैक्षिक उपलब्धिमा सुधार हुनेछ।

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार तथा हेपाइरहित बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गमैत्री शैक्षिक वातावरण सिर्जना हुनेछ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य निर्धारण**

| क स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | १ | १ | १ | १ | जम्मा | | |
| १ | विद्यालयमा बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक संरचना निर्माण | सबै विद्यालय | ६ | ४ | ४ | ४ | ४ | २२ | ४२ | न पा तथा विद्यालय |
| २ | समावेशी तथा समतामुलक शिक्षा सम्बन्धि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा |
| ३ | शिक्षाको अवसर बाट बन्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरु तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | न पा |
| ४ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध। | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | न पा |
| ५ | बालबालिकाहरुको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामाग्री तथा अन्य आवश्यक सामाग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरुलाई समावेश | पटक | १ | १ | | १ | | २ | ५ | न पा |

## ४.२ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहन गर्दछ।

विद्यालय दिवाखाजा कार्यक्रम नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्य सम्प्रभुतालाई मौलिक हकको रुपमा स्वीकारेको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ एवम् बालबालिका सम्बन्धी अन्य कानुनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्यसम्प्रभूता सम्बन्धी अधिकार स्थापित गरेको छ। विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, नियमित अनुपस्थित हुन तथा बिचैमा विद्यालय छाड्ने दर घटाई सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ।

स्वास्थ्य पोषण तथा केही रणनीति तथा  क्रियाकलाप योजना , बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा खण्डमा पनि समावेश गरिए पनि उल्लेखित उपक्षेत्रसँग अन्तरसम्बन्तधित विषयका रुपमा विद्यार्थीको विकास र सिकाइलाई सहयोग पुग्ने विद्यार्थी सहायता प्रणाली मध्ये एक महत्वपूर्ण प्रणाली विद्यालयमा आधारित स्वास्थ्य तथा विद्यालय दिवा खाजा सहित पोषण सम्बन्धी योजनाको समग्र विषय यस खण्डमा प्रस्तुत गरिएको छ।

### ४.२.२ वर्तमान अवस्था र चुनौतीहरु

#### विद्यालय खाजा

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाहरूका छानिएका विद्यालयहरूमा विश्वखाद्य कार्यक्रमको अनुदानमा आधारित दिवाखाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा सञ्चालन हुँदै कर्णाली र सुदूरपश्चिम प्रदेशका आठ जिल्लामा खाद्यन्न अनुदानमा दिवाखाजा कार्यक्रम सञ्चालित छ भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवाखाजा कार्यक्रमलाई विस्तार गरी आ.ब.२०७७।२०७८ मा सामुदायिक तर्फका पूर्वप्राथमिकदेखि आधारभूत तहको कक्षा ६ सम्मका सबै विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरिएको छ। नेपाल सरकारले प्रारम्भिक बालविकासदेखि कक्षा ६ सम्मका सार्वजनिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट व्यवस्था गर्नु महत्वपूर्ण उपलब्धि रहेको छ। विद्यालय दिवाखाजाले विद्यार्थीमा नियमितता भई

सिकाइस्तरमा समेत प्रगति हुने अवस्था देखिएको हुनाले यस कार्यक्रमलाई महत्वका साथ निरन्तरता दिनु आवश्यक देखिएको छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवनयापन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले स्वास्थ्य तथा पोषणको महत्वपूर्ण स्थान रहनेछ।नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार पारेको राष्टिय पोषण रणनीतिमा १३ वटा स्वास्थ्य तथा पोषण सम्बन्धि रणनीतिहरू तय गरेकोमा त्यस मध्ये एउटा रणनीति विद्यालय स्वास्थ्य तथा पोषणसँग सम्बन्धित थियो । यसले विद्यालयका बालबालिकाहरूको कुपोषण घटाउने र विद्यार्थीहरूको विद्यालय भर्ना र दैनिक उपस्थितिमा सुधार गर्ने लक्ष्य थियो।

दिवाखाजा लगायतका वालस्वास्थ्य तथा पोषणलाई नेपालका विभिन्न कानून तथा नीतिहरूमा समावेश गरिएको छ।यस क्रममा नेपालको पन्ध्रौं योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिने उल्लेख छ भने कतिपय प्रदेशहरूले यो कार्यक्रम स्थानीय कार्यविधि बनाएर क्रमशः लागु गर्न थालिसकेको र हाम्रो नगरपालिकामा समेत सुरु भैसकेको छ।यस योजनाले बालबालिकाको स्वास्थ्य तथा पोषणमा तथा स्वच्छता खाद्यसम्प्रभुतालाई नीतिगत प्राथमिकता दिए पनि कसरी विद्यालयहरूसँग जोड्ने भन्ने रणनीतिहरूले स्पष्ट पारेको देखिदैन।राष्टिय योजना आयोगको संयोजकत्वमा तयार गरिएको बहुक्षेत्रीय पोषण योजना दोस्रो, सन् २०१८ (२०२२ ले विभिन्न क्षेत्र बीचका कार्यक्रम एकीकृत गर्ने, यस सम्बन्धी नीति तथा रणनीति निर्माण र कार्यक्रममा समन्वय संयन्त्र बनाए पनि एकातिर क्षेत्रगत उत्तरदायित्वमा रहने हुनाले समन्वयात्मक कार्यप्रभावकारी हुन सकेको देखिदैन भने विद्यालयसँग यस बहुक्षेत्रीय पोषण योजनाको भरपर्दो सम्बन्ध स्थापित हुन सकेको छैन।यसले पोषणमा बढी महत्व दिने हुँदा बालबालिकाको स्वास्थ्य पोषण, दिवाखाजा र सरसफाइ एवं स्वच्छतालाई अन्तरसम्बन्धित तथा आबश्यकताका आधारमा एकीकृत गर्न प्रयाप्त हुने देखिदैन।विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि जुका नियन्त्रक सुक्ष्म पोषकतत्व, तथा दृष्टि, श्रवणको जाँच स्वास्थ्य तथा पोषण शिक्षा प्राप्त गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उद्देश्य राखी विभिन्न रणनीतिहरू प्रस्ताव गरिएका थिए।यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने हुँदा कार्यक्रमको नतिजामा एकरुपता देखिएको छैन ।विशेषतः विद्यालय र स्थानीय सरकार एवं स्वस्थ्य संस्थाको सक्रियता स्वेच्छिक सहकार्यमा यी कार्यक्रमको प्रभावकारीतामा निर्भर भएको देखिन्छ ।

**सरसफाइ र स्वच्छता**

विद्यालयमा हुने सरसफाइ र स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट देखिन्छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नका लागि साथै परिवार तथा समुदायमा सकारात्मक प्रभाव पार्दछ। बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो भने दिगोविकास लक्ष्य नं. ४ र ६ अन्तरगत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सुचाङ्कहरू पनि तोकिएका छन। तत्कालिन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरूमा शुद्ध खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरेअनुसार सबै विद्यालयहरूमा हुनुपर्ने माथि उल्लेख गरिएका सुविधाहरू साथमा छात्राछात्रको सङ्ख्याको आधारमा अलग अलग शौचालय, हरियाली स्वच्छ वातावरणका साथमा अपाङ्गता तथा फरक क्षमताका सबै बालबालिकाहरूलाई सहज हुने गरी व्यवस्थापन हुनुपर्ने, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन शिक्षाको प्रबन्ध पनि अनिवार्य हुनुपर्नेछ। स्वच्छता लगायतका माथि उल्लेखित सुविधाहरूमा गुणस्तरीयता दिगोपना विद्यालयहरूमा व्यवस्थापन भएका र भविष्यमा व्यवस्थापन गरिने सबै कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था आवश्यक देखिन्छ। सबैतहका विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गर्ने कार्यविगत केही बर्षदेखि लागु भएको हो र हालप्रायः सबै विद्यालयमा यो सुविधा उपलब्ध छ। तर पनि विद्यार्थी सङ्ख्याको अनुपातमा धेरै विद्यालयमा समस्या देखिएको छ भने अधिकांस विद्यालयमा अझै अपाङ्गतामैत्री भएका छैनन। विद्यालयमा महिनावारीको समयमा सुरक्षित तथा सहज रुपमा स्यानीटेरी प्याडको वितरण तथा परिवर्तन गर्ने अलग अलग कोठाहरू छैनन भने धेरै विद्यालयहरूमा महिनावारी स्वच्छता सम्बन्धी शिक्षा तथा परामर्श दिने गरिएको छैन। सबै विद्यालयहरूमा यसपालिका भित्र वातावरणीय सरसफाइ हरियाली वातावरण स्वच्छताको सुविधा प्रदानगर्न सकिएको छैन। अधिकांश विद्यालयमा खाजाघरको अभाव देखिएको छ। विपद व्यवस्थापन सम्बन्धित केही कार्य गरिए पनि महामारी तथा स्वास्थ्य संकट बारे थप कार्य प्रभावकारी रुपमा गर्नुपर्नेछ।

### ४.२.३ उद्देश्यहरु

यस योजनाले विद्यालय स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी निम्नलिखित उद्देश्यहरू निर्धारण गरेको छ :-

- विद्यालयका बालबालिकाहरुलाई स्वास्थ्य तथा पोषणयुक्त आहाराको सुनिश्चितता गर्नु,
- विद्यालयमा कार्यान्वयनमा रहेको दिवाखाजा कार्यक्रमको कार्यन्वयनमा सुधार ल्याउनु,

- विद्यालयका बालबालिकाहरूको स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु।

### ४.२.४ रणनीतिहरू

योजनाका उदेश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अबलम्बन हुनेछन :-

- शिक्षा स्वास्थ्य, पोषण र स्वच्छता समेत समेट्ने गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति २०७६ को पुनरावलोकन तथा वर्तमान अवस्थाको सन्दर्भमा अध्यावधिक गर्दै केन्द्रिय सरकारको नीति प्रतिकूलन हुने गरी कानूनी मान्यता सहितको नियामक ढाँचा कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गर्ने।
- बालबालिकाका लागि विद्यालयमै सफा तथा ताजा पोषिलो खाजा तयारीको लागि चाहिने भान्सा भण्डार, सफा खानेकोठा, समूहमा हात धुने बानीको विकास लगायतका सुविधा विस्तार गर्ने।
- दिवा खाजा कार्यक्रमलाई क्रमशः आधाभूत तह सम्मका सबै बालबालिकाहरूलाई र अभिभावकको संलग्नतामा माध्यमिक तह सम्म बिस्तार गर्दै लगिनेछ।विद्यार्थीले दिवाखाजा पाउने कुरालाई अधिकारका रुपमा स्थापित गर्ने।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा खाजाकोठा छात्राका लागि सेनिटेरी प्याड परिवर्तन गर्ने अलग अलग कोठाकोठाको व्यवस्था सहितको शौचालय, हात धुने साबुन, पानी, रुमाल आदिको व्यवस्थापन गरी अपाङ्गमैत्री एवं विद्यालय परिसरको घेराबाराको व्यवस्थापन गर्ने।
- विद्यालयहरूमा प्राथमिक उपचार सम्बन्धी बाकस, फोलिक एसिड, आइरन, जुकाको औषधि, स्यानिटरी प्याड जस्ता सामग्री स्थानीय स्वास्थ्य कार्यालयको समन्वयमा नियमित वितरणलाई प्रभावकारी बनाउने।
- विद्यालयमा खाद्य सुरक्षा सरसफाइ तथा स्वच्छता किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गरी स्वास्थ्य तथा कृषि शाखासँगको साझेदारीमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।
- दिवाखाजाको लागि स्थानीय उत्पादनमा आधारित कृषि उत्पादनलाई प्रोत्साहन गर्ने गरी आवश्यक प्रविधिलाई सञ्चालन गर्न स्थानीय क्षमता अभिवृद्धि गर्ने।
- दिवाखाजा सहितको स्वास्थ्य पोषणका कार्यक्रममा स्थानीय अभिभावकको सहभागिता र सहयोगको साझेदारीमा आवश्यक संयन्त्रको विकास गर्ने।
- समस्त कार्यको अनुगमन तथा मूल्याङकनका लागि स्थानीय शिक्षा, कृषि, स्वास्थ्य शाखाहरु र सम्बन्धित जनप्रतिनिधिहरूको प्रत्यक्ष संलग्नतामा सहकार्य गर्ने।

- दिवाखाजा लगायतका स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाउने।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*उपलब्धि*

- सबै विद्यालयमा सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा गुणस्तरीय सुरक्षित तथा अपाङ्गमैत्री एवं मनोरञ्जनात्मक सिकाइ वातावरणमा सर्वशुलभता पहुँच टिकाउ तथा स्थायित्व सहित समान सहभागिता हुने।

*प्रमुख नतिजाहरू*

- विद्यालय स्वास्थ्य तथा पोषण रणनीति अध्यावधिक तथा परिमार्जन सहित दिवाखाजा र सरसफाइ र स्वच्छता सम्बन्धी स्पष्ट भूमिका तथा जिम्मेवारी निर्धारण तथा कार्यन्वयन हुनेछ।
- विद्यालय खाजालाई बालबालिकाको अधिकारको रुपमा कानूनी प्रवन्ध हुनेछ।
- दिवाखाजाका लागि गुणस्तरीयता कायम गर्न आवश्यक ढाँचाको कार्यविधि हुनेछ।
- प्रारम्भिक कक्षादेखि आधारभूत तहसम्मका सामुदायिक विद्यालयहरूमा सबै बालबालिकाका लागि स्वस्थकर खाजा स्थानीय रुपमा उत्पादित र नगरपालिका मार्फत विद्यालयबाट प्राप्त हुनेछ।
- सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै बालबालिकाहरूलाई अभिभावकको सहभागितामा दिवाखाजा प्राप्त हुनेछ।
- दिवाखाजा सहितको विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यन्वयन गर्न व्यवस्थापनका लागि व्यवस्थापन समिति स्थानीय जनप्रतिनिधिहरू र अभिभावकहरूको संयुक्त संस्थागत प्रबन्ध सहित स्वस्थ्यकर्मीको समेत व्यवस्था हुनेछ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा खाजा कोठा शौचालय, सेनिटरी प्याड परिवर्तन गर्ने कोठा, विद्यालय घेराबारा, साबुन पानीले हातधुने अवस्थाको प्रर्याप्त सुविधा सहित विद्यालयमा सरसफाइको प्रबन्ध हुनेछ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार सम्बन्धी बाकस, स्वास्थ्य जाँचको अध्यावधिक, उल्लेखित औषधिहरू तथा सेनिटरी प्याडको समेत समुचित व्यवस्थापन हुनेछ ।
- विद्यालयहरूमा आधारभूत कुराहरू जस्तै स्वस्थ, खाद्यसुरक्षा र सफाइ स्वच्छता किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्राप्त हुनेछ।
- दिवा खाजालाई दिवाखानाको रुपमा व्यवस्था गरिएको हुनेछ।

**मुख्य मुख्य क्रियाकलापहरु तथा लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवाखाजा कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका विकास र वितरण | दस्तावेज संख्या | १ | | | | | १ | १ | संघीय, प्रादेशिक र स्थानीय सरकार |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| ४ | स्वास्थ्य पोषण सम्बन्धित सचेतनामूलक कार्यक्रम | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | दिवाखाजा वितरण तथा स्वास्थ्य सम्बन्धि कार्यहरुको प्रभावकारीताको लागि विद्यालयस्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | पटक | २ | २ | ३ | ३ | ५ | १५ | ४२ | संघ र स्थानीय तह |
| ६ | एक विद्यालय एक स्वास्थ्य किट व्यबस्थापन | सबै विद्यालय | ६ | ४ | ४ | ४ | ४ | २० | ४२ | विद्यालय तथा न.पा. |
| ७ | स्थानीय र परम्परागत खाद्यान्नको उपयोगिता सम्बन्धी अभिमुखीकरण | भौगोलिक क्षेत्र | १ | १ | १ | १ | १ | ५ | ५ | नपा तथा वडाहरु |

## ४.३ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.३.१ परिचय

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्नपाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुख्य उद्देश्य सङ्कटपूर्ण अवस्थामा बालबालिका लगायत शिक्षासंग सम्बद्ध व्यक्ति परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोग, महामारी आदि बाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणामा सम्भावित जोखिमको पूर्व तयारी, तत्कालको व्यवस्थापन र क्षतिको परिपूरण गर्ने कार्यढाँचा समेत समेटिनु पर्दछ।

### ४.३.२ वर्तमान अवस्था

प्राकृतिक प्रकोप तथा विभिन्न विपतका माहामारीको कारणले आईपर्ने चुनौतीसँग सामना गर्नका लागि मेचीनगर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरुमा भौतिक संरचनाहरुको निर्माण भइरहेको साथै बाढि, पहिरो, हावाहुरी, भुकम्प, कोरोना तथा आगलागी जस्ता अकल्पनीय घटना तथा माहामारीबाट विद्यालयमा अध्ययनरत बालबालिकामा पर्न जाने समस्या अझै पनि रहि आएको छ । जसको लागि विद्यालय शिक्षासँग सम्बन्धित

सबै निकाय तथा सरोकारवालाहरुबाट यी कारणबाट कुनै पनि समस्या निम्तिन नदिन दीर्घकालीन योजना बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता देखिन्छ।

सरकारले आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा सम्बन्धी विभिन्न नीतिगत व्यवस्था गरेको छ। भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७, मा बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्थापन गर्नुपर्ने उल्लेख गरिएको छ। त्यस्तै विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८, अनुसार विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनीतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिनुपर्ने उल्लेख गरिएको छ। बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७, विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१, बृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८, बृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७, तथा बृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्याविधि २०१८ मा पनि विद्यालयमा जोखिम न्यूनीकरण, विद्यालयको प्रभावकारिता तथा समावेशीकरण, लैङ्गिक समता, स्वास्थ्य सुरक्षा र बचावट जस्ता विषयलाई प्राथमिकतामा राखी विद्यालयमा हुन सक्ने आपतकालीन सङ्कट न्यूनीकरण तथा सङ्कटपूर्ण अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन विभिन्न वैकल्पिक व्यवस्था गर्नपर्ने उल्लेख गरिएको छ।

स्थानीय तहले विद्यालयमा आईपर्ने विभिन्न सङ्कटकालीन अवस्थामा शिक्षण सिकाइ प्रक्रियालाई निरन्तरता दिनका लागि आफ्नो पालिकामा अनुकूल हुने गरी वैकल्पिक व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ४.३.३ उद्देश्यहरु

आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा शिक्षाका उद्देश्यहरू निम्नानुसार तय गरिएका छन -

- विद्यालय शिक्षामा सम्भावित सङ्कटपूर्ण अवस्थाको सामनाको लागि भौतिक मानवीय र आर्थिक श्रोतको तयारी गर्नु,
- सङ्कटपूर्ण अवस्थामा पनि शिक्षण सिकाइको उचित वातावरण तयार गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु।

### ४.३.४ रणनीतिहरू

- शिक्षा क्षेत्रमा प्रभाव पार्ने सङ्कटहरूको मूल्याङ्कन तथा विश्लेषण गर्ने।
- स्थानीय तह तथा विद्यालयहरूले सङ्कटको मूल्याङ्कन गरी आफ्नो योजना तयार गर्ने।
- विपद् प्रतिरोधी भौतिक पुर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने।
- विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकार र गैरसरकारी क्षेत्रलाई सङ्कट रोकथाम, प्रतिकार्य र पुनर्स्थापनाका लागि क्षमता विकास गर्ने।

- माहामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायको तयारी गर्ने।
- प्राकृतिक प्रकोप तथा जोखिम न्युनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याउने ।
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहात सामग्रीको प्रबन्ध गर्ने।

### ४.३.५. मुख्य उपलब्धि, क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

- आपतकालिन तथा सङ्कटपूर्ण परिस्थतिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरिनेछ।

**नतिजा**

- विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य योजना बन्नेछन्।
- पुनरोत्थानको योजना तथा क्षमता विकास हुनेछ।
- आवश्यक भौतिक मानवीय र आर्थिक स्रोतको व्यवस्थापन हुनेछ।
- महामारीको समयमा पनि स्वास्थ्य उपचार सहित सिकाइ निरन्तर हुनेछ।
- युद्ध, सामाजिक द्वन्द्व, हिंसा तथा बसाइसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुनेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण**

| क स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | | १ | | | | १ | | न पा |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | तीनै तहका सरकार |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | तीनै |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | तहका सरकार |
| ४ | शिक्षक तथा वि व्य स तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न पा |
| | | | | | | | | | | |

## ४.४. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.४.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफा र पिउनका लागि योग्य खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधा जनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रतिविद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुककर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति , यस नगरपालिकाको शिक्षा सम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरिएको छ।

यस खण्डमा मेचीनगर नगरपालिका भित्र रहेका विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दशवर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख लक्ष्य उल्लेख गरिएको छ।

### अवसर र चुनौतीहरू

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् :–

- भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका बढाउनु।
- पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु।
- सुरक्षित विद्यालय पूर्वाधार विकास एंव विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्नु।
- आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्नु।

- पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री बनाउनु।

### ४.४.२ वर्तमान अवस्था

यस मेचीनगर नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुको भौतिक अवस्था यस प्रकारको रहेको छ :–

जम्मा विद्यालय सङ्ख्या १०५ सामुदायिक ४२ संस्थागत ५८ र धार्मिक ४ रहेकाछन् ।यीमध्ये ४२ विद्यालयहरुमा रहेका कक्षाकोठाको सङ्ख्या ६०६ रहेकोमा ५३९ कक्षाकोठा पठनपाठनका लागि र अन्य प्रयोजनका ६७ वटा रहेका छन् ।तीमध्ये प्रायः सबै पक्की रहेकाछन् ।मेचीनगरका सामुदायिक विद्यालयमा २० वटा विद्यालयमा पुस्तकालय रहेका छन् भने कार्यालय प्रयोजनका लागि करीव १०० कोठा उपयोगमा रहेका छन् ।

मेचीनगरमा सञ्चालित सामुदायिक विद्यालयहरुमध्ये मर्मत गर्नुपर्ने विद्यालय सङ्ख्या ८२ रहेकाछन् भने विद्यालय भवन पुन:निर्माण गर्नुपर्ने करीव २० वटा र विद्यालयका अधुरा भवन सम्पन्न गर्नुपर्ने सङख्या १० रहेकाछन् ।त्यसैगरी १५ वटा सामुदायिक विद्यालयका शौचालय निर्माण गर्नुपर्ने १५ वटाको मर्मत र १५ विद्यालयमा सुलभ खानेपानीको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ ।

### ४.४.३ उद्देश्य

- सुरक्षित तथा तोकिएको मापदण्ड बमोजिमको भौतिक पूर्वाधारको विकास गरी सिकाइ वातावरण निर्माणमा सहयोग गर्नु।
- सबै विद्यालय भवनहरु वालमैत्री र समयसमयका आवश्यकता अनुसार मर्मत गर्नु ।

### ४.४.४ रणनीतिहरू

- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने।
- विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने।
- विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, शुद्धखानेपानी विव्यस कक्ष,व्यवस्थित शौचालय,भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरी डिजाइन गर्ने।
- प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गर्ने।
- पूर्वाधार निर्माण सँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने।
- पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गर्ने।
- आंशिक रुपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू

**उपलब्धि**

- नगरपालिका भित्रका सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ।
- विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुनेछन्।

**नतिजाहरु**

- मेचीनगर नगरपालिका अन्तर्गत भौतिक पूर्वाधारको आवश्यकता र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार हुनेछ।
- पूर्वाधार विकासका लागि स्रोत र जिम्मेवारीको बाँडफाँट सहितको कार्यान्वयन प्रारुप विकास हुनेछ।
- नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुनेछ।
- पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड तथा स्तरीकरणका सूचक तयार हुनेछ।
- सबै विद्यालयको क्षेत्र भित्र घेराबारा प्रवेश गेट निर्माण भएको हुनेछ।
- विद्यालयका भौतिक पुर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री हुनेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्वाधार बिकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | | १ | | | | १ | १ | न पा |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | | | | १ | १ | न पा |
| ३ | विद्यालयको मर्मत सम्भार र सम्बर्द्धन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | आवश्यकतानुसार | १ | १ | १ | १ | १ | ५ | १० | नपा |
| ५ | अपाङ्गतामैत्री, लैङ्गिकमैत्री संरचनाको विकास | विद्यालय सङ्ख्या | | २ | ३ | ३ | ४ | १२ | ४२ | तिनै तहका सरकार |
| ५ | अपाङ्गतामैत्री, लैङ्गिकमैत्री संरचनाको विकास | आवश्यकतानुसार | १ | १ | १ | १ | १ | ५ | १० | तिनै तहका सरकार |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन मर्मत | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | तिनै तहका सरकार |

## ४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.५.१ परिचय

सूचना तथा सञ्चार प्रविधि समाजका विविध आयामहरूमा अपरिहार्य भए जस्तै शिक्षा क्षेत्रमा समेत अपरिहार्य बनिसकेको छ। शिक्षा क्षेत्रमा सूचना तथा प्रविधिको प्रयोगलाई नियाल्ने हो भने यसको प्रयोग शिक्षाक्षेत्रको व्यवस्थापकीय पक्षमा र शिक्षण  सिकाइको दुवै पक्षमा भइरहेको छ। शिक्षण सिकाइको पक्षबाट हेर्दा सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न तथा विद्यार्थीहरूले स्वअध्ययनका लागि प्रयोग भएको पाउन सकिन्छ। व्यवस्थापकीय र प्रशासनिक पक्षबाट हेर्दा तथ्याङ्क व्यवस्थापन गर्न, अनुगमन र मूल्याङ्कन गर्न, तालिम, सेमिनार तथा सम्मेलन आयोजना गर्न तथा शैक्षिक सुशासन कायम गर्नको लागि सूचना तथा सञ्चार प्रविधिलाई प्रयोग गरिएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकासक्रम हेर्दा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको योजना २०१३-२०१७ ले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको सम्बन्धमा मार्गदर्शक सिद्धान्तहरू विकास गरेको थियो। ती मार्गदर्शक सिद्धान्तहरू आजको सन्दर्भमा समेत उत्तिकै सान्दर्भिक रहेका छन्। उक्त गुरुयोजनाले निर्धारण

गरेका उद्देश्यहरूमा सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत साक्षरताका रूपमा विकास गरी डिजिटल डिभाइड कम गर्ने, शिक्षामा समतामूलक पहुँच पुर्‍याई गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रवाह तथा प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका थिए। यसका लागि उक्त गुरुयोजनाले पहिचान गरेका चारवटा क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोतविकास गर्ने, डिजिटल सामग्री विकास गर्ने, शैक्षिक पद्धति तथा व्यवस्थापनमा सुधार गर्ने थिए। यस गुरुयोजनाको सन्दर्भ हाल समेत रहेको पाउन सकिन्छ।

कोभिड -१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपद र महामारीमा पनि  शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ। यस सन्दर्भमा भइरहेको क्षमताको आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त सक्षमता र संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि यस पहुँच पुग्ने गरी शिक्षामा सूचना र सञ्चार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्य रहेको छ।

यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरूको पहिचान गरीएको छ पहिचान गरिएका चुनौतिहरूको सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरिएको छ। तथापि यस परिच्छेद अन्तरगतका योजनाको खाका छुट्टै विषय क्षेत्र अन्तरगत नपर्ने हुनाले सान्दर्भिकताका आधारमा सूचना तथा प्रविधि सम्बन्धी समग्र योजना निर्माण गरी सम्बन्धित विषय क्षेत्रसँगै सम्बन्ध गराइनु पर्दछ।

## अवसर र चुनौतीहरू

यस  प्रकारका  राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी निम्नलिखित  चुनौतीहरू पहिचान गरिएको छ :–

- सूचना तथा सञ्चार प्रविधि सम्वन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट  कनेक्टिभिटि लगायतका प्राविधिक पूर्वाधारको  पहुँच सबै विद्यालयमा पुर्‍याउने,
- सूचना तथा सञ्चार प्रविधि सम्वन्धी उपकरणको व्यवस्थापन, त्यसको सञ्चालन र प्रयोगका  लागि क्षमता विकास गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु,
- अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री  विकास र प्रयोग गर्नु,
- अन्तरक्रियात्मक सफ्टवेयरमा लाग्ने खर्च व्यवस्थापन गर्नु,
- सूचना तथा सञ्चार  प्रविधिको लागत  प्रभावकारिता वृद्धि गर्ने,
- सवै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,

इन्टरनेट सेवा प्रदायक संस्था र नगरपालिका विचमा समन्वय स्थापना गर्नु

### ४.५.२ वर्तमान अवस्था

राष्ट्रिय रूपमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तार भएको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति कानुन तथा रणनीतिहरूको व्यवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने हुन्छ। नेपालले ब्रोड ब्यान्ड नीति २०७१ ल्याएको छ। जसले विद्यालयमा कनेक्टिभिटी र सुरक्षा लगायतका विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ। त्यसै गरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना र सञ्चारका संरचनामा पहुँच पुर्‍याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना कार्यान्वयन गर्ने लगायत कार्यनीतिहरू तय गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसमा सूचना र सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना र सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने, तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ।

त्यसै गरी विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ। विद्यालय क्षेत्रविकास योजनामा समावेश गरेका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमूना विद्यालयहरूमा सूचना प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने रहेका थिए।

यसका अलवा प्रदेश सरकारबाट समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विशेष जोड दिँदै विभिन्न विद्यालयहरूमा सुविधा सम्पन्न कम्प्युटर ल्याव स्थापना गर्ने कार्य अगाडि बढाइएको छ। यसका अलवा शिक्षा तालिम केन्द्रले प्रदान गर्ने शिक्षक तालिम अहिले भर्चुअल माध्यमबाट समेत सञ्चालन गर्ने गरेको छ।

### सूचना तथा सञ्चार प्रविधिलाई शिक्षामा प्रयोग गर्ने सम्वन्धमा

तथ्याङ्कगत रूपमा हेर्दा मेचीनगर नगरपालिकामा रहेका ४२ वटा सामुदायिक विद्यालयहरू मध्ये २७ वटा विद्यालयमा कम्प्युटर जडान भएको छ। यसै गरी ३३ वटा सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरिएको छ। सामुदायिक १७ विद्यालयमा कम्प्युटर ल्याव रहेको छ। ।

### अवसर र चुनौतीहरू

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :-

- सूचना तथा सञ्चार प्रविधि सम्वन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटि लगायतका प्राविधिक पुर्वाधारको पहुँच सबै विद्यालयमा पुर्‍याउने,
- सूचना तथा सञ्चार प्रविधि सम्वन्धी उपकरणको व्यवस्थापन, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु,
- अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री विकास र प्रयोग गर्नु,
- अन्तरक्रियात्मक सफ्टवेयरमा लाग्ने खर्च व्यवस्थापन गर्नु,
- सूचना तथा सञ्चार प्रविधिको लागत प्रभावकारिता वृद्धि गर्ने,
- सवै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,
- इन्टरनेट सेवा प्रदायक संस्था र नगरपालिका विचमा समन्वय स्थापना गर्नु ।

### ४.५.३ उद्देश्यहरू

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी योजनाका निम्नानुसारका उद्देश्यहरू रहेका छन् :-

- सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
- डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्‍याउने,
- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र छिटो छरितो र सस्तो बनाउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने।

### ४.५.४ रणनीतिहरू

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाउने,

- विद्यालयमा रहेका सबै शिक्षकलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम प्रदान गर्ने साथै नगरपालिका तथा विद्यालयबाट छनौट तथा नियुक्त गरिने शिक्षकहरूको लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सीप परीक्षण अनिवार्य गर्ने,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको डिजिटलप्रति विद्यार्थीहरूलाई सहजै उपलब्ध हुने व्यवस्था मिलाउने,
- स्थानीय स्तरबाट निर्माण तथा विकसित गरिएका सूचना तथा संचार प्रविधिसँग सम्बन्धित शैक्षिक सामग्रीहरू एकीकरण गरी त्यसको सहज पहुँचका लागि ई-पोर्टलको व्यवस्था गर्ने,
- विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक श्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा विस्तार मार्फत विद्यालय एवं विद्यार्थीको पहुँच विस्तार गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक सहकार्य र समन्वय गर्ने,
- सबै विद्यालयहरूले IEMIS अन्तर्गतका कार्यहरूलाई समयमा नै सम्पन्न गर्ने गरी क्षमता विकास गर्ने,
- कम्प्युटर प्रयोगशाला रहेका विद्यालयहरूमा ई-पुस्तकालय सञ्चालन गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा, क्रियाकलाप र लक्ष्य

#### उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुनेछ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

#### नतिजा

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास भई सबैको पहुँच स्थापित हुनेछ ।
- विभिन्न कक्षा तथा विषयका लागि अन्तर क्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुनेछ ।
- सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना संचार प्रविधि सम्बन्धी आधारभूत सुविधाको पहुँच पुगेको हुनेछ।
- सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुनेछन् ।
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनेछ ।

- डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधि आधारभूत पुहँच पुगेको हुनेछ।
- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र सस्तो बनाउने प्रयास हुनेछ। ,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाइनेछ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (IEMIS) सम्वन्धी कार्य विद्यालयहरू स्वयमले समयमा नै सम्पन्न गरेका हुनेछन।,
- सूचना प्रविधिको प्रयोगले विद्यालय तथा नगरपालिकाको व्यवस्थापन र सुशासनमा सुधार आउनेछ।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति, र समयको बचत हुनेछ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | कम्प्यूटर नभएका विद्यालयहरुमा संरचना र कम्प्यूटर पहुँच विस्तार | विद्यालय संख्या | २ | ३ | ३ | ३ | ४ | १५ | १५ | न. पा |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेक्टिभिटिको व्यवस्था | विद्यालय संख्या | २ | ३ | ३ | ३ | ४ | १५ | १५ | न.पा |
| ३ | नगरपालिका भित्र सञ्चालित सबै सामुदायिक विद्यालयका शिक्षकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १५ | १५ | न.पा |
| ४ | IEMIS व्यवस्थापन | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | न.पा तथा विद्यालय |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा |
| ६ | सामुदायिक विद्यालयका शिक्षकहरु बीच कार्यस्थलमै सहपाठी ICT सिप आदानप्रदान कार्यक्रम | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | वडा तथा विद्यालय |
| ७ | स्मार्ट स्कुलका लागि सहयोग | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ४२ | न.पा तथा विद्यालय |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१. परिचय

शिक्षामा स्थानीय सरकार, विद्यालय, समुदाय, गैरसरकारी सङ्घसंस्था तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन अपरिहार्य मानिन्छ । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरूको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश गरिएका हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण र उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही तथा पारदर्शी भई विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नुपर्दछ। सुशासन र व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संबैधानिक प्रावधान अनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य, मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नुपर्ने हुन्छ। योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग, समता र समावेशीताको प्रवर्द्धन, नतिजाको प्रवर्द्धन गरी शिक्षा क्षेत्रमा यस दश वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन समग्र व्यवस्थाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सम्बन्धमा वर्तमान अवस्थाको समिक्षा गरिएको छ।

बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, प्रविधि र संचारमा भएको विकास, सामाजिक सचेतनामा आएको परिवर्तन लगायतका विविध पक्षहरूलाई समेत विचार गरी संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ।

